



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९

एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)







# दुगडको फ्रुटीमा छापा

## म्याद गुज्रेका सामान भेटिएपछि सिलबन्दी




नेपाल समाचारपत्र

काठमाडौं

म्याद गुज्रेको कच्चा पदार्थ प्रयोग गरेर पेय पदार्थ उत्पादन गरेको फेला परेपछि प्रहरीले फ्रुटी कम्पनीमा सोमबार बेलुकी सिल गरेको छ।

नेपालको लोकप्रिय पेय पदार्थका रूपमा रहेको फ्रुटी उत्पादन गर्दै आएको दुगड ग्रुपले सञ्चालन गरेको उक्त कम्पनीले उत्पादन गरेका फ्रुटीलाई नियन्त्रणमा लिएर सिल गरेको महानगरीय अपराध महाशाखाले जानकारी दिएको छ।

जिल्ला प्रशासन कार्यालय काठमाडौं र महाशाखाको संयुक्त टोलीले सोमबार छापा मार्दा सो कम्पनीले म्याद गुज्रेको २ महिना बितेको कच्चा पदार्थ प्रयोग गरी फ्रुटी उत्पादन गरेको फेला परेपछि सिल गरेको महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक दिवेश लोहनीले जानकारी दिनुभयो।

(क्रमश: पृष्ठ ९ मा)

## यस्तोमा आइसक्रिम



खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहल र जिल्ला प्रशासन कार्यालय, भक्तपुरसमेतको संयुक्त अनुगमन टोलीले सोमबार सूर्यविनायक–३ भक्तपुरस्थित एक आइसक्रिम उत्पादन गर्ने पवित्र लक्ष्मी फुड प्रोडक्ट्स नामक उद्योगमा सिलबन्दी गरेको छ । सो कम्पनीले अत्यन्तै फोहोर र दुर्गन्ध फैलिएको अवस्थामा आइसक्रिम उत्पादन गरिरहेको पाइएको थियो । उत्पादनस्थलमा मुसाले माटो थुपारेको पनि भेटिएको थियो । विभागले उक्त कारखाना सिलबन्दी गरी खाद्य ऐनबमोजिम कारबाही अगाडि बढाएको जनाइएको छ ।

# दोक्लाम विवाद सल्टियो

नयाँ दिल्ली, (एजेन्सी)

भारत र चीनको दोक्लाम क्षेत्रमा बढ्दै गइरहेको तनाव अन्त्य भएको भारतले जनाएको छ। सोमबार भारतीय विदेश मन्त्रालयले वक्तव्य जारी गर्दै पछिल्ला केही साता दोक्लाम विवादबारे चीनसँग कूटनीतिक तहमा कुराकानी गरेको र दुवै देशले आ-आफ्नो चासो र चिन्ता व्यक्त गरेको जनाएको थियो।

'यही आधारमा दोक्लाममा रहेका सीमा सुरक्षा फौज तुरुन्त फिर्ता गर्न हामी सहमत भयौं र फौज फिर्ताको क्रम जारी छ।' वक्तव्यमा भनिएको छ।

चीनले भने दोक्लाममा आएका सबै भारतीय सैनिक फिर्ता भइसकेको र चिनियाँ सेनाले त्यहाँ गस्ती गरिरहेको जनाएको छ। चिनियाँ विदेश मन्त्रालयकी प्रवक्ता हुआ चुन्यिङले आफूहरूले दोक्लामका सबै ठाउँमा जाँच गरेको र भारतीय सेना त्यहाँबाट हटिसकेको बताइन्। 'चिनियाँ सैनिकले सार्वभौमिकताको रक्षाका लागि दोक्लाममा गस्ती जारी राख्नेछ।' -उनले भनिन्।

चीनसँग सीमा जोडिएको भुटानको दोक्लाम क्षेत्र लामो समयदेखि भुटान र चीन दुवैले आफ्नो भूभाग भनेर दाबी गर्दै आएका छन्। भुटानको पश्चिम-उत्तर सीमामा रहेको दोक्लाम चीनको नियन्त्रणमा छ। उक्त क्षेत्रमा सडक निर्माणका लागि चीनले गत जुन १६ मा निर्माण सामग्री र गाडी पठाएकामा भुटानले तत्काल त्यसको विरोध गरेको थियो।

जुन १८ मा डोजर लिएर २ सय ७० जना भारतीय सैनिक दोक्लाम पुगेका थिए। भारतले आफ्ना सैनिकलाई उक्त क्षेत्रमा पठाएपछि भारत र चीनबीच तनाब शुरू भएको थियो।




## भारतीय सेना फिर्ता

चीनले भारत सो क्षेत्रबाट पछि हट्ने कुराले आफू प्रसन्न भएको जनाएको छ। पछिल्लो विवाद गत जुन महिनादेखि दुई देशबीच शुरू भएको थियो। चीनले सो क्षेत्रमा बनाइरहेको सडकको अवस्था अब के हुन्छ भन्ने बारेमा भने स्पष्ट पारिएको छैन। चीनले भनेको छ- 'घटनास्थलको परिस्थिति बदलिएको छ। चीन अहिलेको अवस्थाअनुसार नै परिचालन हुनेछ।'

(क्रमश: पृष्ठ ९ मा)

# नेपालले पाएन ब्रिक्सको निम्तो

काठमाडौं, (नेस)

यसपटक चीनमा हुन लागेको ब्रिक्स सम्मेलनमा सहभागी हुन नेपालले निम्तो नपाएको बुझिएको छ। गत वर्ष भारतको गोवामा सम्पन्न ८औं सम्मेलनमा अतिथि राष्ट्रका रूपमा सहभागिता जनाएको नेपालले यसपटक भने निम्तो नपाएको हो।

(क्रमश: पृष्ठ ९ मा)




## कसले मार्ला बाजी ?

# सबैका आँखा वीरगन्जमा

कृष्णउदास खनाल, वीरगन्ज

प्रदेश नम्बर २ को एक मात्रै महानगरपालिकाको नेतृत्व हत्याउनका लागि नेपालका सबै राजनीतिक दलहरू अहिले वीरगन्ज झरेका छन्। उनीहरू वीरगन्ज मात्रै झरेका छैनन्, उनीहरूले गरिरहेको गतिविधिका कारण वीरगन्जको चुनावी सरगर्मी पनि १ सय ८० डिग्रीको फन्को मारेको पाइएको छ। भदौको दोस्रो साता लाग्दै गर्दा प्राकृतिक गर्मी भने वीरगन्जमा कम हुँदै गइरहेको छ

## गर्मी घटे पनि चुनावी सरगर्मी बढ्यो

भने चुनावी सरगर्मी भने ह्वात्तै बढेको छ। वीरगन्जलाई राजनीतिक दलहरूले आफ्नो प्रतिष्ठाको विषयसमेत बनाएका छन्। आर्थिक नगरीसहित महानगरपालिका नै भएका कारण र मधेस आन्दोलनको पनि केन्द्रबिन्दु भएका कारण वीरगन्ज सबैको केन्द्रमा परेको वीरगन्जका अधिवक्ता वीरेन्द्र यादव बताउँछन्। अहिले वीरगन्जमा सबै पार्टीका शीर्ष नेताहरू झरेर घरदैलो अभियान नै सञ्चालन गरेका छन्। वीरगन्जमा नेपाली कांग्रेसले अजय द्विवेदी, एमालेले बसरुद्दिन अन्सारी, माओवादीले रहबर अन्सारी, फोरमले विजय सरावगीलाई मेयरको उम्मेदवार बनाएको छ भने राजपाको भने मेयर पदका लागि टुंगो लाग्न बाँकी रहे पनि विमल श्रीवास्तव र राजेशमान सिंह भोट माग्न हिँडेका कारण यी दुईमध्ये एक हुने आकलन गरिएको छ।



घरदैलो गर्दै एमाले नेता माधवकुमार नेपाल । तस्वीर : नेस

राजपा पनि चुनावमा होमिएपछि भने वीरगन्जको चुनावी सरगर्मी ह्वात्तै बढेको हो। वीरगन्जको मेयर पद हत्याउनका लागि दलहरूलाई राजनीतिक दबाब नै परेको छ। कांग्रेस पुरानो पार्टी भएका कारण यदि मेयर पदमा उसले विजय हासिल गर्न नसके ऊ राजनीतिक रुपमा पराजित हुने उसको विश्लेषण छ। एमाले पर्साको सबैभन्दा ठूलो पार्टी भएका कारण मेयर पद जित्नका लागि उसलाई नैतिक दबाब परेको छ भने माओवादी केन्द्रले जितिहाल्ने अवस्था नभए पनि आफ्नो कति संगठन रहेछ वीरगन्जमा भन्ने जाँच्न चाहन्छ।

फोरम र राजपाले मधेस आन्दोलनताका वीरगन्जलाई केन्द्रबिन्दु बनाएको र मधेस आन्दोलनका क्रममा सबैभन्दा बढी ८ जनाको ज्यान नै गएका कारण वीरगन्ज कुनै पनि हालतमा जित्नै पर्नेमा उनीहरूको रणनीति देखिएको छ। पत्रकार एवम् विश्लेषक चन्द्रकिशोरले वीरगन्जको मेयर पदको पगरी कसले गुत्छ यसै भन्न सकिने अवस्था नभएको बताएका छन्।



# महानगर

2017, AUG
Tuesday
29

कीर्तिपुर नगरपालिकामा हामी जनप्रतिनिधि निर्वाचित भइसकेपछि र मैले नगरपालिकामा पद बहाली गरेको केही दिनमा नै हाम्रो नगरपालिकामा हिंसा रोकथाम तथा सेवाग्राहीको विभिन्न समस्या समाधान गर्न तत्कालै संविधानअनुसार नगरपालिकाको उपप्रमुखको संयोजकमा तीन सदस्य रहने गरी न्यायिक समिति गठन गरियो।

रेडक्रसले २१ वटा सेल्टर खोल्दै गरेको र ४१ वटा पहिला नै खुलिसकेको जनाएको छ। साथै चर्च, स्कुललगायत खुला ठाउँहरूमा पनि उद्धार गरेर जनताको सुरक्षा गर्ने र खानेपानी, आइस र खाद्यान्नका लागि विशेष प्राथमिकतामा राखेर सप्लाइ गर्न समेत सप्लायर्सलाई टेक्सास प्रान्त सरकारले आग्रह गरिसकेको छ।

# उपमेयरका १०० दिन

कीर्तिपुर नगरपालिकाका उपप्रमुख सरस्वती खड्काले कार्यभार सम्हालेको १ सय दिन पुगेको छ। के गर्नुभयो त उहाँले १ सय दिनमा ? प्रस्तुत छ, नेपाल समाचारपत्रका कीर्तिपुर संवाददाता **प्रेमकृष्ण श्रेष्ठ**सँग उहाँले गर्नुभएको कुराकानीका मुख्य अंशहरु :



**सरस्वती खड्का**
उपप्रमुख, कीर्तिपुर नगरपालिका

**१ सय दिनमा उपमेयरको हिसाबले के-के गर्नुभयो ?**

जेठ ८ गते शपथ तथा पद बहालीपश्चात यस नगरपालिकामा सर्वसाधारणको दैनिक सेवालाई चुस्त बनाउन हामीले तत्कालै हेल्प डेक्स सञ्चालन गर्यौं। यस नपामा नेवार जातिको बाहुल्यता भएकाले नेपाली र नेपाल भाषालाई कामकाजको भाषा बनायौं। कर्मचारीको कार्य क्षमताका आधारमा जिम्मेवारी दिनका लागि त्यससम्बन्धी अध्ययन गर्न १५ दिनको समयमा मेरो संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरी सम्पूर्ण कर्मचारीको क्षमता, दक्षता र कार्य सम्पादनको अध्ययन गरी प्रतिवेदन पेस गरेको केही दिनमा नै कर्मचारीलाई जिम्मेवारी बाँडफाँड गरी सेवालाई चुस्त बनाउन पाइला अगाडि बढायौं।

१५ वर्षसम्म स्थानीय निकायमा जनप्रतिनिधि नभएको अवस्थामा हामी निर्वाचित भएर गइसकेपछि जनताका गुनासा धेरै आएका थिए। विशेष गरी अंशवण्डा, पारिवारिक सम्बन्ध आदिमा। यस कुरालाई मध्यनजर गरी सर्वसाधारणको समस्यालाई समाधान गर्न तत्कालै मेरो संयोजकत्वमा नै तीन सदस्यीय न्यायिक समिति गठन गरी त्यससम्बन्धी कार्यलाई अगाडि बढाउन प्रत्येक हप्तामा दुईपटक समिति बस्ने गरी विभिन्न समस्याको छलफल गरी न्याय दिने कार्य पनि गर्दै आएको अवगत गराउँछु।

साथ साथै कीर्तिपुर नगर ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक रूपमा धनी रहेको तथा त्यसलाई संरक्षण गर्न विभिन्न कार्यक्रम गरी सर्वसाधारणलाई सचेतना जगाउने कार्य गरियो। खास गरी कीर्तिपुर प्राकृतिक रूपमा पनि मनमोहक क्षेत्र रहेकाले ती क्षेत्रलाई संरक्षण गर्न सचेतना कार्यक्रम गर्नुका साथै वृक्षरोपण कार्यक्रम पनि गरियो। विशेष गरी त्यस्ता प्राकृतिक स्रोत, पानीको मुहान तथा जंगल संरक्षण गर्नका लागि यस नगरपालिकामा रहेका सम्पूर्ण सामुदायिक वन उपभोक्ता समूहसँग छलफल गरी आवश्यक सहयोग गर्ने गरी कार्य अगाडि बढाउने काम गरेको छु।

प्रत्येक वडामा जनप्रतिनिधि निर्वाचित भइसकेको अवस्थामा निर्वाचित अध्यक्ष तथा सदस्यहरू वडा कार्यालयमा बसी सेवाग्राहीलाई सेवा दिन कतिको सहज कार्यालय भवन छ भनी निरीक्षण गर्ने कार्य पनि गरियो। साथै सहज नभएको कार्यालयका लागि सहज कार्यालय बनाउनका लागि पनि मेरो तर्फबाट काम अगाडि बढाएको कुरा राख्न चाहन्छु।

कीर्तिपुरमा रहेका खासीबजारको ऐतिहासिक तीन पोखरीमध्ये एकलाई वर्षौंदेखि डम्पिङ साइट गर्दै गरेकोमा हामीले पुनः पोखरीको स्वरूपमा नै ल्याएका छौं साथै अन्य दुई पोखरीलाई पनि मनमोहक बनाई कीर्तिपुरको रिङरोडलाई प्राकृतिक रूपमा शोभनीय बनाएका छौं।

**न्यायिक समितिमा यसपालि महिलाको बाहुल्यता छ, यसले महिला हिंसाको रोकथाममा कस्तो भूमिका निर्वाह गर्छ र आएका मुद्दा र चुनौतीलाई कसरी समाधान गर्नुभयो ?**

यस कीर्तिपुर नगरपालिकामा हामी जनप्रतिनिधि निर्वाचित भइसकेपछि र मैले नगरपालिकामा पद बहाली गरेको केही दिनमा नै हाम्रो नगरपालिकामा हिंसा रोकथाम तथा सेवाग्राहीको विभिन्न समस्या समाधान गर्न तत्कालै संविधानअनुसार नगरपालिकाको उपप्रमुखको संयोजकमा तीन सदस्य रहने गरी न्यायिक समिति गठन गरियो। यस समितिमा महिलाको बाहुल्यता रहेकाले महिलासम्बन्धी हुने विभिन्न समस्याहरू नगरपालिकाका महिलाले सहज किसिमले आफ्नो समस्या भन्ने वातावरण रह्यो।

महिला हिंसा धेरै किसिमका हुन्छन् तीमध्ये विशेष गरी घरायसी हिंसा हुने तथ्यांक यस नगरपालिका रहेको छ। तर पनि त्यस्ता खालका हिंसाहरू सामाजिक मान, मर्यादा र प्रतिष्ठाका कारणले बाहिर खुलेर हिंसाविरुद्ध महिलाहरू अगाडि बढ्न नसकेको अवस्था छ। यस्ता हिंसालाई रोकथाम गर्न विशेष गरी महिलाहरूलाई हिंसाविरुद्ध अभिमुखीकरण तालिम दिने, जनचेतना फैलाउने र शिक्षामार्फत् नागरिकलाई हिंसाविरुद्ध सचेत बनाउनेजस्ता कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरी हिंसा न्यूनीकरण गर्नेजस्ता भूमिका नगरपालिकाबाट गर्न सकिनेछ।

विशेष गरी संविधानतः न्यायिक समितिमा देवानी मुद्दाको विषयमा मात्र अधिकार रहेको र फौजदारी मुद्दासम्बन्धी यस समितिमार्फत् गर्ने अधिकार नरहेको तथा अहिलेसम्म पनि यस क्षेत्रभित्र जति पनि मुद्दा आएका छन्, लगभग ९० प्रतिशतभन्दा बढी मुद्दालाई आपसी सम्झौताबाटै टुंग्याएका छौं।

**तपाईंको भावी योजना के के छन् ?**

कीर्तिपुर ऐतिहासिक, सांस्कृतिक, धार्मिक र प्राकृतिक धरोहरको केन्द्र रहेकाले यसलाई पर्यटकीय नगरीका रूपमा स्थापना गर्नु नै हाम्रो भावी योजना हो। यसका लागि हामीले विकास निर्माणका कार्यहरू जस्तै सडक विस्तार, मठ मन्दिरहरूलाई पुरातात्त्विक शैलीमा निर्माण तथा कीर्तिपुरमा भएका सम्पदाको संरक्षण गर्दै छौं। यसका लागि हामीले हाम्रो यस वर्षको आर्थिक बजेटमा समेत रकम छुट्याएका छौं। कीर्तिपुरलाई स्वस्थ, सफा र हराभरा राख्ने हाम्रो लक्ष्य छ। यसका लागि प्रत्येक वडामा सार्वजनिक शौचालय स्थापना गर्ने, वन संरक्षणका लागि परेका छवटा सामुदायिक वन उपभोक्ता समूहलाई अगाडि बढाउनेछौं। कीर्तिपुरको प्रांगणमा त्रिभुवन विश्वविद्यालय रहेको हुनाले कीर्तिपुरलाई 'शैक्षिक हब' का रूपमा परिचित गराउने हाम्रो ठूलो उद्देश्य छ। साथै, स्वास्थ तथा फोहोरमैलालाई प्राथमिकतामा राखी यसको उचित व्यवस्थापन गर्ने, खानेपानीको समस्याको समाधान गर्ने, बालमैत्री कीर्तिपुर नगरपालिका बनाउन पहल गर्ने आदि हाम्रा भावी योजनाहरू हुन्। आफू न्यायिक समितिको संयोजक भएको हुनाले महिला हिंसाको अन्त्य गर्ने र कुनै पनि नगरबासीलाई अन्यायमा नपार्ने उद्देश्य छ। कीर्तिपुरबासीलाई सचेत नागरिक बनाउनका लागि स्वास्थ्य र फोहोरमैलासम्बन्धी अभिमुखीकरण कार्यक्रम गराउनेछौं र कृषकलाई पनि वैज्ञानिक कृषि प्रणाली अपनाउन प्रोत्साहित गर्नेछौं।

हाम्रो भावी योजना भनौं या लक्ष्य भनेको कीर्तिपुरलाई एक सफा, सुन्दर र व्यवस्थित नगरका रूपमा विकास गर्नु हो जसले गर्दा कीर्तिपुर एक पर्यटकलाई आकर्षित गन्तव्यका रूपमा रहनेछ। यसले सम्पूर्ण कीर्तिपुर नगरपालिका र नगरबासीको आर्थिकस्तर वृद्धिमा ठूलो भूमिका खेल्दछ अनि मात्र 'हाम्रो कीर्तिपुर, सम्मृद्ध कीर्तिपुर' को नारा सार्थक हुनेछ।

**कीर्तिपुरमा बालमैत्री स्थानीय शासन कायम गर्नका लागि तपाईंले कसरी भूमिका खेल्नुहुन्छ ?**

हामी सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, सामाजिक परिचालिकाले अभिमुखीकरण तालिममा सहभागी भइसकेको र बालमैत्री कीर्तिपुर बनाउनका लागि चाहिने सूचकहरू पालन गर्न सबैलाई प्रोत्साहन गर्नेछौं। बाल क्लब, बाल उद्यानहरूको व्यवस्था गरी बालमैत्री वातावरण बनाउनेछौं। बालबालिकाको हकहितका लागि उनीहरूको अधिकारको पूर्ण रूपमा संरक्षण गर्नेछौं।

**सेवाग्राहीको गुनासा निकै सुनिने नगरपालिकाको स्थानीय प्रशासनलाई सेवाग्राही लाभान्वित हुने किसिमले कसरी प्रशासनिक भूमिका खेल्दै हुनुहुन्छ ?**

म संयोजक भएको पाँच जनाको सामान्य प्रशासन समितिको गठन गरिएको छ। सेवाग्राहीको गुनासाको उचित सुनुवाइका लागि हामीले हेल्प डेक्सको व्यवस्था गरेको छौं। सेवाग्राहीलाई छिटो र छरितो सेवा दिनका लागि विद्युतीय शासन प्रणाली अपनाउँदै आएका छौं। कीर्तिपुर नगरपालिकाको आफ्नै वेवसाइटबाट पनि सेवाग्राहीले आवश्यक जानकारी पाउन सकेका छन्। नक्सा फाँटमा कुनै गल्ती नहोस् र छिटो छरितो होस् भनेर ईबीपीएस प्रणाणीको प्रयोग गरिएको छ। कर्मचारीलाई पनि समयमा आउनका लागि निर्देशित गरिएको छ।

**अन्त्यमा केही भन्नु छ, तपाईंलाई विजयी गराउनुभएका जनताको नाममा ?**

सर्वप्रथम मलाई विजयी बनाउनुभएकोमा सम्पूर्ण कीर्तिपुरबासीलाई धन्यवाद दिन चाहन्छु। मेरो हरेक पाइलामा यहाँहरूकै आशा र आस्था जोडिएको छ। अब भोलिबाट नै मेरो कार्यसम्पादनको पहिलो अध्यायलाई केलाउँदै गल्ती भए सच्याउने र राम्रो काम गरेको भए त्यसमा अझ सौन्दर्य थप्ने प्रयासमा लाग्नेछु। सुन्दर र समुन्नत कीर्तिपुर बनाउने अभियान पथमा हामी अग्रसर छौं।

# अमेरिकामा आतंक



**भगवती तिमल्सिना**
नर्थ क्यारोलिना, अमेरिका
bgtimilsina@yahoo.com

केही दिनदेखि अमेरिकाको टेक्सासमा आएको आँधी, हुरी र ठूलो समुद्री छालका कारण धेरै ठूलो आर्थिक नोकसानी भएको छ। यसका साथै यहाँको शनिबार रातिको भारी वर्षाका कारण हिस्टन, ग्यालवेस्टनलगायतका क्षेत्र पूर्णरूपमा डुबानमा परेका छन्।

यति बेला टेक्सासको हिस्टन र ग्यालवेस्टनमा १ हजारभन्दा बढी घरका साथ २५ भन्दा बढी अस्पताल तथा नर्सिङ होम डुबानमा परेका छन्। यहाँस्थित अमेरिकी रेडक्रस, सरकारलगायतले उद्धारकार्यलाई सक्रियताका साथ अघि बढाएका छन्। तर कतिपय स्थानमा बत्ती जानुका साथै पानीको बहाव अत्यन्तै बढेको र भारी वर्षा भइरहेका कारण उद्धारकार्यमा निकै कठिनाइ आइरहेको छ। यति बेला राज्यले सक्दो शक्ति परिचालन गरेको भए पनि सडक, घर सबै डुबानमा परेको र अन्धकार भएका कारण उद्धार गर्न कठिन भइरहेको जनाइएको छ। आपत्कालीन अवस्थामा १५ घण्टाको बीचमा यहाँको सुरक्षा निकायको सम्पर्क नम्बर ९११ मा ६५ हजार मानिसले फोन गरेर सुरक्षाको माग गरिसकेको र बाहिरी भागमा रहेका कम डुबानमा परेका क्षेत्रमा मात्र उद्धारकर्मी पुग्न सकेको अवस्था छ।

यति बेला उद्धार गर्दै सेल्टरहरू खडा गरी राख्ने कार्यमा राज्यका सम्पूर्ण निकाय तदारुकताका साथ लागिपरेका छन्। आकासमा हेलिकोप्टरद्वारा अनुगमन गरिरहेको छ भने सडक मार्गमा ठूला-ठूला ट्रकहरू उद्धारका लागि प्रयोग गरिएको छ। सडक र घरवरिपरि पार्किङमा रहेका गाडीहरू पूरै डुबेको अवस्था छ।

अमेरिकामा बूढाबूढीहरू काम गर्न नसक्ने अवस्थामा नर्सिङहोममा बस्दै आउने भएकाले यति बेला हिस्टन क्षेत्रमा नर्सिङ होमहरूमा बस्दै आएका जेष्ठ नागरिकहरू नर्सिङ होम डुबानमा परेपछि निकै संकटमा परेका छन्। यति बेला आँधी आएको र भारी वर्षा भएको क्षेत्रमा बत्ती, पानी, खाद्यान्न र बासको अभाव बढ्दै गएको छ।

हिस्टन एरियाका अस्पताल नर्सिङहोमलगायतका स्वास्थ्य संस्थाहरू डुबानमा परेपछि यहाँ निकै हाहाकार मच्चिएको छ। नजिकैका शहरमा रहेका अस्पतालहरू यति बेला बिरामीले खचाखच भरिँदै गरेको र उद्धारपछि बिरामी राख्ने स्थान नभएको बुझिएको छ। यति मात्र नभई डुबान क्षेत्रमा को कतिको ज्यान गयो र फेला परेकालाई पनि सुरक्षित तरिकाले शव घरमा पुर्‍याउन कठिनाइ भइरहेकाले आकस्मिक कक्षमा नै राख्नुपर्ने अवस्था रहेको उद्धारमा खटिएका रेडक्रसकर्मीले सरकारलाई जानकारी गराएको बुझिएको छ।

यति बेला डुबानमा परेको क्षेत्रमा राति आँधी, वर्षासँग बाढी आउन सक्ने मौसमविद्हरूले औंल्याइरहेका छन्। यो अवस्था अझै कति दिन रहने हो र यहाँका जनतालाई कसरी खाद्यान्न, औषधि उपचारलगायतको व्यवस्था मिलाउने भन्ने विषयमा राज्य पक्ष मात्र नभई आम जनता त्रसित भएको देखिन्छ। अब डुबानमा परेका क्षेत्रका बासिन्दालाई सुरक्षित अवतरण गराउनु ठूलो चुनौती त छँदै छ थप खानका लागि खाद्यान्न ल्याउने समेत बाटो बन्द भइसकेको अवस्थामा यो साता सप्लाइ गर्न सक्ने अवस्था नभएको समेत बुझिएको छ।

टेक्सास प्रान्तमा नेपाली अधिक मात्रामा बसोबास गर्दै आएका छन्। यति बेला आँकलन गर्दा ६० हजारभन्दा बढी नेपाली यो प्रान्तमा बस्दै आएको अनुमान टेक्सासमा बसोबास गर्दै आएका नेपालीको छ। २४सै घण्टा मेसिन जसरी चल्ने यहाँका जनता त्रासदीको अवस्थामा गुज्रिरहेका छन्। सन् २००८ मा पनि हिस्टन, ग्यालवेस्टनलगायतका क्षेत्र डुबानमा परेको थियो।

यति बेला रेडक्रसले २१ वटा सेल्टर खोल्दै गरेको र ४१ वटा पहिला नै खुली सकेको जनाएको छ। साथै चर्च, स्कुललगायत खुला ठाउँमा पनि उद्धार गरेर जनताको सुरक्षा गर्ने र खानेपानी, आइस र खाद्यान्नका लागि विशेष प्राथमिकतामा राखेर सप्लाइ गर्न समेत सप्लायर्सलाई टेक्सास प्रान्त सरकारले आग्रह गरिसकेको छ। यति बेला बिजुलीको चिन्ताभन्दा पनि जो जहाँ छन् उनीहरूको सकुशल उद्धारका लागि सबै जना जुट्नमा पहिलो प्राथमिकता दिने सरकारले उद्घोष गरेको छ। डुबानमा कतिको ज्यान गयो या कति क्षति भयो भन्ने कुराको लेखाजोखा अहिलेसम्म भइनसकेको र सम्बन्धित व्यक्तिहरूको स्वीकृति लिएर मात्र सार्वजनिक गरिने सुरक्षा निकायले जनाएको छ।

अफ्रिकाबाट अगस्ट १७ मा शुरू भएको सामान्य अवस्थाको पानी र हुरी पहिला भएको थिएन। २३ अगस्टबाट आँधी आउन थालेपछि समुद्रमा ठूलो छाल आएको थियो। यति बेला पानीको बहाव ४ फिटभन्दा माथिसम्म रहेको र कतिपय होचो स्थानमा रहेका घरहरू एक तलासम्म डुबानमा परेकाले उद्धारमा निकै कठिन भएको छ। साथै कसैलाई घरको छाना निकालेर त कसैलाई मुनिबाट निकालिएको छ। घरभित्र पूरै पानी पसेर कति बेला घर भासिने हो यकिन हुन सकेको छैन। विशेष गरी अमेरिकाका घरहरूको भित्री भाग काठैकाठको हुने हुनाले डुबानमा परेपछि काठ गलेर भासिने सम्भावना उच्च रहेको देखिन्छ।







छक्का पञ्जा-२ को अर्को गीत सार्वजनिक

# दीपक र दीपाले एक-अर्कालाई भने
# तिमीबिना म अधुरो छु

नेपाली हास्यव्यंग्य अभिनय क्षेत्रका सफल जोडी दीपकराज गिरी र दीपाश्री निरौलाले एक अर्काबिना आफूहरु अधुरो र अपुरो रहेको बताएका छन्। दीपक र दीपाले राजधानीमा सोमबार आयोजित आफूहरुद्वारा निर्मित फिल्म *छक्का पञ्जा-२* को दोस्रो गीत सार्वजनिकी कार्यक्रममा यो खुलासा गरेका हुन्।

'एक जना हुनुहुन्छ, उहाँबिना म अपुरो छु। उहाँ हुनुहुन्छ दीपाजी' -कार्यक्रममा बोल्दै हास्य अभिनेता दीपकराज गिरीले भने। फिल्मका कलाकार, निर्माता, प्राविधिक तथा पत्रकाहरुले भरिभराउ राजधानीको दरबारमार्गस्थित राइजिङ मलको क्युज सिनेमा हलमा गिरीले यसो भनेपछि दीपाश्रीले सबैकासामु दीपकको गालामा चुम्बन गरिदिइन्। हल र कार्यक्रम सञ्चालकबाट वान्स मोर र तालीको आवाज आएपछि दीपाले पुनः दीपकलाई चुम्बन गरिदिइन्। जब दीपाश्रीको बोल्ने पालो आयो, उनले पनि भनिदिइन्- 'म तिमीबिना अपुरो छु। मेरो तन, मन, धनमै छ दीपक। उसको साथबिना म अपुरो छु।'

कार्यक्रममा सार्वजनिक भएको गीतको बारेमा बोल्दै दीपकराज गिरीले भने- 'यो गीत *छक्का पञ्जा*को भन्दा फरक छ। पहिलेको गीतको फोटोकपी नहोस् भनेर फरक प्रयोग गरेका छौं। योभन्दा अगाडि हामीले सार्वजनिक गरेको *छक्का पञ्जा-२* को पहिलो गीत *नाइलनको सारी*ले विवाद सिर्जना गरेको थियो। जसका कारण फिल्मको प्रमोसन नै गर्नुपरेन। संगीतकारबाट गीत चोरिन्छ तर निर्माताले चोरेको यो पहिलो गीत बन्यो' -उनले व्यंग्य गर्दै भने। त्यसै गरी निर्देशक दीपाश्री निरौलाले आफूले पूरै युनिटको सहयोग र हौसलाले राम्रो फिल्म बनाउने कोशिस गरेको बताए। दीपाले हलमा उपस्थित केही कलाकर्मीको नाम लिँदै दाइ र भाइ भनेपछि जितु नेपालले जिस्काइदिए- 'दाजुभाइ मात्रै बढाउने? केटा खोजेर बिहेचाहिँ नगर्ने?' सञ्चमारकर्मी नरेश भट्टराईद्वारा सञ्चालित कार्यक्रममा जितुले सुटिङको समय स्मरण गर्दै दीपाश्रीले निकै मेहनत गरेको बताए। 'हामीले सधैं दीपक र दीपा मिलेको देख्थ्यौं। तर, सुटिङको क्रममा भने उहाँहरुको निकै झगडा परिरहेको हुन्थ्यो। यो झगडा फिल्मलाई राम्रो बनाउनका लागि थियो' -जितुले भने। कार्यक्रममा *म त यता किनार*मा बोलको गीत रिलिज गरिएको थियो। हास्यव्यंग्य अभिनेता हरिवंश आचार्य र गायिका आस्था राउतको स्वर रहेको गीतमा शब्द उत्तम सञ्जेल र संगीत किरण कँडेलको रहेको छ भने यसको भिडियोमा नायिका प्रियंका कार्कीसँग दीपकराज गिरी र बुद्धि तामाङले कम्मर मर्काएका छन्। यसमा अतिथि कलाकारको रूपमा विल्सनविक्रम राईले नृत्य गरेका छन्।





रंगराज आचार्य

कार्यक्रममा हास्यव्यंग्य अभिनेता तथा यस गीतका गायक हरिवंश आचार्यले आफूले गाएको गीत लन्डनबाट फर्किएर आउँदा *छक्का पञ्जा-२* ले लिएको थाहा पाउँदा निकै खुसी लागेको बताए। 'गीतको भिडियो हेर्दा यो निकै राम्रो लाग्यो। हरिले गाएको गीतमा परीले नाच्दा गीत निकै राम्रो बनेको छु' -उनले भने। त्यसै गरी मदनकृष्ण श्रेष्ठले गीत निकै राम्रो भएको र त्यसका पनि हरिवंश आचार्यले गाएकाले आफ्नो लागि विशेष भएको बताए। नायिका स्वस्तिमा खड्काले छक्का पञ्जा टिमसँग जोडिन पाएकोमा आफूलाई निकै राम्रो महसुस भएको बताइन्। 'सानोमा *तीतो सत्य* हेर्दा म पनि यसमा खेल्न पाए पनि हुन्थ्यो नि भन्ने लाग्थ्यो। तर, आज त्यही टीमको फिल्ममा इङ्गेज हुन पाएको छु' -उनले भनिन्। त्यसै गरी नायिका प्रियंका कार्कीले दीपक-दीपाको टिमसँग काम गर्दा आफूलाई धेरै खुसी लागेको बताइन्। '*म वडा नं.-६* देखि नै यो टिमसँग काम गर्दै आएको छु। म यो टिमसँग भए पनि नभए पनि यो टिमको कुनै पनि सफलताले मलाई खुसी दिन्छ' -उनले भनिन्। नायिका वर्षा राउतले पहिलो गीत *नाइलनको सारीले* सफलता पाइरहेको बेला यो गीत पनि उत्तिकै सफल हुने दाबी गरिन्।

आगामी असोज ११ गते अलनेपाल रिलिज हुने फिल्म दीपक र दीपासहित, विकासराज आचार्य, जितु नेपाल, केदार घिमिरे, केशव न्यौपाने, दीपेन्द्र खनिया र सुमन गिरीले निर्माण गरेका हुन्। स्वरूप पुरुष ढकाल डेब्यु नायक रहेको फिल्ममा दीपक, प्रियंका, वर्षा, स्वस्तिमा, केदार, जितुका साथमा राजाराम पौडेल, शिवहरि पौडेललगायतका कलाकार रहेका छन् भने कथा विकास आचार्य र सामिप्यराज तिमल्सिना, पटकथा र संवाद दीपकराज गिरीको रहेको छ। त्यस्तै लेखनमा जितु नेपाल, केदार घिमिरे माग्ने र अभिमन्यु निरवीले सहयोग गरेका छन्। सो अवसरमा गोलाप्रथाद्वारा सहभागीलाई केही थान पेनड्राइभ र ३ थान मोबाइल प्रदान गरिएको थियो।

# इमा वाट्सन
## बेलायतीको पहिलो रोजाइमा

बेलायतमा गरिएको एक नयाँ सर्वेक्षणमा हलिउड अभिनेतृ इमा वाट्सन किशोर-किशोरीलाई प्रेरणा दिने र प्रभाव पार्ने सेलिब्रेटीको सूचीको पहिलो नम्बरमा परेकी छिन्। *द ब्युटी एन्ड विस्ट* फिल्मकी २७ वर्षीया नायिका वाट्सनले चर्चित सेलिब्रेटीहरु चेरिल, बियोन्से, जयान मलिकलगायतलाई पछि पारेको मेट्रो को यूकेले जनाएको छ।

महिला र पुरुष गरी छनोट गरिएको ४३ जना कलाकारलाई पछि पार्दै इमा वाट्सन पहिलो नम्बरमा परेकी हुन्। उक्त सूचीमा संगीत, फिटनेस व्यक्तित्व, युट्युब र वास्तविक जीवनमा सक्रिय विभिन्न क्षेत्रका सेलिब्रेटीको नाम समावेश गरिएको थियो।

यो सर्वेक्षण युवा सशक्तीकरण कार्यक्रमअन्तर्गत नेसनल सिटिजन सर्भिस (एनसीएस) ले गरेको थियो। जसलाई आईसीएमले सञ्चालन गरेको थियो। उक्त सर्वेक्षणमा बेलायतका १ हजार युवायुवतीले भाग लिएका थिए। मेट्रो को यूकेले जनाएअनुसार सहभागीमध्ये धेरैले इमा वाट्सनको नारीवादी विचारबाट प्रेरित भएको बताएका थिए।



# क्षत्रीको गुलाबी स्वरहरू सार्वजनिक

गीतकार, पत्रकार तथा फिल्म निर्देशक डब्बु क्षत्रीले जन्मदिनको अवसर पारेर आफूद्वारा रचित गीतहरुको अडियो सीडी एल्बम *गुलाबी स्वरहरू* सार्वजनिक गरेका छन्।

आइतबार राजधानीमा सम्पन्न समारोहमा पत्रकार शान्तिप्रिय, एल्बमका गायिकाहरु निशा देशार, केन्जुमा सुब्बा, रेश्मा पुनमगर, साहिमा श्रेष्ठ र एल्बमको भिडियोकी मोडल सृष्टि तामाङले क्षत्रीको दोस्रो एकल एल्बम सार्वजनक गरेका हुन्। कार्यक्रममा पत्रकार शान्तिप्रियले डब्बुले विगतमा गम्भीर गजल तथा गीत ल्याएको स्मरण गर्दै यसपटक नयाँ पुस्तालाई लक्षित गरेर सबैले गाउन सक्ने रोमाञ्चकारी पपशैलीका गीतहरु पस्किएको चर्चा गरे। संगीतकार ज्योतिप्रकाश विक, जुगल डंगोल, सन्तोष श्रेष्ठ र दीपक शर्माले *गुलाबी स्वरहरु*का गीत र ती गीतमा आफ्ना संगीतबारे प्रकाश पारेका थिए। गीतकार क्षत्रीले यो एल्बमका गीतहरु रोमाञ्चकारी भएको बताए।




एल्बममा *बेबी आई लभ यु, जिस्किन मन लाग्छ, यो तन यो मन, तिमीसँग बोल्न, दोषी त नजर* बोलका ५ गीत संगृहित छन्। उनको यो एल्बम बिन्ध्यवासिनी म्युजिकले बजारमा ल्याएको हो। कार्यक्रममा एल्बममा रहको *गीत दोषी त नजर नै थियो* बोलको गीतको म्युजिक भिडियो पनि सार्वजनिक गरिएको थियो। गीतकार क्षत्रीले नै निर्देशन गरेको यो भिडियोमा अभिनेता नवीन लम्साल, मोडल एवं *नेपाल नेक्स्ट सुपर मोडल*की विजेता सृष्टि तामाङ, मोडलद्वय देविका कार्की र कुशल पाण्डेले अभिनय गरेका छन्। राजु केसीले खिचेको सो भिडियोलाई सुप्रिम पराजुलीले सम्पादन गरेका छन्।

# ज्योति लिटिल आइडल

वसुन्धरास्थित माउन्ट ग्लोरी स्कुलमा कक्षा सातमा अध्ययनतर ज्योति पाखिन *मिस लिटिल आइडल* २०17 चुनिएकी छन्। राजधानीमा सम्पन्न प्रतियोगितामा ज्योतिले आफ्ना ५४ प्रतिस्पर्धीलाई उछिन्दै शीर्ष उपाधिसहित प्याब्सन काठमाडौंको तर्फबाट एक वर्षको छात्रवृत्ति र ३० हजार रुपियाँ पुरस्कार प्राप्त गरेकी छिन्।

प्याब्सन काठमाडौं र एक्सन इन्टरटेनमेन्टको संयुक्त आयोजनामा सम्पन्न प्रतियोगितामा मैजुबहालस्थित आइडियल हाइयर सेकेन्डरी स्कुलकी छिरिङल्हामु शेर्पा र डेचेन लेप्चा क्रमशः *फस्ट* र *सेकेन्ड रनर्सअप* भए। उनीहरुलाई पुरस्कारबापत क्रमशः २० र १० हजार रुपियाँ नगद पाएका छन्।

जिल्ला शिक्षा अधिकारी प्रकाश सापकोटा, प्याब्सन काठमाडौंका अध्यक्ष हरिकृष्ण श्रेष्ठ, क्याप्टेन भगवान् थापा, गायक धीरज राई, सञ्चारकर्मी रामकला खड्का र *पूर्वमिस मंगोल* प्रीति गुरुङ निर्णायक रहेको प्रतियोगितामा मुस्कान तिवारी *मिस ट्यालेन्ट*, स्वाति आचार्य मिस पंचुअल र छिन्जल राई *मिस बेस्ट हेयर*, सुपर्णा श्रेष्ठ *मिस फ्रेन्डसिप*, साइमन लामा *मिस डिसिप्लिन*, सुहाना भण्डारी *मिस कन्फिडेन्स*, कश्मिरा तामाङ *मिस पर्सनालिटी*, मनीषा बुढाथोकी *मिस लिडरसिप* र सिबिया पुरी *मिस फोटोजेनिक* भए।

कार्यक्रममा पपगायक धीरज राई, हास्यकलाकार महादेव त्रिपाठी र राजेन्द्र गिरीले आ-आफ्नो प्रस्तुतिमार्फत् दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए।





नेपाली चलचित्रको सम्मानमा
कामना फिल्म अवार्डस् २०७४

सहभागिताका लागि आवेदन भर्नुहोस्




लाखौं पाठकको एक मात्र प्रिय सिने मासिक कामनाले नेपाली चलचित्र र चलचित्रकर्मीको सम्मानमा सीजी इन्टरटेनमेन्टसँगको सहकार्यमा आयोजना गर्दै आएको कामना फिल्म अवार्डस् २०७४ मा सहभागी हुनका लागि २०७३ साल वैशाख १ देखि चैत्र मसान्तसम्म सार्वजनिक सिनेमा हलमा प्रदर्शनमा आएका नेपाली चलचित्रलाई आवेदन भर्न आह्वान गरिन्छ ।

कामना फिल्म अवार्डस् २०७४ मा सहभागी हुन इच्छुक नेपाली भाषामा बनेका कथानक चलचित्रका निर्माताहरुले कामना न्युज पब्लिकेसन्स्को कार्यालयमा सम्पर्क राखी आवेदनका साथ चलचित्र विकास बोर्डबाट प्राप्त चलचित्र निर्माण इजाजतपत्रको छायाछवि पेस गर्नुहुन अनुरोध छ ।

**पुनश्च :** केवल च्यारिटी शो मात्र भएका चलचित्र कामना फिल्म अवार्डस् २०७४ मा सहभागी हुन सक्ने छैनन् ।

**आवेदन दर्ता गर्नुपर्ने मिति :** २०७४ साल भदौ १५ गतेसम्म
**आवेदनका लागि सम्पर्क :** कामना न्युज पब्लिकेसन्स्, कामना प्लाजा, भीमसेनस्थान, कामठाडौं
**फोन** : ४२६११७६, **फ्याक्स** : ४२१८६६०

CG Entertainment
Presents
LUX Kamana Awards

# विचार

{ घाउलाई दबाएर राख्दा कुनै फाइदा हुँदैन, त्यसलाई फुट्नै दिनुपर्छ।
- महात्मा गान्धी

{ फूल टिपेर एकगठ्ठा गर्नका लागि नबस, अघि बढ्दै जाऊ, तिम्रो बाटोमा फूल फुलिरहन्छन्।
- रवीन्द्रनाथ टैगोर

## सम्पादकीय

नेपाल समाचारपत्र

# निगमप्रति गम्भीरताको खाँचो

नेपाल आयल निगमले भण्डारण क्षमता बढाउने नाममा मुलुकभरका विभिन्न ठाउँमा खरिद गरेको जग्गामा ठूलो अनियमितता भएको विषयमा चर्को विवाद आइरहेको बेला आयल निगमले जग्गा खरिद गर्न बनाएको मापदण्डलाई समेत लत्याएको तथ्य सार्वजनिक भएको छ । आयल निगमले खरिद गरेको कतिपय स्थानको जग्गा सरकारले प्रस्ताव गरेको पूर्व–पश्चिम रेलमार्गमा समेत परेको छ । आयल निगमले त्यसलाई समेत ध्यान नदिई बिचौलियासँग मिलेर जग्गा खरिद गरेको पाइएकोले जग्गा खरिदमा ठूलो घोटाला भएको संसद्को विभिन्न संसदीय समितिले ठहर गरेको छ । यति हुँदासमेत सरकारले नेपाल आयल निगमका प्रमुख गोपाल खड्कामाथि कारबाही प्रक्रिया नबढाएको भन्दै सरोकारवालाहरूले चिन्ता व्यक्त गर्नु पक्कै पनि राम्रो होइन । त्यसैले पनि अहिले आयल निगमको जग्गा खरिद प्रकरण सर्वसाधारणमा चर्चाको विषय बनेको छ ।

पटक–पटक विवादमा तानिएका खड्कालाई कारबाही गर्न सरकार हिचकिचाउनुले अर्को गम्भीर प्रश्न खडा गरेको छ। राज्यलाई ठूलो व्ययभार पार्ने गरी भएको उक्त घटनाका बारेमा अख्तियारले अनुसन्धान अगाडि बढाएको भनिए पनि अहिलेसम्म अख्तियारले समेत कुनै कारबाही अगाडि नबढाउनुले शंकामाथि शंका उत्पन्न गराएको छ । मुलुकलाई नै घाटा पुऱ्याउने गरी भएको यस्तो घटनामा संलग्न रहेकाहरूमाथि कारबाही गर्ने भन्दै विभिन्न संसदीय समिति सक्रिय भए पनि अहिलेसम्म कुनै पनि समितिले प्रतिवेदन तयार पारेका छैनन् । यस घटनाको बारेमा छानबिन गरिरहेको समितिले समयमा नै प्रतिवेदन सार्वजनिक नगर्नाले संसदीय समितिमाथि नै शंका उत्पन्न भएको छ । कुनै पनि विषयको बारेमा छानबिन गर्दा त्यसको गाम्भीर्यतालाई हेर्नुपर्ने हुन्छ तर त्यसतर्फ कुनै पनि समितिको ध्यान जान नसक्नु दुःखद पक्ष हो ।

निगमले गरेको घोटालालाई संस्थागत गर्ने काम सरकारी तवरबाट पनि भएको आवाज उठ्नुले कतै यसमा सरकारका उच्च अधिकारीको समेत मिलेमतो भएको त होइन भन्ने प्रश्न उठाइदिएको छ । जे होस्, नेपाल आयल निगमको जग्गा खरिद प्रकरणमा देखिएका बेथिति अन्त्यका लागि विभिन्न तवरबाट भएका छानबिनको प्रतिवेदन सार्वजनिक गरिनुपर्छ । साथै यस विषयमा यदि कतैबाट अहिले पनि छानबिन भइरहेको छ भने त्यस छानबिन कार्यलाई पनि प्रभावकारी ढंगले अगाडि बढाउनुपर्दछ । यसका लागि सम्बन्धित निकायसहित सरकारले गम्भीर भएर सक्रियता देखाउनै पर्छ ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख–रचना एवम् छोटा पाठक–पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# जनताले खोजेको शक्ति



डा. टीकाराम पोखरेल

आजकल राजनीतिमा वैकल्पिक नयाँ शक्तिको बहस चलेको छ। समसामयिक राजनीतिक विचार र बहसको निकै ठूलो हिस्सा वैकल्पिक शक्तिले ओगटेको छ। विचार र बहससँगै आधा दर्जनभन्दा बढी समूह वैकल्पिक नयाँ शक्तिको आवरणमा जन्मिसकेका पनि छन्। कतिले नाममा नै नयाँ शब्द जोडेका छन् भने कसैले नाममा नयाँ नजोडे पनि आफूलाई नयाँ वैकल्पिक दाबी गरेका छन्। अहिले जन्मेका वैकल्पिक शक्ति नयाँ हुन नसकेको दाबी गर्दै अरु नयाँ शक्ति जन्माउने प्रयास पनि जारी छ। त्यसो त जन्मेर राम्रोसँग पाइला सार्नै नपाई नयाँ शक्तिहरू जोडिने र फुट्ने रोग पनि ती नयाँ शक्तिमा सरिसकेको छ।

नयाँ शक्ति शब्दावली सुन्दा त राम्रै लाग्छ। किनकि नयाँ भनेपछि सबैको ध्यान आकर्षित हुन्छ। नाम नै नयाँ भएपछि काम पनि नयाँ गर्ला भनेर जनताले आशा गर्नु पनि ठिक्कै हो। तर नयाँ काम गर्लान् भन्ने आशा एउटा कुरा हो, पक्कै गर्छन् भन्ने विश्वास अर्को कुरा हो र नयाँ काम गरेरै देखाउनु त झनै फरक कुरा हो। अहिले जन्मेका वैकल्पिक नयाँ शक्तिहरूमा जनताको आशा एकदमै कम छ, विश्वास त छँदै छैन र काम गरेर देखाउने त परैको कुरा भयो।

आखिर यी वैकल्पिक नयाँ शक्ति जन्मेर बामे सर्न नपाउँदै किन जनताको शंकाको घेरामा परे ? यति बेला त्यसको गहिरो विश्लेषण जरुरी छ। यसको विश्लेषणविना नयाँ वैकल्पिक शक्ति बनाउन खोज्नेले पनि यही नियति भोग्नुपर्दछ। आखिर किन अपेक्षाकृत गति लिन सकेनन् त वैकल्पिक शक्तिहरूले ?

**१. नयाँ बोतल, रक्सी पुरानै** : नयाँ हुनका लागि नाम मात्र नयाँ भएर हुँदैन, काम नयाँ हुनुपर्छ। वैकल्पिक नयाँ शक्तिका जन्मदाताहरूले ठूलो भ्रम के पाले भने, नयाँ भन्नासाथ नयाँ भैहाल्छ। जनताले नयाँ भन्नासाथ पत्याइहाल्छन् भन्ने भयो। नयाँ बोतल देखाएपछि रक्सी पुरानै भए पनि जनतालाई भ्रममा पारिन्छ भन्ने यी नयाँ अभियन्ताहरूको बुझाइ थियो। त्यसैले केहीले आफ्नो पार्टीको नाममा नयाँ शब्द जोडे, केहीले नयाँ भन्ने शब्द नै नजोडे पनि नयाँ वा अग्रगामी बुझाउने शब्द प्रयोग गरेर नाम नै काम हो भन्ने भ्रम सिर्जना गर्न खोजे। तर उनीहरूले जनतालाई भ्रममा पार्न सकेनन्, बरु आफैं भ्रममा रहेको प्रमाणित जनताले गरिदिए। भ्रमको खेतीमा राजनीति टिक्दैन भन्ने गतिलो शिक्षा वैकल्पिक दाबी गरिएका नयाँ शक्तिहरूलाई जनताले एक वर्षमै देखाइदिए।

**२. एजेन्डाविहीन एजेन्डा** : अहिले नयाँ देखा परेका राजनीतिक शक्तिका कुनै राजनीतिक एजेन्डा छैनन्। एजेन्डाविहीन एजेन्डा बोकेर अगाडि बढिरहेका छन्। हुन त देशको समृद्धि नै उनीहरूको एजेन्डा हो भन्ने मत पनि केहीको छ। तर त्यो एजेन्डालाई कसरी मूर्तरूप दिने भन्ने स्पष्ट एजेन्डा तिनीहरूसँग छैन। न त त्यस्तो कुनै योजना नै तिनीहरूसँग छ। देश बनाउन राजनीतिक सिद्धान्त अनिवार्य छैन तर आर्थिक एजेन्डा अनिवार्य छ। वैकल्पिक शक्तिसँग केही हल्काफुल्का गतिविधि त देखिए पनि आर्थिक समृद्धिको आधार खडा गर्ने योजना र दूरदृष्टि देखिँदैन।

**३. आलोचनामुखी गतिविधि** : आलोचना नेपाली राजनीतिको विशेषता नै हो। नेपालीले कहिल्यै नसिकेको कुरा हो अरुको प्रसंशा गर्न। नेपाली राजनीति त झन् अर्को पार्टीले गरेको राम्रो नै भए पनि आलोचना गर्नै पर्ने र आफ्नो चाहिँ गल्ती नै भए पनि ढाकछोप गर्नै पर्ने मानसिकताबाट निर्देशित छ। नयाँ शक्ति भनिएकाहरू पनि यसभन्दा माथि उठ्न सकेनन्। उद्यपि तिनले अरुको आलोचना नगर्ने भनेर पटक-पटक उद्घोष गरे तर व्यवहारमा भने तिनीहरूले नै पुराना राजनीतिक दलहरूलाई सबैभन्दा बढी गाली गरे। यसले उनीहरूको पनि नयाँ पहिचान भएन। जुन जोगी आए पनि कानै चिरेको भन्ने उखानलाई चरितार्थ गराए।

**४. पुराना अनुहारको हालिमुहाली** : वैकल्पिक नयाँ शक्ति नयाँ अनुहारहरूको हुन सकेन। मकुण्डो मात्र नयाँ भयो, नाम मात्र नयाँ भयो। वास्तविक र निर्णायक ठाउँमा पुरानै अनुहार भए। खासगरी बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्तिमा त नयाँ अनुहार देख्दै देखिएन। कि त पुराना दलका नेता देखिए, कि त पुराना प्रशासक देखिए। पुराना अनुहारबाट नयाँ कामको अपेक्षा पनि थिएन, भयो पनि त्यस्तै। पुराना अनुहारले पुरानै तरिकाले पार्टी टुटफुट गराए। पार्टीलाई पनि पुरानै अनुहारमा बदलिदिए।

**५. पुरातन शैली** : वैकल्पिक नयाँ शक्तिहरूमा पुरानो शैली नयाँ शैलीमाथि हाबी छ। एकादुई नयाँ सोच भएकाहरू पनि पुरानाको चेपुवामा परेका छन्। पुरातन शोच भएकाहरू पुरानै शैलीको सिकार भएर पुनः यथास्थितिमै फर्किरहेका छन्। विवेकशील र साझाजस्ता वैकल्पिक शक्तिहरूचाहिँ एक हुन खोजे पनि तिनीहरूको पनि मिलनविन्दु भने भागवण्डा नै देखिन्छ, जुन पुरातन शैलीको द्योतक हो।

**६. जनताको मन जित्न नसक्नु** : वैकल्पिक नयाँ शक्ति पार्टीहरूले जनताको मन जित्नै सकेनन्। काठमाडौंको चुनावमा साझा र विवेकशीलजस्ता केही पार्टीले उल्लेखनीय मत ल्याए पनि अन्य पार्टीले मत तान्न सकेनन्। पहिलो चरणको स्थानीय चुनावमा काठमाडौंमा मत तानेका साझा विवेकशीलले पनि दोस्रो चरणमा राम्रो मत ल्याएनन्।

**७. टुट, फुट र गुटको सिकार** : वैकल्पिक नयाँ शक्ति भनेकाहरू एकमतले अगाडि बढ्न सकेनन्। सबैको एकमात्र उद्देश्य समृद्ध नेपाल बनउने हो भने तिनीहरू एकै ठाउँमा आउन नपर्ने कारण नै थिएन। तर उद्देश्य एक भएर पनि एक हुन सकेनन्। अहिले पनि ती पार्टीहरूबीच जब एकताको कुरा चल्छ तब भागवण्डामा कुरा अड्किन्छ। भागवण्डा मिले एकता हुन्छ। त्यसैले तिनको पनि राजनीतिक एजेन्डा देखाउने देशको समृद्धि व्यवहारमा आफ्नो समृद्धि प्रस्ट छ।

यी कारणहरूले गर्दा अहिले पनि देशमा भरपर्दो जनताले खोजेको शक्ति जन्मन सकेन। त्यसो भए जनताले खोजेको शक्ति कस्तो त ? के वर्तमान वैकल्पिक दाबी गर्ने शक्तिहरूले भविष्यमा जनविश्वास जितेर आफूलाई जनअपेक्षाबमोजिमको वैकल्पिक बनाउन सक्लान् ? प्रश्न यो पनि छ। जनताले खोजेको वैकल्पिक शक्ति परामपरागत शैलीको होइन, नयाँ शैलीको हो। त्यो चाहे नाममा नयाँ जोडिएको होस् वा नहोस्, त्यो शक्तिमा व्यक्ति र पार्टीभन्दा माथि उठेर काम गर्ने नेतृत्व हुनुपर्छ। देशलाई समृद्ध बनाउने कोरा नारा मात्र होइन, दूरदृष्टि र योजना चाहिन्छ। 'डेट एक्सपाएर' विचारको होइन, नवविचारहरूले स्थान पाउनुपर्छ। उपदेश दिने होइन, काम गर्ने नेतृत्व चाहिन्छ। अरुको आलोचना होइन, आफ्नो कमजोरी सुधार गर्ने नेता चाहिन्छ। सत्ता पाएपछि मात्र होइन, सत्ता प्राप्त नहुँदा पनि केही गरेर देखाउन सक्नुपर्दछ।

के यस्तो नेतृत्व वर्तमानमा वैकल्पिक शक्तिहरूमा छ ? अहिलेको शैली हेर्ने हो भने त्यो सम्भव छैन। बिहानले दिउँसोको संकेत गर्छ भन्ने कुरालाई मान्ने हो भने, अहिलेका वैकल्पिक नयाँ शक्तिहरूको शैली हेर्दा भविष्यमा पनि ती जनताको मनमा बस्न सक्तैनन्। राजनीतिमा असम्भव केही छैन भनेर मान्ने हो भने, ती परिवर्तन हुनै नसक्ने त होइन तर तिनीहरूप्रति जनतामा नकारात्मक छाप परिसकेकोले तिनीहरूले परिवर्तन भएर जनताको मन-मनमा बस्न निकै मेहनत गर्नुपर्छ। झीनो आशा त गर्न सकिन्छ तर विश्वास गर्न सकिँदैन।

भरपर्दो नयाँ शक्ति नदेखिएको सन्दर्भमा वैकल्पिक शक्तिका लागि अझै पनि पूरै राजनीतिक मैदान खालि छ। तर परम्परागत ढर्राको नयाँ शक्तिको लागि भने खुट्टा टेक्ने ठाउँसम्म छैन। त्यसैले अब नेपालको वर्तमान राजनीतिक मैदानमा 'फ्रेस' राजनीतिककर्मीको आवश्यकता छ। 'फ्रेस'हरू अगाडि बढ्नुस्। नेपालको राजनीतिक मैदान पूरै खालि छ ।

" अहिलेका वैकल्पिक नयाँ शक्तिहरूको शैली हेर्दा भविष्यमा पनि ती जनताको मनमा बस्न सक्तैनन्। राजनीतिमा असम्भव केही छैन भनेर मान्ने हो भने, ती परिवर्तन हुनै नसक्ने त होइन तर तिनीहरूप्रति जनतामा नकारात्मक छाप परिसकेकोले तिनीहरूले परिवर्तन भएर जनताको मन-मनमा बस्न निकै मेहनत गर्नुपर्छ। झीनो आशा त गर्न सकिन्छ तर विश्वास गर्न सकिँदैन। "

## पाठक पत्र

### रोल्पामा औषधि अभाव

रोल्पाको एकमात्र सरकारी अस्पताललगायत गाउँका अन्य स्वास्थ्य संस्थामा औषधिको अभाव भएको भन्ने समाचार बाहिर आएको छ। सरकारले निःशुल्क दिने भनिएका औषधि पनि अस्पतालमा नभएपछि स्थानीयलाई सास्ती भएको छ। केही दिनयता जिल्ला अस्पताललगायत प्रायः सबै स्वास्थ्य संस्थामा ज्वरोका बिरामीको चाप छ। तर जिल्ला अस्पतालमै ज्वरो रोक्न प्रयोग गरिने सिटामोलसमेत हामी अस्पताल जाँदा पाएका छैनौं। औषधि सकिएको विषयमा जानकार भए पनि जिल्ला स्वास्थ्य कार्यालय मौन रहेको छ।

भर्खरै नगरपरिषद् सकाएको रोल्पा नगरपालिकालगायत अन्य गाउँपालिकालाई आफ्नो मातहतको स्वास्थ्य संस्थामा औषधि सकिएको जानकारीसमेत छैन। जानकारी भए पनि कानमा तेल हालेर बसेका छन्। यो विषयमा आवाज उठेको छैन। थवाङ, लुङ्ग्री, सुकिदह, सुनछहरी, सुवर्णावती आदि गाउँपालिकाभित्रका स्वास्थ्य संस्थामा पनि औषधि अभाव रहेको कुरा आइरहेको छ। स्वास्थ्य मन्त्रालयको यतातर्फ ध्यान आकृष्ट गर्न चाहन्छु।

*- प्रशान्त शर्मा, रोल्पा*

### चुनावपछि सेलाउने गरेको सुकुम्बासी समस्या

लामो समयपछि स्थानीय तहमा जनताका प्रतिनिधिहरू चयन भए र काम गर्न पनि शुरु गरे। सुकुम्बासी र भूमिहीनलाई आश्वासन दिएर चुनाव जितेपछि बिर्सने र पछि वास्ता नगर्ने प्रवृत्ति हाबी हुनुहुँदैन। अब वास्तविक सुकुम्बासीको स्पष्ट पहिचान गरी समस्या समाधानमा केन्द्रित हुन जरुरी छ। सुकुम्बासी समस्या एउटा राष्ट्रिय र गम्भीर समस्या भए पनि यसको समाधानका लागि प्रभावकारी पहल भने हुन सकिरहेको छैन। विभिन्न ठाउँमा आयोग र कार्यदल बनाएर यस्तो समस्या समाधानका पहलहरू अगाडि बढ्ने कुरा आएको छ। अब वास्तविक सुकुम्बासी तथा भूमिहीनहरूलाई जग्गाको स्वामित्व उपलब्ध गराउने र खेतीयोग्य जमिनलाई खेतीपातीमै भरपूर उपभोग गर्ने गरी मापदण्ड बनाउन जरुरी छ।

सुकुम्बासीका नाममा बसेका कैयौं बस्तीहरू हुकुम्बासीहरूका छन्। यस्तो बेलामा त्यस्ता कार्यदल र आयोग आयोगका काम प्रभावित हुन सक्छन्। वास्तविक सुकुम्बासीका समस्या समाधान हुन सकेनन् भने त्यसले प्रत्यक्ष असर लोकतन्त्रमा र आर्थिक विकासमा पार्ने निश्चित छ। यस्ता समस्या समाधानका लागि सबैले सकारात्मक काममा सहयोग गर्नु पनि पर्छ। समस्या समाधानका लागि सबै जिम्मेवार राजनीतिक दलहरूबीचमा पनि सहकार्य आवश्यक छ। जसका कारणले वास्तविक सुकुम्बासीले जग्गाको स्वामित्व पाउन सकून् र सुकुम्बासीका नाममा कमाउ धन्दा गर्न खोज्नेहरू कानुनको दायरामा आउने वातावरण बनोस्।

कानुन बनाउने तर त्यसलाई व्यवहारमा उतार्न नसक्ने हो भने त्यसको गलत सन्देश जान्छ। यसैले सुकुम्बासीसम्बन्धी समस्यालाई वैज्ञानिक ढंगले समाधान गरियोस्। राजनीतिक चलखेल, पहुँच र प्रभावका भरमा गैरसुकुम्बासीले जग्गा पाउने र वास्तविक सुकुम्बासीले नपाउने अवस्था पनि आउन सक्छ। तसर्थ स्थानीय सरकार, त्यसका कार्यदलहरू यसतर्फ गम्भीर र संवेदनशील हुन जरुरी छ।

रूपन्देहीमा रहेका थुप्रै शहरोन्मुख ग्रामीण बस्तीहरू अझै पनि वनक्षेत्रमा छन्। पुस्तौंपुस्ता त्यही बस्तीमा बिते पनि जग्गाको स्वामित्व उनीहरूमा छैन। कैयौं बस्तीहरू अव्यवस्थित छन्। वर्षौंदेखि उपभोग गरेको जग्गाको स्वामित्व उनीहरूमा छैन। वनक्षेत्रका रूपमा रहेका यस्ता तमाम बस्तीहरू कागजमा घना वन भनिए पनि फिल्डमा भने घनाबस्तीका रूपमा छन्। तसर्थ अब स्थानीय सरकारले यस्ता बस्तीहरूलाई वनक्षेत्रबाट कसरी हटाउने भन्नेतिर ध्यान दिन जरुरी छ। सुकुम्बासीका नाममा हुकुम्बासीहरूले फाइदा उठाउने गलत वातवरण नबनोस् भनेर स्थानीय जनप्रतिनिधि चनाखो भई वास्तविक सुकुम्बासीलाई गाँस-बासको व्यवस्था गर्नुपर्छ।

*- लेखान्त बराइली, रूपन्देही*

### प्रभावकारी होस् जनता आवास कार्यक्रम

जनता आवास कार्यक्रमअन्तर्गत कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकामा बसोबास गर्दै आएका दलित समुदायका ४५ वटा घर निर्माण कार्य सम्पन्न भयो। शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, धनगढीले दलित समुदायका घर निर्माण कार्य गरेको कुरा बाहिर आएको छ।

स्वीकृत डिजाइन र स्पेसिफिकेसनबमोजिम कार्यविधि २०७३ मा रहेका प्रावधान पालना गरी सर्वेक्षण फाराम भरेका दलित समुदाय घर निर्माणका लागि छनोटमा परेका ४९ मध्ये ४५ जनाको घर निर्माण कार्य गरिएको रहेछ। यो कार्यक्रम अन्य ठाउँमा पनि प्रभावकारीरूपमा भएमा घरबार नभएकाले केही हदसम्म राहत पाउने थिए। सरकारले विशेष कार्यक्रम सञ्चालन गर्नु जरुरी छ।

*- साजनकुमार राउत, धनगढी*

### स्वास्थ्य क्षेत्र सुधार्न जरुरी

प्राध्यापक डा. गोविन्द केसीले केही दिनअघि मात्रै २३ औं दिनमा अनशन स्थगित गरेका छन्। शैक्षिक सुधारका लागि आन्दोलन गर्दै आएका उनले बाढीपहिरोले देशमा पुगेको क्षतिप्रति गम्भीर हुँदै आफूले अनशन स्थगित गरेको बताएका थिए । यही मौका छोपेर त्रिभुवन विश्वविद्यालयले एक कलेजलाई मेडिकल सञ्चालनको सम्बन्धन दियो। त्रिविले सञ्चालनमै नभएको काठमाडौं नेसनल मेडिकल कलेजलाई गोविन्दले अनशन तोड्नेबित्तिकै सम्बन्धन दिएको हो ।

सम्बन्धन दिनका लागि कम्तीमा ३ सय बेडको अस्पताल पूर्णरूपमा सञ्चालनमा आएको हुनुपर्दछ तर अस्पताल सञ्चालनमा नहुँदै यो हर्कत गरियो। केसीले गर्दै आएको आन्दोलनको प्रतिकूल हुने गरी त्रिविको यो निर्णय आएको छ । डा. केसीको आन्दोलन एउटा कुरा होला, अझ महत्वपूर्ण कुरा कुनै मापदण्डविना नै मेडिकल कलेज सञ्चालनको लाइसेन्स बाँड्दै हिँड्नुले शैक्षिक माफियाको जालो बलियो रहेको देखाउँछ। मेडिकल शिक्षामा अझै ब्यापारीकरण बढाउने निश्चित भएको पनि यसले प्रस्ट पार्छ। नेपालमा चिकित्सा शिक्षासम्बन्धी लामो समयदेखि बहस चल्दै आएको छ ।

चिकित्सा शिक्षा त झन् सीमित पहुँचवालाको मुठीभित्र छ । महँगो शिक्षा गरिबका छोराछोरीले पढ्न सक्ने अवस्था छैन। गरिब परिवारमै जन्मेर पनि क्षमतावान् व्यक्ति छ भने उसले मेडिकल शिक्षा पढ्नै पाउँदैन । चिकित्सा शिक्षा महँगो हुनुको मार चिकित्सकले मात्र होइन, अझ बढी बिरामीले बेहोर्नुपर्ने अवस्था छ यहाँ। करोड लगानी गरिएको व्यापारमा कति आम्दानी हुन्छ, अनुमान गर्न सकिन्छ । चिकित्सा शिक्षामा पनि कुनै व्यक्तिले करोड लगानी गरेर चिकित्सक बनेको छ भने उसले पनि त्यो रकम उठाउन प्रयास गर्ने नै भयो । आज यही कारणले गर्दा स्वास्थ्य उपचार झन् पछि झन् महँगो बनेको छ । ठूलो लगानी गर्नुपर्दा गाउँभन्दा शहरमुखी, सेवाभन्दा आम्दानीमुखी हुनु स्वाभाविक हो । त्यसैले चिकित्सा शिक्षा मात्र होइन स्वास्थ्य सेवामै आमजनताको पहुँच विस्तार गर्न चिकित्सा क्षेत्रमा देखिएको शैक्षिक माफियाको जालो च्यात्नै पर्छ ।

राज्य नै प्रभावकारीरूपमा खडा हुनुपर्ने अवस्थामा राज्यको तर्फबाट केही नहुनु दुर्भाग्य हो। डा. केसीले आन्दोलन गर्दा गम्भीर बन्ने र त्यसपछि पुनः सेलाउने प्रवृत्ति सरकारको छ। सरकारमा रहेका व्यक्तिहरू पनि शैक्षिक माफियाको जालोमा जेलिएका छन्। शैक्षिक माफियाको जालो भत्काउने सवालमा सबै दल एकठाउँमा नहुनु विडम्बना हो । यसको पक्ष र विपक्षमा जसरी बहस हुने गरेको छ, यो गलत छ । यस्ता बहसमा वस्तुगत आवश्यकता र अहिलेसम्मका कानुनी प्रावधानलाई केन्द्रमा राखेर निष्कर्षमा पुग्नु जरुरी छ । चिकित्सा शिक्षालाई सरल र सहज बनाउन हरेक प्रदेशमा सरकारी मेडिकल कलेज खोल्ने अवधारणा सरकारले अघि सारिसकेको छ, यसलाई पूर्णता दिनेबित्तिकै धेरै समस्या समाधान हुन्छन् । यसमा सरकारले गम्भीरतापूर्वक ध्यान दिन जरुरी छ।

*- सम्झना मगर, सिद्दारा, अर्घाखाँची*

## सामाजिक सञ्जाल



अन्ततः राजपा निर्वाचनमा भाग लिने भएछ। अब जनताले कति जनमत दिन्छन्, त्यसमा निर्भर हुन्छ राजपाको एजेन्डा।
**Atma Guragain**
**@AtmaGuragain**



घृणा त्यही व्यक्तिले मात्र गर्न सक्छ, जसले तिमीलाई सबैभन्दा बढी प्रेम गरेको हुन्छ। किनकि जति अग्लो पहरो हुन्छ, त्यति नै गहिरो गल्छी हुन्छ।
**ATOM**
**@krishna199704**



केवल मीठा शब्दहरूले मात्र प्रेमभावलाई दर्शाएको हुन्न। कैयौं यस्ता आत्मीय हुन्छन् हाम्रो समीपमा, जसको क्रोधमा पनि प्रेमभाव झल्किरहेको हुन्छ।
**Princess of world's**
**@moh_alone**

सोमबार आर्थिक वर्ष २०७३/०७४ को वार्षिक समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा गृहमन्त्री शर्माले गृह मन्त्रालयमा लामो समयदेखि फाइल रोकिने गरेको गुनासो आएको भन्दै फाइल अड्काउने प्रवृत्ति अन्त्य गर्न निर्देशन दिनुभएको छ।

# फाइल नअड्काउन गृहमन्त्रीको निर्देशन

नेपाल समाचारपत्र

काठमाडौं

गृहमन्त्री जनार्दन शर्माले गृह मन्त्रालयमा लामो समयदेखि फाइल रोकिने गरेको गुनासो आएको भन्दै फाइल अड्काउने प्रवृत्ति अन्त्य गर्न निर्देशन दिनुभएको छ। सोमबार आर्थिक वर्ष २०७३/०७४ को वार्षिक समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा बोल्दै मन्त्री शर्माले भन्नुभयो- 'एक वर्षसम्म फाइल अड्किने गरेको गुनासो आएको छ, त्यस्तो प्रवृत्तिको अन्त्य गर्नूस्।'

'हरेक बिहान साढे १० बजे सबै विभागीय प्रमुख फाइल लिएर मेरो कार्यकक्षमा आउनूस्', कर्मचारीलाई निर्देशन दिँदै मन्त्री शर्माले भन्नुभयो- 'तपाईंहरुले सक्ने फाइलको निर्णय तपाईंहरु गर्नूस्, नसक्ने फाइलमाथि म निर्णय गर्छु।'

नेपाली कागजमा टिप्पणी उठाएर सेवा प्रवाहमा ढिलाइ गर्ने प्रवृत्ति अन्त्य गर्न निर्देशन दिँदै मन्त्री शर्माले भन्नुभयो- 'टिप्पणी उठाउनै पर्दैन, सबै विभागीय प्रमुखहरु एकैठाउँमा बसेर निर्णय गरौं, एकैपटक हस्ताक्षर गरौं।'

बैठकमा मन्त्रालयका निमित्त सचिव केदार न्यौपानेले निजामती कर्मचारीलाई विषयगत तालिमको आवश्यकता औंल्याएसँगै मन्त्री शर्माले कर्मचारीलाई आवश्यक तालिम दिइने बताउनुभएको छ।

मन्त्रालय र विभागमा आवश्यक प्राविधिक सामग्री खरिद गर्नुपर्ने उल्लेख गर्दै मन्त्री शर्माले भन्नुभयो- 'निकासा भएको बजेट खर्च गर्न नसक्ने कर्मचारीले आफ्नो ठाउँ छाडिदिनुपर्छ, हरेक वर्ष बहाना बनाएर बजेट फ्रिज गराउने प्रवृत्ति मान्य हुँदैन।'

'हरेक विभागका प्रमुखहरुले कार्यसम्पादन करार गर्नुपर्छ', उहाँले भन्नुभयो- 'नेपाल प्रहरी र सशस्त्र प्रहरीका अधिकारीहरुले पनी सरुवा भएको एक साताभित्र कार्यसम्पादन करार गर्नुपर्छ, कार्यसम्पादन करारको आधारमा मूल्यांकन गरिन्छ।'

# पिउने पानीमा 'किटाणु धेरै'

पवित्र आचार्य, ललितपुर

ललितपुरका विभिन्न स्थानमा गरिएको सर्वेक्षणमा ४५ प्रतिशत पिउनेपानीमा किटाणु भेटिएको छ। जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुरले ३ महिना लगाएर गरेको सर्वेक्षणमा यस्तो भेटिएको हो। जनस्वास्थ्यले वैशाखदेखि सर्वेक्षण गरेको थियो। जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुरका ल्याब अधिकृत शंकर पौडेलले जिल्लाका शहरी र ग्रामीण क्षेत्रका विभिन्न स्थानमा गरिएको सर्वेक्षणमा किटाणु भेटिएको बताउनुभयो।

उहाँका अनुसार, अघिल्लो वर्षको तुलनामा यो वर्षको सर्वेक्षणले पानीमा कम किटाणु भेटिएको देखाएको हो। जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार अघिल्लो वर्ष ८२ प्रतिशत पिउने पानीमा किटाणु भेटिएको हो। अघिल्लो वर्षको असारतिर दूषित पानीका कारण हैजाको महामारी फैलिएको थियो। कसैले रोगबाट ज्यान नगुमाए पनि १ सय १९ जनालाई हैजाले सताएको थियो। बिरामी हुनेमध्ये धेरैजसो शहरी क्षेत्रका बासिन्दा रहेको सो कार्यालयले जनाएको छ।

सर्वेक्षणअनुसार गत वर्षको तुलनामा यस वर्ष दूषित पानीको मात्रा घटेसँगै दूषित पानीकै कारण बिरामी हुनेको संख्या शून्यप्रायः छ। अघिल्लो वर्ष दूषित पानी भएर हैजाका धेरै बिरामी भएलगत्तै जनचेतनाका कार्यक्रमहरु व्यापकरूपमा फैलँदा यस वर्ष दूषित पानीबाट हुने रोगमा कमी आएको जिल्ला जनस्वास्थ्य कार्यालयका ल्याब अधिकृत पौडेलले दाबी गर्नुभयो। वर्षात्को समयमा दूषित पानीको मात्रा देखिए पनि चेतनाका कारण ललितपुरका स्वास्थ्य चौकीदेखि शहरी क्षेत्रमा रहेका ठूला अस्पतालमा पनि दूषित पानीबाट हुने रोगका बिरामीमा कमी आएको छ। खुलारूपमा दिसा गर्नाले पिउने पानी, खानेकुरालगायत विभिन्न माध्यमबाट मानव शरीरमा पुगेर पानीजन्य रोग लाग्ने गरेको स्वास्थ्यकर्मीहरु बताउँछन्।

# राप्रपा विभाजन संसद्मा

काठमाडौं, (नेस)

व्यवस्थापिका संसद्को बैठकमा राप्रपाको विभाजनको विषयले प्रवेश पायो। संसद्को सोमबारको दोस्रो बैठकमा सभामुखसँग समय लिएर बोल्दै राप्रपाका सांसद दिलनाथ गिरीले आफ्नो पार्टीको विभाजन योजनाबद्ध तवरले गरिएको आरोप लगाउनुभयो।

सत्तारुढ दलकै प्रयासमा राप्रपा विभाजन गरिएको आरोप लगाउँदै उहाँले नयाँ दल दर्ताका लागि संसद् र केन्द्रीय समितिमा ४० प्रतिशत पुर्‍याउनुपर्नेमा त्यसो नगरिएको र हचुवाको भरमा निर्वाचन आयोगले समेत दल दर्ता गरिदिएको बताउनुभयो।

उहाँले आफ्नो धारणा राखिरहँदा नयाँ दल दर्ता गराएका राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक) का सांसदहरुले नियमापत्ति गर्नुभएको थियो।

# न्यूनचापीय क्षेत्रले वर्षा

काठमाडौं, (नेस)

भारतको उडिसा राज्य र बंगालको खाडी आसपासमा न्यूनचापीय क्षेत्रको प्रभावका कारण नेपालमा बदली र वर्षा भएको पाइएको छ। उक्त प्रणालीको प्रभावले देशभर बदली र केही स्थानमा वर्षा हुने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

सामान्य अवस्थामा रहेको मनसुनसँगै न्यूनचापीय क्षेत्रको प्रभावले खास गरी पूर्वी भेगमा बढी असर परेको जनाइएको छ। पूर्वका केही स्थानमा मध्यम खालको वर्षा हुने र मध्य भेगमा बदली रहे पनि हल्काफुल्का वर्षा गराउने तथा मध्य र पश्चिमी क्षेत्रका केही स्थानमा सामान्य खालको वर्षा हुने विभागले जनाएको छ।

# पूर्वसांसदको निधन

काठमाडौं, (नेस)

नेकपा एमालेले आफ्ना नेता, केन्द्रीय सल्लाहकार परिषद्का पूर्वसचिव र राष्ट्रिय सभाका पूर्वसदस्य वीरबहादुर सिंहको ७७ वर्षको उमेरमा असामयिक निधन भएकोमा आफ्नो पार्टी स्तब्ध र दुःखित भएको जनाएको छ। स्थानीय तहको निर्वाचनलगत्तै असार २७ गते राति १ बजे प्यूठान नौबहिनी गाउँपालिका-६ लुङस्थित आफ्नै घरमा राति बार्दलीबाट लडेर घाइते हुनुभएका उहाँको काठमाडौं मेडिकल कलेज अस्पताल सिनामंगलमा उपचार भइरहेकोमा निधन भएको सो पार्टीका सचिव प्रदीप ज्ञवालीद्वारा जारी वक्तव्यमा उल्लेख छ। पहिलो चरणमा २२ दिन उपचार गरिसकेपछि डिस्चार्ज हुनुभएका उहाँ पुनः अस्पताल भर्ना हुनुभएको र मस्तिश्कको चोटसँगै मृगौला र कलेजोमा उत्पन्न समस्याका कारण सघन उपचार कक्ष (आईसीयू) मा लगातार १४ दिन उहाँको उपचार भइरहेकोमा भदौ ११ गते निधन भएको जनाइएको छ।

## दुई मिनेट

### प्राडा धमला कार्यकारी निर्देशक नियुक्त

काठमाडौं, (नेस)

त्रिभुवन विश्वविद्यालयले आइतबार प्राडा भूपप्रसाद धमलालाई विश्वविद्यालयअन्तर्गत अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्रको कार्यकारी निर्देशकमा नियुक्त गरेको छ।

प्राडा धमला पाटन बहुमुखी क्याम्पसमा अंग्रेजी विषय अध्यापन गर्नुहुन्छ। उहाँले हालसम्म अंग्रेजीमा ६ वटा पुस्तक, तथा भाषा, साहित्य र राजनीति विषयमा ३२ वटा अनुसन्धानमूलक लेख विभिन्न पत्रपत्रिकामा प्रकाशित गर्नुभएको छ। उहाँ मोलुङ रिसर्च जर्नलको प्रधान सम्पादकसमेत हुनुहुन्छ।

### तालिम सम्पन्न

काठमाडौं, (नेस)

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगन्जको तत्त्वावधानमा प्रहरी प्रधान कार्यालय, सञ्चार निर्देशनालयमा सञ्चालित रेडियो अपरेटर ग्रेड टु चौथो समूहको तालिम सोमबार आयोजित एक समारोहबीच सम्पन्न भएको छ। तालिम समापनका प्रमुख अतिथि सञ्चार निर्देशनालयका प्रहरी नायव उपरीक्षक इ. गोपालबहादुर रेग्मीले प्रशिक्षार्थीहरुलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभयो।

उक्त कार्यक्रममा प्रहरी निरीक्षक भावना श्रेष्ठले तालिमसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। २७ दिन कार्यवधि रहेको सो तालिममा सञ्चारतर्फका ८ जना प्रहरी सहायक निरीक्षक र १६ जना प्रहरी हबल्दारहरुको सहभागिता रहेको थियो।

### मृत फेला

ललितपुर, (नेस)

महाँकाल गाउँपालिका मणिखेलस्थित बोल्दे खोलामा ललितपुरकै बागमती गाउँपालिका-७ दम्की बस्ने ५८ वर्षीय दानबहादुर लो सोमबार मृत अवस्थामा फेला परेका छन्। प्रहरीले सो सम्बन्धमा अनुसन्धान गरिरहेको जनाइएको छ।

यसैबीच ललितपुर महानगरपालिका-१ कुपण्डोलस्थित महिला वातावरण संरक्षण समितिको कार्यालयमा सहयोगीको रूपमा फोहर संकलनसम्बन्धी काम गर्ने धादिङ घर भएका ५५ वर्षीय रामबहादुर सार्की सोमबार कार्यालय नजिक मृत अवस्थामा फेला परेका छन्।

# बाढीपीडितलाई सहयोग



काठमाडौं, (नेस)

तरुण दल ७ नम्बर इकाइ समिति, काठमाडौंले सिरहा र सप्तरीका बाढीपीडितका लागि राहत संकलन गरेको छ। विभिन्न व्यक्ति र संस्थाबाट राहत संकलन गरी सम्बन्धित जिल्लामा पठाइने तरुण दल ७ नम्बर इकाइ समितिका अध्यक्ष मिलन जोशीले जानकारी गराए। ६४ बोरा चामल, ७ बोरा चिउरा र ३० हजार मूल्य बराबरको राहत संकलन गरिएको अध्यक्ष जोशीले जानकारी गराए।

सो सामाग्री काठमाडौं जिल्ला तरुण दलका अध्यक्ष कृष्णजी खड्का, काठमाडौं महानगरपालिकाका नगर अध्यक्ष रोशन श्रेष्ठ र क्षेत्रीय अध्यक्ष अनुप श्रेष्ठलाई अध्यक्ष जोशीले हस्तान्तरण गरे। तरुण दलको केन्द्रीय समितिको निर्देशनमा राहत संकलन गरिएको अध्यक्ष जोशीले बताए।

सहयोग गर्नेहरुमा जेनेक्स ट्रेडिङ, जीपी कोइराला मेमोरियल कलेज, नेपाल ड्राइभिङ, दीपिका बोर्डिङ हाई स्कुल, लोकबहादुर बुढाथोकी, ठाकुर सेढाईं, कुमार बोगटी, कैलाश मोटर वर्कसप, अन्नपूर्ण क्यानल क्लब, मेडिकेयर अस्पताल, मेडिकेयर फार्मेसी, प्रदीप लम्साल, चन्द्रविनायक पार्क व्यवस्थापन समिति, जिमी गेस्ट हाउस, चन्द्र विनायक भजन मण्डली, जुम क्याफे, दाउरा किचन भोजनालय, ए वान पार्टी प्यालेस र सुरेशकुमार श्रेष्ठ रहेका छन्। ३० हजार मूल्य बराबरको औषधि हेल्पिङ ह्यान्डस सामुदायिक अस्पतालले सहयोग गरेको हो।

# वैद्य माओवादी निकट विद्यार्थीको विरोध

काठमाडौं, (नेस)

त्रिभुवन विश्वविद्यालयले सञ्चालनमै नभएको अस्पताललाई मेडिकल कलेजको सम्बन्धन दिएको भन्दै वैद्य माओवादी निकट विद्यार्थी संगठनले विरोध गरेको छ। अखिल क्रान्तिकारीले स्वास्थ्य क्षेत्रमा निजीकरण, व्यापारीकरण, माफियाको चलखेल भएको भन्दै काठमाडौं नेसनल मेडिकललाई माफियाको साँठगाँठमा स्वीकृति दिएको भन्दै आपत्ति जनाएको छ।

क्रान्तिकारीको अध्यक्ष सेवन्तराज भण्डारीले त्रिभुवन विश्वविद्यालयका उपकुलपति तीर्थ खनियाँलाई अस्पतालको खारेजीको माग गर्दै विरोधपत्र बुझाएका छन्। क्रान्तिकारीले सार्वोच्च अदालतले दिएको आदेशको अपव्याख्या गरी सम्बन्धन दिएको, डाक्टर गोविन्द केसीसँग गरेको सम्झौताविरुद्ध मेडिकल कलेजका लागि लाइसेन्स दिइएको, आवासिय प्रयोजनका लागि बनाइएको अपार्टमेन्टलाई अस्पतालका रूपमा लिएको भन्दै ध्यानाकर्षण गराएको हो।

यस्तै, क्रान्तिकारीले अबैधरूपमा नेसनल अस्पताल सञ्चालनको अनुमति दिइएको भन्दै उक्त निर्णय तत्काल फिर्ता नगरे कडा संघर्षमा जाने र सामाजिक बहिष्कारको साथै प्रतिरोध गर्ने घोषणासमेत गरेको छ।

# हिन्दुराष्ट्र बन्न नदिन विभाजन : थापा

काठमाडौं, (नेस)

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले 'नेपाललाई हिन्दू राष्ट्र बन्न नदिने षड्यन्त्र' बाट विभिन्न शक्तिले आफ्नो दललाई विभाजन गरेको आरोप लगाउनुभएको छ।

सो पार्टीले सोमबार आयोजना गरेको काठमाडौं उपत्यकास्तरीय कार्यकर्ता भेलामा अध्यक्ष थापाले तत्कालीन राप्रपा नेपाल तथा राप्रपाबीच भएको एकीकरणपछि मुलुकमा बलियो राष्ट्रवादी शक्ति निर्माण हुनलागेकोमा त्यसलाई अवरोध गर्ने उद्देश्यबाट पार्टीका केही नेतालाई साथ लिएर विभाजन गराइएको विचार व्यक्त गर्नुभयो।

## सञ्चारमन्त्रीको छड्केमा पत्रकारसमेत परे

काठमाडौं, (नेस)

सूचना तथा सञ्चारमन्त्री मोहनबहादुर बस्नेतले गोरखापत्र संस्थान र नेपाल दूर सञ्चार प्राधिकरणमा छड्के गरी अनुपस्थित भएका कर्मचारीलाई ७ दिनभित्र लिखित स्पष्टीकरण दिन निर्देशन दिनुभएको छ। मन्त्री बस्नेतले गोरखापत्र संस्थानमा छड्के गर्दा संस्थानका अध्यक्ष गोविन्द पोखरेलसहित ७९ जना अनुपस्थित भएको पाइएपछि मन्त्री बस्नेतले स्पष्टीकरण सोध्न मन्त्रालयलाई निर्देशन दिनुभएको थियो। त्यस्तै मन्त्री बस्नेतले प्राधिकरणमा समेत छड्के चेक गर्दा प्राधिकरणका अध्यक्ष दिगम्बर झासहित १० जना अनुपस्थित रहनुभएको मन्त्रालयद्वारा जारी वक्तव्यमा उल्लेख छ।

हार्दिक श्रद्धाञ्जली



जन्म २०१४।६।२४
स्वर्गारोहण २०७४।५।२

स्व. डा. चिदानन्द पण्डित

यस संस्थाका संस्थापक सदस्य हुनु भई लेखा समिति सदस्य तथा सल्लाहकार समेत रही सक्नुभएका सदस्यहरू श्रीमती रुक्मिणी पण्डितका श्रीमान्, डा. विष्णुप्रसाद पण्डित, डा. रामजीप्रसाद पण्डितका भाइ, श्रीमती मेनका पण्डितका जेठाजु, श्री दिनानाथ पण्डितका दाजु तथा श्री वेदान्त पण्डितका ठूलोबुवा **प्रा.डा. चिदानन्द पण्डित**को असामयिक निधन भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

**एकता बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
एकता भवन, शान्तिनगर, काठमाडौं










माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : आकस्मिक रोगको भय, काममा बाधा-व्यवधान, धनहानि।
**वृष** : धनलाभ, वाहनलाभको सम्भावना, जीवनसाथीबाट सहयोग।
**मिथुन** : आर्थिक लाभ, विजयको सम्भावना, स्वास्थ्यलाभ, सुख।
**कर्कट** : काममा सफलता, धनलाभ, सन्तान-सुख, शुभ कार्य।
**सिंह** : स्वास्थ्य समस्या, पारिवारिक विवाद, दौडधुप, आलश्य।
**कन्या** : द्रव्यलाभ, पराक्रम-प्रतिष्ठा वृद्धि, पुरस्कृत हुने सम्भावना।
**तुला** : धनलाभ, मानसिक क्षमता वृद्धि, सुख-सन्तोष।
**वृश्चिक** : अन्नलाभ, भाग्योदय, उत्तम भोजन, कार्य सफल।
**धनु** : धननाश, रोगको सम्भावना, दुर्घटनाको भय, विवाद।
**मकर** : वस्तु/सेवा प्राप्ति, उत्तम भोजन, परिवार-सुख, लाभ।
**कुम्भ** : सुख-सन्तोष, सफलता, स्वस्थताको महसुस, मन प्रफुल्लित।
**मीन** : राज्यबाट लाभ, यश वृद्धि, व्यापारमा आम्दानी, शुभ यात्रा।

# नेपाल

असोज २ गते हुने प्रदेश नम्बर २ को स्थानीय तहको निर्वाचनका लागि रौतहटमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ। स्थापना गरिएको कार्यालयको सम्बन्धित निर्वाचन अधिकृतले उद्घाटन गरी विधिवत् रूपमा कार्यालय सञ्चालन ल्याइएको छ।

## सिरहामा अझै उम्मेदवारको टुंगो लागेन

फिरोज सिद्दिकी, सिरहा

तेस्रो चरणअन्तर्गत स्थानीय तहको निर्वाचन आउन अब २० दिन मात्र बाँकी रहँदा पनि राजनीतिक दलहरूको स्पष्ट उम्मेदवार चयन हुन नसक्दा कार्यकर्ता निराश भएका छन्।

सिरहामा चार प्रमुख राजनीतिक दलबीच प्रतिस्पर्धा हुने देखिएको छ। निर्वाचनको मिति नजिकिँदै जाँदा राजनीतिक दलहरू आमसभा, कोणसभा, सञ्चारमाध्यमबाट प्रचारप्रसार तथा घरदैलो जस्ता कार्यक्रम गरी मतदातालाई आफ्नो पक्षमा आकर्षित गर्न थाले पनि आजका दिनसम्म प्रमुख राजनीतिक दलहरूले उमेदवारको टुंगो लगाउन नसक्दा कार्यकर्तामा निराशा छाएको छ।

नेपाली कांग्रेसको उम्मेदवार टुंगो लाग्न अझै दुई-चार दिन लाग्ने नेपाली कांग्रेस जिल्ला सभापति रामचन्द्र यादवले बताउनुभएको छ। कांग्रेसमा उम्मेदवारको चयन नहुँदा कार्यकर्ता निरास हुनु स्वाभाविक भएको भन्दै सभापति यादवले उम्मेदवारका लागि आन्तरिक प्रतिस्पर्धा तीव्र रहेकाले सबैको चित्त बुझाउन समय लागिरहेको प्रस्ट्याउनुभएको छ।

स्थानीय तहको निर्वाचन मिति नजिकिँदै जाँदा आ-आफ्नो तवरबाट यसको प्रचार गर्ने र उम्मेदवारी दाबी गर्नेहरूको संख्या पनि बढिरहेको छ। यसैबीच पछिल्लो समय स्थानीय तहको निर्वाचनमा लहान नगरपालिकाको मेयरका उम्मेदवार चयनको विषय सर्वाधिक चासोका रूपमा हेरिएको छ।

नेकपा एमालेले लहान नगरपालिकामा मेयरका रूपमा मुनी साहलाई उम्मेदवार चयन गरेपछि चर्चाको विषय बनेको छ। २०५४ सालको स्थानीय निर्वाचनमा लहान नगरपालिकाको मेयरमा निर्वाचित भएका साहले अहिले पनि मेयरमा आफ्नो उम्मेदवारी दिएका छन्। माओवादी केन्द्रले प्रदेश नम्बर २ का स्थानीय तहका उम्मेदवार मंगलबार टुंगो लगाउने प्रदेश नम्बर दुईका संयोजक विश्वनाथ साहले जानकारी दिनुभयो। उहाँले प्रदेश नम्बर २ का ८ वटै जिल्लाका १ सय ३६ तहमध्ये करिब ७५ प्रतिशत उम्मेदवारको टुंगो लागिसकेको र बाँकी २५ प्रतिशत मंगलबार पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सहित जनकपुरमा बस्ने बैठकले बाँकी उम्मेदवारको टुंगो लागाउने साहले बताउनुभयो। सम्पूर्ण उम्मेदवार चयन भइसकेपछि घोषणा सभामार्फत् सार्वजनिक गर्ने बताउनुभयो।

नेकपा एमाले जिल्ला अध्यक्ष प्रमोद यादवका अनुसार सम्पूर्ण स्थानीय तहको उम्मेदवार सार्वजनिक गर्न केही ठाउँमा मात्रै समस्या रहेको छ। त्यस ठाउँमा पनि यही एक/दुई दिनमै सार्वजानिक गर्ने भन्दै अधिकांश ठाँउमा उम्मेदवारहरू आफ्नो प्रचारप्रसारमा लागिसकेको बताउनुभयो।

त्यसै गरी संघीय समाजवादी फोरम नेपालले स्थानीय तहका निर्वाचनका लागि उम्मेदवारको टुंगो लगाएको छ। लहान नगरपालिकामा मेयरको उम्मेदवार वैधनाथप्रसाद साह, उपमेयरमा रीता यादव, सिरहा नगरपालिकामा मेयर अशेश्वर यादव, सुखीपुर नगरपालिकाको मेयरमा लक्ष्मण चौधरी, गोलबजार नगरपालिकाको मेयरमा कृष्णकुमार सिंह, उपमेयरमा रेणुका यादव, सखुवा नन्कारकटी गाउँपालिकामा प्रमुख रामनारायण यादव, उपप्रमुख शोभा यादव, भगवानपुर गाउँपालिकामा प्रमुख वेचनप्रसाद यादव, उप प्रमुख सीतादेवी यादव रहेका छन्।

यसै गरी अर्नमा गाउँपालिकामा प्रमुख अशोककुमार यादवको नाम चयन भएको केन्द्रीय सदस्य सत्यनारायण यादवले जानकारी दिँदै बाँकी रहेको नगरपालिका र गाउँपालिकामा पनि यही एक/दुई दिनमै नाम टुंगो लाग्ने बताउनुभएको छ। उहाँका अनुसार सिरहाको १७ स्थानीय तहमा संघीय समाजवादी अरू दलभन्दा मजबुत रहेकाले चुनावी प्रचारप्रसार घरघरमा गर्न नेता कार्यकर्ता आफ्नो दलको घोषणापत्र लिएर जाने तयारीमा रहेका छन्।

राष्ट्रिय जनता पार्टीले उम्मेदवारको टुंगो लगाउन सक्रिय भएका छन्। त्यस पार्टीका जिल्ला संयोजक उपेन्द्र सिंहले चाँडै जिल्लाको १७ स्थानीय तहमा उम्मेदवार टुंगो लगाउने बताउनुभयो।

## उत्साहजनक सहभागितामा निर्वाचन कार्यालय स्थापना



नेपाल समाचारपत्र
गौर, रौतहट

उत्साहजनक सहभागितका बीच रौतहटमा सोमबार निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको छ। असोज २ गते हुने प्रदेश नम्बर २ को स्थानीय तहको निर्वाचनका लागि रौतहटमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ। स्थापना गरिएको कार्यालयको सम्बन्धित निर्वाचन अधिकृतले उद्घाटन गरी विधिवत् रूपमा कार्यालय सञ्चालन ल्याइएको छ।

रौतहटमा १५ नगरपालिका र २ गाउँपालिका गरी १७ स्थानीय तह रहेको छ। सबै तहमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्ने क्रममा राजनैतिक पार्टीका नेता, कार्यकर्ता र मतदाताहरूको उल्लेख्य सहभागिता रहेको थियो। कार्यालय स्थापनापछि निर्वाचन अधिकृतले सहभागीलाई उम्मेदवारको योग्यता, अयोग्य हुने आधार, निर्वाचनमा खर्च गर्न पाउने क्षेत्राधिकार, सवारीसाधनको प्रयोगलगायतका आचारसंहितको विषयमा प्रशिक्षण गराउनुभएको थियो। निर्वाचन अधिकृतको कार्यालय खुलेसँगै राजनैतिक पार्टीको गतिविधिसमेत मतदाताको घरमा बढ्न थालेको छ।

५ महिना ढिलो हुन लागेको प्रदेश नम्बर २ को स्थानीय तहको निर्वाचनमा सबै तयारी पूरा गरिसकेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। चन्द्रपुर नगरपालिकाका निर्वाचन अधिकृत कमलराज भण्डारीले असोज २ गते निर्वाचन भयरहित, शान्त र उल्लेख्य मतदाताले मतदान गर्ने वातावरण बनाउने बताउनुभयो। राजनैतिक पार्टीले उम्मेदवारको अझै टुंगो लगाउन नसके पनि रौतहटमा चुनावी सरगर्मी बढेर गएको छ। मोटरसाइकल र चारपांग्रे सवारीसाधनमा मात्र हैन व्यक्तिका घरमा समेत पार्टीको झन्डा फहराउन थालेको छ। बाढीपीडितले थलिएको तराईको रौतहटमा जनजीवन सामान्य बन्दै गएसँगै चुनावी माहोल तातेको छ।

सबै पार्टीका नेतालाई उम्मेवादरको छनोट गर्न समेत कठिनाइ भएको छ। २० वर्षपछिको स्थानीय तहको निर्वाचनमा आकांक्षी धेरै भएका कारण पार्टी नेतृत्वलाई उम्मेदवार छनोट गर्न रस्साकसी भएको छ। उम्मेदवार छनोटमा देखिएका मतभिन्नताले रौतहटमा पार्टी गुटगतमा जाने चिन्तामा पार्टी नेतृत्व रहेको छ जसले गर्दा चुनावमा पराजय हुन सक्ने आँकलनसमेत रहेको छ।

## दुई मिनेट

### खर्च विवरण बुझाएनन्

बाजुरा, (नेस)

दोस्रो चरणको निर्वाचनमा बाजुराका नौवटा स्थानीय तहका ४ सय ४५ उम्मेदवारले मात्र चुनाव खर्च विवरण बुझाएका छन्। जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी मानबहादुर थाका अनुसार निर्वाचन खर्च विवरण बुझाउनेमा त्रिवेणी नगरपालिकाबाट ५३, बडिमालिकाबाट ७८, बूढीगंगाबाट ४९, बूढीनन्दाबाट ४३, गौमूल गाउँपालिकाबाट ५३, पाण्डवगुफाबाट ३०, हिमालीबाट ३८ र स्वामीकार्तिक गाउँपलिकाबाट ४ जनाले मात्र खर्च विवरण बुझाएका छन्। ३ सय ६० सिटका लागि ९ सय ९० जनाको उम्मेदवारी परेको थियो। जसमा ५ सय ४५ उम्मेदवारले अझै निर्वाचन खर्च विवरण बुझाएका छैनन्।

### विद्यार्थी आन्दोलित

रुकुम, (नेस)

त्रिभुवन जनता माध्यमिक विद्यालयका विद्यार्थी आन्दोलित भएका छन्। निर्माण सम्झौता भएको छ वर्षसम्म पनि भवन निर्माण नभएपछि उनीहरू आन्दोलित भएका हुन्। भारतीय दूतावासको सहयोगमा भवन निर्माण हुने सम्झौता भएको थियो। सम्झौताअनुसार २०७२ फागुन मसान्तसम्म भवन निर्माण भइसक्नुपर्ने सम्झौता थियो। निर्माणको ठेक्का लिएको ठेकेदारको लापरबाहीका कारण भवन निर्माण हुन नसकेको भन्दै विद्यार्थीले बजार परिक्रमा गरी जिल्ला समन्वय समिति अगाडि धर्नासमेत दिएका थिए।

### ५ बालबालिकाको उद्धार

दोलखा, (नेस)

जिल्ला बाल कल्याण समितिको पहलमा जिल्ला प्रहरी कार्यालय दोलखाले बाल मजदुरका रूपमा दोलखा सदरमुकाम चरिकोटको एक होटलमा काम गर्दै आएका पाँच जना बालबालिकालाई उद्धार गरेको छ। सिविन नेपाल र अन्य सरोकारवालाको सहयोगमा दोलखा सदरमुकाम चरीकोटस्थित रेशिका होटलमा काम गदै आएका ३ बालक र २ बालिकाको उद्धार गरिएको जिल्ला बाल कल्याण समिति दोलखाका सूचना व्यवस्थापक शान्ति खड्काले जानकारी दिनुभयो।

### जिससमा कांग्रेस एक्लियो

बर्दिया, (नेस)

बर्दिया जिल्ला समन्वय समितिको प्रमुखमा माओवादी केन्द्र र नेकपा एमालेको समीकरण भएको शंकरप्रसाद थारूको प्यानल विजय भएको छ। केन्द्रीय समीकरणलाई बेवास्ता गर्दै स्थानीय स्तरमा नेपाली कांग्रेसलाई एक्लो बनाएर जिल्ला समन्वय समिति आफ्नो पक्षमा पार्न सफल भएका छन्। जिल्ला समन्वय समितिको प्रमुखमा नेकपा माओवादी केन्द्रका शंकरप्रसाद थारू र उपप्रमुखमा नेकपा एमालेका मानबहादुर विष्ट विजयी हुनुभएको छ।

## माइक्रोबसको ठक्करले विद्यार्थीको मृत्यु

स्याङ्जा, (नेस)

स्याङ्जाको वालिङ नगरपालिका-९ स्थित भुम्रे चोकमा माइक्रोको ठक्करबाट एक स्कुले विद्यार्थीको निधन भएको छ भने ४ जना घाइते भएका छन्। पार्किङमा रोकेर राखेको ग१ख ३५७९ नम्बरको माइक्रोबसले ठक्कर दिएर घाइते भएकी पर्वत घर भई वालिङ भुम्रेमा बस्दै आएकी वर्ष १२ की अमिशा थापाको उपचारका लागि लैजाँदै गर्दा बाटोमा मृत्यु भएको वडा प्रहरी कार्यालय वालिङका प्रहरी निरीक्षक चीनकपूर गुरुङले बताउनुभयो। अन्य ४ जना गम्भीर घाइतेलाई पोखरा रिफर गरिएको प्रहरीले जनाएको छ।

गम्भीर घाइते हुने ५५ वर्षीय बद्री श्रेष्ठ, वर्ष १३ की सिर्जना श्रेष्ठ, २८ वर्षीय लोकप्रसाद कुमाल र १८ वर्षीय अर्जुन कुमाल रहेका छन्।

घाइते हुने वालिङ-९ का स्थायी बासिन्दा रहेको प्रहरीले जनाएको छ। मृतक थापा वालिङस्थित भूपू सैनिक अंग्रेजी आवासीय विद्यालयमा कक्षा ६ मा अध्ययनरत विद्यार्थी हुन्।

ड्राइभर नभएको मौका छोपी पार्किङमा रोकी राखेको माइक्रोबस सहचालकले चलाउँदा दुर्घटना भएको प्रहरीले जनाएको छ। नजिकैको पसलमा ठोक्किएका कारण ठूलो क्षति हुनबाट जोगिएको स्थानीयले बताएका छन्। सहचालकको लापरबाहीका कारण एक स्कुले विद्यार्थीको मृत्युसँगै ४ जना गम्भीर घाइते हुन पुगेका छन्। यसको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

जग्गा विक्रीमा
का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।
सम्पर्क नं.:- ९८४१३१४७८१

वर्गीकृत डिस्प्ले
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६ ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

डिप्रेशन र माईग्रेनको सफल उपचार !!!

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

मर्मत

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरू धमाधम बिक्री भइरहेको छ। डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला।

उपलब्धी सुविधाहरू
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

चाहियो

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
राजु मो-बाइक कन्सर्न
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

बाथ तथा दमको अचुक उपचार

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**

**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

काठमाडौं: गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर ●गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

ललितपुर: हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

भक्तपुर: सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, भदौ
मंगलबार
१३

‘घर बनाउन त थालियो कसरी सम्पन्न गर्ने भन्ने सपना देखिरहेको छु’, कान्छाले भने- ‘चामल बरु सस्तो छ। बालुवा त्यति महँगो छ। पहिलेकै जस्तो घर बनाउन पाउँदैन भन्छ। त्यस्तै बनायो भने सरकारले पैसा दिन्न रे।’

# नेपाल

## दुई मिनेट

### भाइरलका बिरामी बढे

ताप्लेजुङ, (नेस)

मौसम परिवर्तनसँगै जिल्ला अस्पताल ताप्लेजुङमा बिरामीको चाप ह्वात्तै बढेको छ। रुघाखोकी, ज्वरो, टाइफाइडलगायत भाइरल रोगको बिरामीको चाप बढेको अस्पताल प्रशासनले जनाएको छ। अहिले दैनिक १ सय ३० देखि १ सय ५० जनाको हाराहारीमा बिरामी आउने गरेको जिल्ला अस्पताल ताप्लेजुङका चिकित्सकले बताएका छन्। खास गरी फरक खालको भाइरल तथा डायरियाको बिरामी पछिल्लो समय ह्वात्तै बढेको डा. रञ्जितराज पाठकले बताउनुभयो।

### डीएसपीको स्वागत जिशिअको बिदाइ

बाजुरा, (नेस)

जिल्ला समन्वय समिति बाजुराले एक कार्यक्रमका बीच प्रहरी नायब उपरीक्षक अर्जुन रानाभाटलाई स्वागत गरेको छ।

उहाँलाई बडिमालिका नगरप्रमुख पदम बडुवालले खादा ओडाएर स्वागत गर्नुभएको थियो। त्यस्तै जिल्ला शिक्षा अधिकारी नागेन्द्रप्रसाद रेग्मीलाई जिल्ला समन्वय समिति संयोजक नरेन्द्रकुमार रोकायाले खादा तथा अबिर लगाएर बिदाइ गर्नुभएको छ। जिशिअ रेग्मीले बाजुराको गुणस्तरीय विकासका लागि भौतिक संरचना निर्माणमा ठूलो योगदान गर्नुभएको छ।

### भाइरल ज्वरोले एकको मृत्यु

सल्यान, (नेस)

भाइरल ज्वरोका कारण पश्चिम सल्यानमा एक जनाको ज्यान गएको छ। अरू धेरै गाउँले बिरामी परेका छन्। बन्गाड कुपिण्डे नगरपालिका-५ राउँचेकी ३६ वर्षीया भगवती साहुको ज्वरोका कारण उपचारका क्रममा मृत्यु भएको हो।

एक महिनादेखि भगवतीलाई आफन्तले उपचारका लागि नेपालगन्ज लगेका थिए। नेपालगन्ज भेरी अञ्चल अस्पतालमा उपचार हुन नसकेपछि अस्पतालले लखनउ रिफर गरेको थियो। उपचारका क्रममा लखनउमा मृत्यु भएको श्रीमान् टेकबहादुर साहुले बताए।

### सडक अवरुद्ध हुँदा यात्रु मर्कामा

बाजुरा, (नेस)

साँफे-मार्तडी सडक खण्ड अन्तर्गतको तिपाडा र ओलनोको बीचमा पर्ने सडक खण्डमा पहिरो जाँदा यातायात ठप्प भएको छ। सदरमुकाम मार्तडीबाट करिब १४ किलोमिटर दूरीमा पर्ने उक्त ठाउँबाट यात्रुवाहक बस तथा मिनी ट्रक ओलेनामै रोकिएका छन्। निर्माणाधीन बार्जुगाड मार्तडी सडक खण्ड विभिन्न ठाउँमा पहिरो जाँदा यात्रुले कष्टकर यात्र गर्न बाध्य छन्।

### पोखरा रंगशालामा खानेपानी

पोखरा, (नेस)

पोखरा रंगशाला अब काकाकुलबाट मुक्त भएको छ। लामो समयदेखि पानीविहीन रंगशालामा पानीको व्यवस्थापन गरिएको छ। पोखरा रंगशालाभित्र बोरिङ गरी खानेपानीको आपूर्ति गरिएको छ। खानेपानी आपूर्ति गर्न पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका सदस्य सम्पन्न श्रेष्ठको पहलमा निर्माण गरिएको हो। पोखरा रंगशाला घेराबन्दी गरिएपछि नेपाल भूतपूर्व खेलाडी मञ्चको पहलमा २०६४ सालमा खानेपानी आपूर्तिका लागि बोरिङ खनिएको थियो।

### डिप्लोमा इन्जिनियर्समा मैनाली

काभ्रे, (नेस)

डिप्लोमा इन्जिनियर्स एसोसिएसन नेपाल (डिन) काभ्रेको सातौं जिल्ला अधिवेशन सम्पन्न भएको छ। अधिवेशनले गणेशप्रसाद मैनालीको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति चयन गरेको छ। डिनका केन्द्रीय अध्यक्ष कामेश्वरप्रसाद सिंहको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा अतिथिहरू सहअध्यक्ष वर्मलाल राजभण्डारी, जिल्ला प्राविधिक कार्यालय काभ्रेका प्रमुख जिल्ला इन्जिनियर लोकनाथ रेग्मी रहेका थिए। कार्यक्रममा सोवित श्रेष्ठ, हरेराम हुमागाईं, उज्ज्वल अर्याल, राजकुमार प्रधान, अशोक अधिकारीलगायतले मन्तव्य राखेका थिए।

### जनचेतनामूलक स्टिकर लगाइने

डोटी, (नेस)

डोटीबाट सञ्चालन हुने सार्वजनिक बसहरूमा जनचेतनामूलक स्टिकर टाँस गरिने भएको छ। डोटीलगायत यहाँका पहाडी जिल्लाबाट वर्षेनी ठूलो संख्यामा स्थानीयबासी कामका लागि भारत लगायत तेस्रो मुलुक जाने भएकाले त्यहाँ अपनाउनुपर्ने कुरा समेटिएका स्टिकरहरू बसमा टाँस गरिने निड्स नेपालका वरिष्ठ कार्यक्रम प्रबन्धक तथा आप्रवासन टिम लिडर प्रकाशचन्द्र मडैले बताउनुभयो।

## भूकम्पपछिको गोरखा पुनर्निर्माण

# ‘चामलभन्दा बालुवा महँगो’

सन्तोष अधिकारी, गोरखा



धार्चे गाउँपालिका-६ काशीगाउँका कान्छा गुरुङले घर बनाउन शुरू गरेको एक महिना भयो। उनले ढुंगा र सिमेन्ट जोडमा दुईतले घर बनाउन लागेका हुन्। भूकम्पले घर ध्वस्त भएर चिन्ताको भुमरीमा दुई वर्ष रुमल्लिएका उनी अहिले घर पुनर्निर्माण कसरी सम्पन्न गर्ने चिन्ताको भुमरीमा परेका छन्।

‘घर बनाउन त थालियो कसरी सम्पन्न गर्ने भन्ने सपना देखिरहेको छु’, कान्छाले भने- ‘चामल बरु सस्तो छ। बालुवा त्यति महँगो छ। पहिलेकै जस्तो घर बनाउन पाउँदैन भन्छ। त्यस्तै बनायो भने सरकारले पैसा दिन्न रे।’ भूकम्प प्रतिरोधी घर बनाउन पर्छ भन्ने ज्ञान अझै राम्रोसँग नबुझिसकेका कान्छा सरकारले दिने दोस्रो र तेस्रो किस्ता बुझ्नैका लागि ढुंगामा सिमेन्ट जोडको घर बनाउँदै छन्।

उनका अनुसार उनको गाउँमा मन्सुली चामल ३० केजीको एक बोराको १५ सय पर्छ। तर एक बोरा बालुवा लैजान त्योभन्दा महँगो पर्ने उनी बताउँछन्। ‘बालुवा ल्याउनै नसकिने भइयो’, उनले भने- ‘बूढीगण्डकीमा बालुवा झिक्नै नसकिने भएको छ। सधैं बाढी आएको छ। खोला वारपार भएको छ। मान्छेले बोकेर जान पनि अहिले गाउँमुनि गण्डकीमा बालुवा झिक्ने ठाउँ छैन। सोती बजारतिरबाटै लैजानुपर्छ। गाउँमा आवश्यक खाद्यान्न लिन खच्चड सोती आए पनि उसलाई बोराको १५ सय र खच्चडवालालाई खाजासमेत खुवाउनुपर्छ।’

कान्छाकै जस्तो समस्या इच्चा निमाविका प्रधानाध्यापक विजयराज सापकोटाले पनि बेहोरिरहेका रहेछन्। ‘विद्यालय बनाउनै समस्या’ गोरखा सदरमुकाममा भएको एक कार्यक्रममा बोल्दै उनले भने- ‘विद्यालय बनाउन चेया नेपालले जिम्मा लियो। अर्धपक्की भवन बनाउन महाभारत नै खेपियो नि हामीले त। सबैभन्दा समस्या बालुवा ढुवानीमा खेपियो।’

चेया नेपालले ५६ लाख रुपियाँ खर्चेर अर्धपक्की आठकोठे विद्यालय भवन निर्माण गरिदिएको हो। भूकम्पपछिको पुनर्निर्माणमा तत्कालको अवस्थामा अर्धपक्की भवन बनाउनेलाई मात्र स्वीकृति दिएको थियो। उत्तरी गोरखामा आवश्यक ढुवानीको एक मात्र साधन नै खच्चड हो। उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका र धार्चे गाउँपालिकाको केही वडा अहिले पनि सडक सञ्जालले नजोडिएका क्षेत्र हुन्।

## पाँच विद्यालयको पुनर्निर्माण

गोरखा, (नेस)

उत्तरी गोरखाका विभिन्न पाँचवटा विद्यालयको पुनर्निर्माण भएको छ। सहयोगी संस्था चेया नेपालको सहयोगमा शिव प्रावि, बुद्ध मावि, सिम्चेत प्रावि, गंगा जमुना निमावि, चुम्लिङ प्राविको केही कक्षाकोठा तथा भवनहरू पुनर्निर्माण भएको हो। भूकम्पले विद्यालय ध्वस्त भएपछि टन्टको टहरामा सञ्चालन भएका ती विद्यालय अहिले नयाँ भवनबाट सञ्चालनमा आएका छन्। त्यस्तै बालकल्याण प्रावि र इच्छा निमाविको भवन भने निर्माण सम्पन्नको अन्तिम चरणमा पुगेको सोमबार गोरखा सदरमुकाममा आयोजित एक कार्यक्रममा संस्थाले गरेको कार्य प्रगति सुनाउँदै चेया नेपालकी सृष्टि सिलवालले जानकारी दिइन्।

विद्यालय पुनर्निर्माणसँगै सो संस्थाले खेलकुदका सामग्री, विद्यार्थीबीच खेलकुद प्रतियोगिता गर्ने, शिक्षक तालिम दिने, पुस्तकालयका लागि सहयोग गर्नेलगायतका काममा पनि सहयोग गरेको जनाएको छ। त्यस्तै उत्तरी गोरखाका भूकम्पपीडितलाई राहत सहयोग, निःशुल्क स्वास्थ्य शिविर पनि संस्थाले गरिरहेको जिल्ला जनस्वास्थ्य कार्यालयका निमित्त कार्यालय प्रमुख नरजंग ठकुरीले जानकारी दिए।

सो संस्थाले चीनसँग सिमाना जोडिएको उत्तरी गोरखाको छेकम्पारमा गर्भवती तथा सुत्केरी महिलालाई ध्यानमा राखेर बर्थिङ सेन्टरसमेत सञ्चालनमा ल्याएको छ। सहजै सुत्केरी हुन नसकेका आमाहरू कि हेलिकोप्टर चार्टर गरेर काठमाडौंलगायतका शहरमा जानुपर्ने बाध्यता छेकम्पारका महिलाहरूमा अहिले नभएको जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ। चेयाकै सहयोगमा सो बर्थिङ सेन्टरमा नर्सले पनि सेवा दिइरहेकी छन्।

चेयाले आगामी कार्यक्रममा उत्तरी क्षेत्रमा सञ्चालन भइरहेका केही कार्यक्रमलाई निरन्तरता दिने र पालुङटार नगरपालिकामा बर्थिङ सेन्टरका लागि भवन निर्माण गरिदिने जनाएको छ। त्यस्तै जलवायु परिवर्तनलाई रोक्न विभिन्न वातावरण अनुकूलन कार्यक्रम पनि गर्ने जनाएको छ।

सोमबार चेयाको कार्यक्रमबारे जानकारी दिन कार्यक्रम जिल्ला समन्वय समितिका अध्यक्ष अशोक गुरुङको अध्यक्षतामा सम्पन्न भएको हो।

## मृतक परिवारललाई सरकारी राहत

महोत्तरी, (नेस)

बाढीका बेला महोत्तरीमा मृत्यु भएका परिवारजनलाई सरकारले राहत दिएका छन्। तराई मधेसमा आएको बाढीका कारण मृत्यु भएकालाई सरकारले घोषणा गरेका २ लाखप्रति व्यक्ति राहतमध्ये तत्काल २५ हजारका दरले दिएको छ भने बाँकी रकम सरकारले पठाउनेबित्तिकै पीडितलाई वितरण गर्ने महोत्तरीका प्रमुख जिल्ला अधिकारी बाबुराम श्रेष्ठले बताए।

महोत्तरीका सीडीओ श्रेष्ठले बाढीबाट मृत्यु भएका जलेश्वर-२ निवासी १५ वर्षीय युवक बिक्की ठाकुरको बुबा रामकुमार ठाकुर र पिपरा गाउँपालिका-६ रतौलीका ८ महिने बालक रितेश सदाका आमालाई उनकै घरमा पुगेर सरकारी राहत रकम २ लाखमध्ये २५ हजार तत्काल बुझाएको छ भने मृतकहरूको घरमै पुगेर उनीहरूको पारिवारिक अवस्थासमेत बुझी उनीहरूलाई यस्तो दुःखद घडीमा धैर्य धारण गर्न हौसला बढाएका छन्।

महोत्तरी जिल्लामै बाढीकै कारण मृत्यु भएका ९ वटै परिवारजनलाई घरमै भेटेर तत्काल २५ हजारको दरले रकम दिने र थप रकमपछि सरकारले पठाउनेबित्तिकै पाउने जानकारी गराए। प्रजिअ श्रेष्ठले अहिले राहत कार्य जारी रहेको बताउँदै यसमा नेपाल सरकारलगायत विभिन्न संघसंस्थाले राहत सामग्रीहरू द्रुतगतिमा वितरण भइरहेको बताए।

महोत्तरीमा गत साउन २८ गते आएको बाढीका कारण जलेश्वर-२ खैराचोक निवासी १५ वर्षीय बिक्कीकुमार ठाकुरको मृत्यु भएको थियो भने भंगहा-७ स्थित बाढीको पानीमा विद्युत्को नांगो तारका कारणले करेन्ट लागेर ४० वर्षीय महेश सिंहको मृत्यु भएको थियो। त्यस्तै भंगहा-३ मुसहर टोलका ३५ वर्षीया शैलु देवीलाई बाढीको पानीमा सर्पले टोक्दा उपचारका लागि अस्पताल लग्ने क्रममा बाटोमै मृत्यु भएको थियो भने गौशाला मलेनिया पोखरी घर भएकी कोरमवती सदा मुसहर सुर्ती विकासबाट आउँदै गर्दा बाढीले बगाएर ज्यान गएको थियो। त्यस्तै पिपरा-६ रतौलीका ८ महिने दूधे बालक रितेश सदालाई समेत बाढीले बगाएर ज्यान गएको थियो।

त्यस्तै बाढीले चारैतिरको बाटो अवरुद्ध पारेपछि उपचारका लागि अस्पताल पुग्न नपाउँदै भंगहा-१ कविलासाका २४ वर्षीया गर्भवती महिला कविताकुमारी साहको ज्यान गएको थियो।

## नेतैनेता भएको नगरपालिका

# अझै पास भएन नगर कार्यविधि

दयाराम पण्डित, बाजुरा

जिल्लामै सबैभन्दा बढी नेता भएको नगरपालिका बूढीगंगा नगरपालिका हो। दोस्रो चरणको निर्वाचनअन्तर्गत गत असार १४ गतेको निर्वाचनबाट निर्वाचित भएका जनप्रतिनिधिले चार महिना बित्न थाल्दा पनि बूढीगंगा नगरपालिकाको नगर सञ्चालन कार्यविधि अझै बनाउन सकेका छैनन्।

स्थानीय तह सञ्चालन कार्यविधि आजसम्म पास नहुँदा नगरपालिकाको कामकार्य ठप्प भएको छ। ‘स्थानीय तह सञ्चालका लागि आवश्यक पर्ने विनियोजन ऐन, आर्थिक ऐन, नगर बैठकसम्बन्धी कार्यविधि कार्यसम्पादन नियमावली, कार्यविभाजन नियमावली, नगरसभा सञ्चालन कार्यविधिलगायतका सबै कार्यविधि हामीले बनाएका छौं। तर, नगर कार्यसमितिले स्थानीय ऐन कानुन पास गरेको छैन’ -बूढीगंगा नगरपालिकाका प्रमुख दीपकविक्रम शाहले बताउनुभएको छ। ‘नेपालको संविधान २०७२ र संसदीय प्रणालीमा आधारित रहेर कार्यविधि बनाइएको छ।

यहाँ अल्पमत र बहुमतका कारण कार्यविधि पास भएको छैन। मेयर उपमेयरदेखि वडा अध्यक्ष कसले के काम गर्ने भन्ने कुरा कार्यविधिले बताउनेछ र त्यसकै लागि कार्यविधि चाहिन्छ। तर, नीतिनियम पारित गर्न नदिने अनि बाहिर सामाजिक सञ्जालमा अफाव मात्र फैलाउनुले यसले स्वयम् व्यक्ति र दललाई के फाइदा गर्छ ?’, मेयर शाहले प्रतिप्रश्न गर्नुभएको छ- ‘कसले के सिकायत गरेका छन् थाहा भएन। कार्यविधि बनाएका छौं तर पास भएको छैन।’ कार्यविधिमा स्थानीय ऐन बनाउने ऐन नियमावली कार्यसम्पदन गर्ने कार्य विभाजन गर्ने अनि कसले के काम गर्ने नै प्रस्ट पार्न दिएका छैनन्। बूढीगंगा नगरपालिकका मेयर उपमेयरसहित चार वडा नेपाली कांग्रेसका उम्मेदवारले जितेका थिए भने ६ वडा अध्यक्ष एमालले जितेको छ।

नगरकार्यपालिकमा एमालेको वर्चश्व भएपछि उनीहरूले नगर कार्यविधि पास गर्न दिएका छैनन्। कानुनतः नगर कार्यपालिका र नगरसभाले पास गरेपछि नगर प्रमुखले प्रमाणित गर्ने कानुनी प्रावधान छ। साविकका ब्रमतोला, कुल्देभमाडौं र बाह्रबीस तीनवटा गाविस मिलेर गत वर्ष मात्र बूढीगंगा नगरपालिका घोषणा भएको थियो। ‘जनप्रतिनिधि आपसमा नमिले सफल नगरपालिका बनाउन निकै चुनौती छ। त्यसमा अल्पमत बहुमत गर्न थाले त्यसको सास्ती बूढीगंगा नगरबासीले भोगिरहेका छन्’ -स्थानीयको गुनासो छ।

स्थानीय तह कार्यसञ्चालन कार्यविधि पास नहुँदासम्म कुनै काम अगाडि बढाउन नमिल्ने स्थानीय विकास अधिकारी प्रकाशराज पौडेलले बताउनुभएको छ। बाजुराका ९ स्थानीय तहमध्ये ८ तहको सञ्चालन कार्यविधि पास भइसकेको छ भने बूढीगंगा नगरपालिकाको नगरसञ्चालन कार्यविधि मात्र अल्पमत बहुमतका कारण पास हुन बाँकी रहेको बताइएको छ।

उक्त नगरपालिकामा जिल्लाका शीर्षस्थ नेता प्रतिनिधि सभासद् एवं नेकपा एमाले वैकल्पिक पोलिटब्युरो सदस्य कर्णबहादुर थापा, नेपाली कांग्रेसका पूर्व सांसद देवराज जोशी, नेकपा माओवादीका पूर्व सभासद् डबल शाह, एमाले केन्द्रीय सदस्यद्वय प्रकाश शाह र लालबहादुर थापा, नेपाली कांग्रेस पूर्वपार्टी सभापति मनबहादुर रावललगायत दर्जनौं नेता बूढीगंगाका नगरबासी हुन्।

## हार्दिक श्रद्धाञ्जली



जन्म
१९८९/१०/०३

स्वर्गारोहण
२०७४/०५/०१

स्व. अम्बिका प्रधान

यस एभरेष्ट ट्राभल सर्भिस प्रा.लि. का टिकेटिङ्ग प्रवन्धक सुश्री जुरी प्रधानको ममतामयी माता **अम्बिका प्रधान** को स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तीको कामना गर्दै शोकसन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछौ ।

**एभरेष्ट ट्राभल सर्भिस प्रा.लि.**
**तथा**
**एभरेष्ट डि कार्गो परिवार**

## भावपूर्ण श्रद्धाञ्जली



जन्मः
वि.सं.२०२६
असार ५ गते

स्वर्गारोहणः
वि.सं. २०७४
भदौ १ गते

स्व. कृष्ण प्रसाद

यस बैंकमा कार्यरत कर्मचारी श्री **कृष्ण प्रसाद**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति श्री पशुपतिनाथले प्रदान गरुन् भनी प्रार्थना गर्दछौं ।

**NCC Bank**
नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.
Nepal Credit & Commerce Bank Ltd.
बागबजार, काठमाडौं, फोन नं :४२४६९९१

परिवार

### नाम संशोधन भएको सम्बन्धमा

उपरोक्त सम्बन्धमा कम्पनी रजिष्टारको कार्यालय काठमाडौ त्रिपुरेश्वर मा दर्ता नं १४९६१५/०७२/०७३ मार्फात दर्ता भएको महत कन्ट्रक्सन एण्ड प्रा.लि त्यास कार्यालयको मिति २०७४।१।२० को निर्णयले संशोधन भै महत कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि कायम भएकोले यो सुचना प्रकाशित गरीएको छ । सो सम्बन्धमा कसैको दावी उजुरी भए सम्बन्धित निकायमा उजुरी गर्नु होला ।

### आधुनिक एग्रो प्रोडक्ट प्रा.लि., बालाजु, काठमाण्डौको सार्वजनिक सूचना

**यस प्रा.लि. दर्ता गर्दा प्रा.लि.को नाम कन्ट्री एग्रो प्रोडक्ट प्रा.लि. भएकोमा उक्त नाम संशोधन गरी आधुनिक एग्रो प्रोडक्ट प्रा.लि. कायम गरी पाउँ भनी निवेदन गर्दा श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरको मिति २०७४।०४।३२ गतेको निर्णय अनुसार आधुनिक एग्रो प्रोडक्ट प्रा.लि. कायम गरी कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नुपर्ने दायित्व आदि संशोधित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी स्वीकृति प्रदान गरिएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।**

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# विश्व

**विरोध**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको विरोधमा पाकिस्तानको कराँचीमा भएको प्रदर्शनमा प्लेकार्ड बोकेका इमामिया स्टुडेन्ट अर्गनाइजेसन (आईएसओ) का सिया समर्थकहरू।



**डुबान**

सामुद्रिक आँधी हार्वीका कारण भीषण वर्षाले डुबानमा परेको अमेरिकी राज्य टेक्सासको दक्षिणी तटीय भाग। उक्त आँधीबेहरीका कारण कम्तीमा दुई जनाको मृत्यु भएको जनाइएको छ।



2017, AUG Tuesday 29

विश्व २ मिनेट

**चीन**

## राष्ट्रगानमा नयाँ कानुन

बेइजिङ, (एजेन्सी)

चीनमा एक प्रस्तावित कानुनले देशको राष्ट्रगानको गलत प्रयोग गरेमा १५ दिनको जेल सजाय तोकेको छ। उक्त मस्यौदा विधेयकले अन्त्येष्टि र अन्य असम्बन्धित समारोहमा राष्ट्रगान बजाउनुलाई अवैधानिक मानेको छ। उक्त विधेयकमा राष्ट्रगानको शब्दहरूमा हेरफेर गर्नुलाई पनि अवैध मानेको छ। राष्ट्रगानलाई राजनीतिक भेला, झन्डोत्तोलन समारोह, महत्त्वपूर्ण कूटनीतिक समारोह र प्रमुख खेलकुद कार्यक्रमहरूमा बजाउन सक्ने नयाँ कानुनले व्यवस्था गरेको छ। चीनको विधायक नेसनल पिपल्स कंग्रेसको स्थायी कमिटीमा उक्त कानुनलाई लिएर दोस्रोपटक छलफल हुने जनाइएको छ।

**पाकिस्तान**

## वेल्सको भ्रमण रोकियो

इस्लामावाद, (एजेन्सी)

अफगानिस्तान युद्ध लम्बिनुमा इस्लामावादको हात रहेको आरोप लगाएकामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको विरोधमा सामान्य प्रदर्शन भएपछि पाकिस्तानले अमेरिकी कार्यवाहक सहायक विदेशमन्त्रीको भ्रमणलाई रोकेको छ। दक्षिण तथा एसियाली मामिला सहायक विदेशमन्त्री एलिस वेल्स सोमबार पाकिस्तान भ्रमणको योजनामा थिए। अगस्ट २१ मा अफगान नीतिसम्बन्धी ट्रम्पको भाषणपछि उच्चस्तरीय अमेरिकी अधिकारीबाट हुन लागेको यो पहिलो भ्रमण थियो। पाकिस्तान सरकारको आग्रहमा वेल्सको भ्रमण दुई पक्षका लागि सुविधाजनक समय तय नभएसम्म सारिएको अमेरिकी दूतावासका प्रवक्ताले जानकारी दिएका छन्।

**अस्ट्रेलिया**

## बालिकालाई गोली लाग्यो

सिड्नी, (एजेन्सी)

अस्ट्रेलियाको सिड्नीस्थित आफ्नै घरमा बसिरहेका बेला घाँटीमा गोली लागेर एकजना तीन वर्षीया बालिकाको मृत्यु भएको प्रहरीले सोमबार जनाएको छ। प्रहरीले यस घटनाका लागि उनकै ४३ वर्षीय पितालाई दोषी ठहऱ्याएको छ। साथै उनीविरुद्ध असुरक्षित स्थानमा हतियार राखेको अभियोग पनि लगाइएको छ। तर प्रहरीले घटनाको विस्तृत विवरण सार्वजनिक गरेको छैन। स्थानीय सञ्चारमाध्यमले कतै बालिका आफैले गल्तीले बन्दुक चलाउँदा सो अप्रिय घटना घटेको त होइन भन्नेबारे प्रहरीले गम्भीर अनुसन्धान गरिरहेको जनाएको छ।

**भारत**

## किशोरी बलात्कृत

नयाँदिल्ली, (एजेन्सी)

भारतीय शहर मुम्बईकी बलात्कारबाट गर्भवती बनेकी एक किशोरी गर्भपतन गर्ने अनुमति प्राप्तिका लागि सर्वोच्च अदालत पुगेको उनको पारिवारिक सूत्रले सोमबार जनाएको छ। उनको गर्भ ३० साता पुगिसकेको बताइएको छ। भारतको प्रचलित कानुनअनुसार गर्भ २० साता पुगेपछि र आमाको ज्यान खतरामा नपर्ने यकिन भएको अवस्थामा मात्र गर्भपतनका लागि अनुमति दिइने गरिन्छ। मोटोपना बढेको समस्या सम्झेर अभिभावकले उनलाई डाक्टर कहाँ जचाउन लग्दा उनी गर्भवती भएको पत्ता लागेको थियो। यसअघि पनि १० वर्षीया बालिकाको यस्तै समस्या आएको थियो।

# आयरल्यान्डका लागि क्यानडाली राजदूत भूतबाट पीडित

डब्लिन, (एजेन्सी)

आयरल्यान्डका लागि क्यानडाली राजदूत अहिले भूतका कारण समस्यामा परेका छन्। भूतका कारण समस्यामा परेका राजदूत केबिन विकर्स सञ्चार माध्यमहरूमा समेत चर्चामा रहेका छन्।

राजदूत विकर्सलाई डब्लिनस्थित क्यानडाली आधिकारिक स्थलमा कुनै प्रेतात्माको बास हुन सक्ने त्रासले सताइरहेको छ। हालै मात्र एक फेसबुक पोस्टमा राजदूतले दूतावासमा अनौठो आवाज सुन्ने गरेको विषयमा लेखेका छन्।

राजदूतले निवासस्थलको मुख्य हलमा ठूलो आवाजमा हिँडेको र जोडले सास फेरेको आवाज सुनेको बारेमा लेखेका छन्।

इतिहासमा रुचि राख्ने विकर्स आयरल्यान्डमा १९१६ मा भएको इस्टर क्रान्तिसँग सम्बन्धित कुनै नेताको आत्मा हुन सक्ने बताउँछन्। विकर्स उक्त निवासमा बस्न आउँदा उनले डब्लिनको रेनला जिल्लास्थित उक्त घरमा कुनै बेला आयरल्यान्डका राष्ट्रवादी नेता प्याट्रिक पियर्स पनि बसेर गएको हल्ला सुनेका थिए। पियर्स सन् १९१६ मा बेलायती शासनविरुद्ध भएको क्रान्तिका योजनाकारमध्येका एक थिए। सन् १९१६ अप्रिलमा ६ दिनसम्म भएको उक्त विद्रोहमा ४ सय ५० जनाभन्दा धेरै मारिएका थिए भने २ हजार ५ सयभन्दा धेरै घाइते भएका थिए। पियर्सलाई कोर्ट मार्सल गरिएको थियो र उनलाई फाँसी दिइएको थियो। सन् २०१६ मा दिएको एक अन्तर्वार्तामा विकर्सले भनेका थिए- 'आयरल्यान्डका राष्ट्रवादी नेता यो निवासमा बसेको हल्लाका कारण उनले पियर्सको सन् १९०८ देखि १९१२ बीचका घरहरूको दस्तावेजका बारेमा जानकारी संकलन गरें।' गत अगस्ट १६ मा लेखेको फेसबुक पोस्टमा विकर्सले 'म यो निवासमा घुमिरहने पियर्स त होइन, भन्ने सोच्न थालेको छु' लेखेका थिए।

उनले यो निवासमा बस्न आउनु अगाडिसम्म आफूले भूतमा विश्वास नगरेको फेसबुकमा लेखेका थिए। उनले भने- 'कहिलेकाहीं ऊ रिसाएको जस्तो लाग्थ्यो र फेरि केही दिन बितेपछि सबै कुरा सामान्य हुन्थ्यो।' फेसबुक पोस्ट लेख्नुअगाडि पहिलो साँझको बारेमा विकर्सले लेखे- 'म टेलिभिजन हेरिरहेको थिएँ। त्यतिबेला भोजन कक्षमा कुनै भारी सिक्री झरेको हो कि भन्ने महसुस भयो। म तुरुन्तै दौडेर त्यहाँ पुगें, तर त्यहाँ केही थिएन।'



विकर्सले एक हप्ताअगाडि उनले निवासको हलमा जोडले पाइला चालेको र सास फेरेको आवाज सुनको बताए, तर जब उनी त्यहाँ पुगे उनले त्यहाँ केही देखिनन्। कहिलेकाहीं उनकी घरेलु नोकरानी पनि माथि जान नमान्ने गरेको विकर्स बताउँछन्।

उनी भन्छन्- 'यदि कसैलाई यी घटनाहरूमा शंका लाग्छ भने एक वा दुई रात बस्न आएमा उनीहरूलाई स्वागत छ।' 'मैले अहिले मात्रै तल जोडले ढोकामा हानेको आवाज सुनें।' -उनले भने। विकर्सलाई सन् २०१५ मा आयरल्यान्डमा क्यानडाको राजदूत बनाइएको थियो।

# बलात्कारी धर्मगुरुलाई बीस वर्ष कारावास सजाय




नयाँदिल्ली, (एजेन्सी)

विवादास्पद भारतीय धर्मगरु गुरमित राम रहिम सिंहलाई बलात्कारको अभियोगमा एक अदालतले सोमबार २० वर्ष लामो कारावास सजाय सुनाएको छ। शुक्रबार सो अभियोग लगाइएका उनको मुद्दामाथि निर्णय हुनु केही समयअघि उनका आक्रोसित समर्थकहरूले एउटा सवारी साधनमा आगजनी गरेको भारतीय सञ्चारमाध्यमले जनाएको छ।

भारतको उत्तरी हरियाणा राज्यको पञ्चकुलामा उनलाई सजाय सुनाइने विषयलाई लिएर भएको हिंसात्मक घटनामा अहिलेसम्म करिब ३८ व्यक्तिको ज्यान गइसकेको छ। उनीमाथि आफ्नै दुईजना महिला अनुयायीलाई बलात्कार गरेको आरोप लगाइएको हो। सिंहका कानुनी सल्लाहकार टोलीले पन्जाब र हरियाणा उच्च अदालतमा यस निर्णयविरुद्ध अपिल गर्ने बताएको छ।

सञ्चारमाध्यमले वकिलहरूले उनीविरुद्ध कडाभन्दा कडा सजाय अर्थात् आजीवन कारावास माग गरेको जनाएको छ। एकजना वकिलले ५० जना महिलाले पनि उनीविरुद्ध हालै बलात्कारको आरोप लगाएको र त्यसबारे थप अनुसनधान गरिने बताएका छन्। वकिल उत्सव सिंह बाइन्सले एएफपीलाई भनेका छन्- 'सिंहले कम्तीमा ४८ जना महिलालई यौन उत्पीडन गरेको विश्वास छ। तिनीहरू मारिएको वा उनीविरुद्ध बयान दिन आउन डराएको हुनुपर्छ।' राम रहिमले दुईवटा घटनामा भएका हत्याको अभियोग अस्वीकार गरेका छन्। ती हत्याको मुद्दामाथि आगामी महिना सुनुवाइ हुने भएको छ।

सिंहलाई कारावास सजाय सुनाइएलगत्तै सिंहको आश्रम रहेको हरियाणा राज्यका मुख्य मन्त्रीले आपत्कालीन बैठक बोलाएका छन्। पञ्जाव र हरियाणा राज्यका अधिकांश क्षेत्रमा यसअघि नै कर्फ्यु लगाइसकेको छ भने नयाँ दिल्लीमा विशेष सुरक्षा सतर्कता अपनाइएको छ।

सेनालाई स्ट्यान्ड बाइ राखिएको छ भने प्रहरीलाई समस्या आइपरेको खण्डमा 'सुट अन साइट'को आदेश दिइएको छ। सजाय सुनाइन ५० वर्षीय सिंहलाई अदालत लगिएको थिएन। बरु न्यायाधीश स्वयंलाई विमानमा राखेर रोहटक शहरस्थित उनलाई थुनिराखेको कारागारमा लगिएको थियो। उक्त कारागारको डेढ किलोमिटर अर्धव्यास क्षेत्रमा पत्रकारहरूको प्रवेषलाई निषेध गरिएको थियो।


नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक बिभाग

पूर्वाअञ्चल क्षेत्रीय सडक निर्देशनालय

**डिभिजन सडक कार्यालय, लहान**

**आशय पत्रको सूचना ।**

मिति : २०७४/०५/१३

उपरोक्त विषयमा यस कार्यालयको सुचना नं. १४/०७३/०७४ र १५/०७३/०७४ बाट आव्हान गरिएको दरभाउपत्र/बोलपत्रहरुमा तपाईको तपशिल वमोजिमको दरभाउपत्र /बोलपत्र स्वीकृती को लागि छनौट भएको हुंदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनको लागि यो आशय पत्र सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| सि.नं. | ठेक्का नं. | निर्माण व्यवसायको नाम | कबोल रकम (भ्याट बाहेक) |
|---|---|---|---|
| 1 | DROLHN/337165-3-PM /073/074-190 | Shree Bajrangbali Conhtruction Pvt. Ltd., Ktm | 10481610.00 |
| 2 | DROLHN/337366-4/073/074-191 | Shree Balki Construction Services, Siraha | 1848360.53 |
| 3 | DROLHN/337366-4/073/074-192 | Shree Bhimsen Nirman Sewa, Janakpur | 3371558.50 |
| 4 | DROLHN/337366-4/073/074-193 | Shree Bikash Nirman Sewa, Mirchaiya-7 Siraha | 3170003.20 |
| 5 | DROLHN/337366-4/073/074-194 | Shree Jalpa Builders, Saptari | 3901195.25 |
| 6 | DROLHN/337366-4/073/074-195 | Shree Jalpa Builders, Saptari | 3481507.00 |
| 7 | DROLHN/337165-3(Rec)/073/074-196 | Shree Ma Pabitra Nirman Sewa, Siraha | 1774092.52 |
| 8 | DROLHN/337165-3(Rec)/073/074-197 | Shree Ma Pabitra Nirman Sewa, Siraha | 2662295.28 |
| 9 | DROLHN/337165-3(Rec)/073/074-198 | Shree Bajrangbali Conhtruction Pvt. Ltd., Ktm | 2064625.00 |

डिभिजन प्रमुख


# रोहिंग्या मुस्लिम बंगलादेशतर्फ भागे



बंगलादेश, (एजेन्सी)

म्यान्मारको रखाइने राज्यमा लगातार दुई दिनदेखि भइरहेको हिंसात्मक घटनाको कारण सोमबार हजारौं मानिस आफ्नो घर छोडेर सीमा पार गरी बंगलादेशमा सरण लिन पुगेको बंगलादेशी सुरक्षाकर्मीहरूले जनाएका छन्।

अल्पमत मुस्लिम रोहिंग्याहरू यसरी घर छाडेर भागेका हुन्। म्यान्मारका फौजले आफूहरूमाथि गोली चलाउन थालेपछि ज्यान जोगाउन यसरी बंगलादेश पुगेकामध्ये ९० जना रोहिंग्या मुस्लिमलाई बंगलादेशले जबरजस्ती म्यान्मार नै फर्काइदिएको बताइएको छ।

बंगलादेशी सुरक्षा सूत्रले सीमा पार गर्न सीमा क्षेत्रमा हजारौं रोहिंग्या मुस्लिम जम्मा भएको जनाएको छ। शुक्रबार रोहिंग्या लडाकूहरूले ३० वटा प्रहरी चौकीमा अचानक हमला गरेपछि द्विपक्षीय भिडन्त शुरू भएको हो। अहिलेसम्म हिंसात्मक गतिविधिमा म्यान्मारमा एक सय जनाभन्दा बढीको ज्यान गइसकेको छ। मारिनेहरूमा अधिकांश रोहिंग्या लडाकू रहेको बताइएको छ।

ताप्लेजुङको पाथीभरा बहुमुखी क्याम्पसले बीए प्रथम वर्षको समाजशास्त्र विषयमा पुरानो कोर्स पढाएर नयाँ कोर्षमा परीक्षा लेख्न लगाएको भन्दै विद्यार्थी आक्रोशित भएका छन्।

# भारतसँग प्रस्ट कुरा राखें : प्रम

**नेपाल समाचारपत्र**

काठमाडौं

प्रधानमन्त्री शेरबहादुर देउवाले नेपाल र भारतको सम्बन्धलाई थप फराकिलो र सुदृढ बनाउन आफ्नो भारत भ्रमण सफल भएको बताउनुभएको छ। व्यवस्थापिका संसद्को सोमबारको बैठकमा आफ्नो राजकीय भारत भ्रमणका बारेमा जानकारी गराउँदै उहाँले सीमा क्षेत्रमा हुने बाढी तथा डुबानको समस्या समाधानका लागि आफूले आफ्ना समकक्षीसँग प्रस्टरूपमा विषयवस्तु राखेको र समाधान हुने विश्वाससमेत पैदा भएको बताउनुभयो।

पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) आगामी एक महिनाभित्र सम्पन्न गर्ने गरी भारतीय समकक्षीसँग कुराकानी भएको उल्लेख गर्दै उहाँले ऊर्जा व्यापार सम्झौताको मर्म र भावनाअनुसार नै मुलुकमा ऊर्जा उत्पादनलाई बढवा दिने र प्रशारणलाइन निर्माण गर्ने सन्दर्भमा सहमति भएको जानकारी गराउनुभयो।

प्रधानमन्त्री देउवाले आर्थिक विकास र नेपालमा लगानीका लागि आफूले भारतीय पक्षसँग कुरा गरेको, पर्यटन क्षेत्रको विकास तथा विस्तार, निजगढ विमानस्थल निर्माण तथा नयाँ १३२ केभी क्षमताको प्रसारण लाइन निर्माणमा समेत सहमति भएको बताउनुभयो। कुशाहा कटैया, रक्सौल परवानीपुर प्रसारण लाइनको उद्घाटन गरिएको र आगामी हिउँदमा नेपालको



ऊर्जा मागलाई सम्बोधन गर्न मार्ग प्रशस्त गरिएको जानकारी दिँदै उहाँले भन्नुभयो- 'आठ वटा विभिन्न विषयमा समझदारी भएको छ।'

प्रधानमन्त्री देउवाले थप नयाँ स्थानमा प्रशारण लाइन निर्माणलाई समेत अगाडि बढाइने सहमति भएको बताउँदै नेपालको सामाजिक आर्थिक विकासका लागि ऊर्जा र पर्यटन क्षेत्रको विकास, ठूला आयोजना अगाडि बढाउने र त्यसको कार्यान्वयनमा जोड दिनेतर्फ नेपाल र भारत सहमत भएको जानकारी दिनुभयो।

यस्तै माथिल्लो कर्णाली, अरुण तेस्रोजस्ता जलविद्युत् आयोजना अगाडि बढाउने सन्दर्भमा समेत महत्त्वपूर्ण छलफल भएको बताउँदै उहाँले ठूला र महत्त्वपूर्ण आयोजना क्रमशः अगाडि बढ्ने विश्वास व्यक्त गर्नुभयो।

प्रधानमन्त्री देउवाले मेची पुल निर्माण, सुदूरपश्चिम र पश्चिमाञ्चल क्षेत्रका विभिन्न विकास आयोजना तथा अन्य ठूला आयोजना, व्यापार विविधिकरणलगायतका विषयमा समेत सहमति भएको पनि बताउनुभयो।

संविधान निर्माण र कार्यान्वयन गर्ने विषय नेपालको आन्तरिक विषय रहेको र यसमा अरूको चासो रहनुपर्ने विषय नभएको भन्दै उहाँले आफूसँग जोडिएर गरिएको प्रचार र टिप्पणीप्रति आफ्नो ध्यानाकर्षण भएको स्पष्ट पार्नुभयो।

प्रधानमन्त्री देउवाले मुलुकको आन्तरिक विषयमा आफूले केही पनि उल्लेख नगरेको भन्दै गलत टिप्पणी नगर्नसमेत सम्बन्धित पक्षलाई आग्रह गर्नुभयो। उहाँले भन्नुभयो- 'नेपालको आन्तरिक विषय र संविधानका बारेमा कुनै पनि सम्झौता हुन सक्दैन, अनावश्यक टिप्पणीको अर्थ रहँदैन।'

संविधानप्रति रहेको असन्तुष्टिलाई सम्बोधन गरी यसको सर्वस्वीकार्यता बढाउने प्रयास अझै पनि जारी रहेको स्पष्ट पार्दै प्रधानमन्त्री देउवाले नेपालको लोकतन्त्र र शान्ति प्रक्रिया विशिष्ट तवरले अगाडि बढिरहेको जानकारी गराउनुभयो।

उहाँले आफ्नो भ्रमणले दुई देशबीचको सम्बन्धलाई अगाडि बढाउन सफल भएको र त्यसले नेपाललाई दीर्घकालीनरूपमा लाभ प्राप्त हुने बताउनुभयो। हालै सम्पन्न स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न भएकोमा भारतीय प्रधानमन्त्री र नेताहरूले आफू र आफू नेतृत्वको प्रतिनिधि मण्डललाई बधाई दिएको समेत प्रधानमन्त्रीले स्पष्ट पार्नुभयो।




**तानसेन गुठी तानसेन, पाल्पाको रजत महोत्सवको अवसरमा आयोजित वार्षिक भेला कार्यक्रमका सहभागीहरू । तस्वीर : नेपाल समाचारपत्र**

## शिक्षा ऐनको नवौं संशोधन पास

काठमाडौं, (नेस)

अस्थायी शिक्षकका माग सम्बोधन गर्न सरकारले संसदमा दर्ता गरेको शिक्षा ऐनको नवौं संशोधन विधेयक सोमबार पारित भएको छ। व्यवस्थापिका संसद्को सोमबारको बैठकमा शिक्षामन्त्री गोपालमान श्रेष्ठले राखेको विधेयक पारित गरियोस् भन्ने प्रस्ताव बहुमतले पारित भएको हो।

नवौं संशोधन पारित भएसँगै अस्थायी शिक्षकका अधिकांश माग सम्बोधन हुने सरकारले विश्वास लिएको छ। संशोधन पारित भएसँगै २०७३ साल असार १५ गतेभन्दा पहिला सरकारी शिक्षण संस्थाका कार्यरत शिक्षक शिक्षा सेवा आयोगको परीक्षामा अनुत्तीर्ण भए पनि सुविधा पाउनेछन्।

प्रतिस्पर्धामा सामेल भइ अनुत्तीर्ण अस्थायी शिक्षकले योगदानका आधारमा विशेष भत्ता पाउनेछन्। परिक्षामा सहभागी हुन नचाहने शिक्षकले विशेष प्याकेज पाउने छन्। सरकारले ल्याएको संशोधनको सत्तारुढ दलकै सांसदले समेत विरोध जनाउँदै फिर्ता लिन आग्रह गरेका थिए। संसद्को अर्को बैठक १८ गते आइतबार दिउँसो १ बजे बस्नेछ।

## ट्रक चालकलाई अरिंगालले टोकेपछि...

हेटौंडा, (नेस)

राजमार्गमा सोमबार दिउँसो करिब सवा ४ बजे आफ्नै गतिमा कुदिरहेको एउटा ट्रक सडकको छेउमा अचानक पल्टियो। त्यसमा आगो हुर्हुरी बल्न थाल्यो। दुर्घटना हुनुमा चालकको, अन्य सवारी वा सडकको दोष देखिएन। दोष थियो त जंगली अरिंगालको।

जंगलबाट हुल बाँधेर आएको अरिंगालले ट्रकको झ्यालबाट भित्र छिरेर चिलेपछि करिब ३६ वर्षीय चालक शिवहरि भट्टराई रन्थनिए, उनलाई रिंगटा लाग्यो, होस गुमाए। सोही कारण ट्रक अनियन्त्रित भयो। मकवानपुरका डीएसपी दिलीप झाले चालकलाई उद्धृत गर्दै सवारी चलाइरहेको बेला अचानक अरिंगालले चिलेपछि दुर्घटना भएको बताउनुभयो।

हेटौंडा-१५, चुरियामाई मन्दिर नजिक ना३ख ६१८० नम्बर ट्रक पल्टिएको हो। पल्टिएपछि ट्रकमा आगो लागेको प्रत्यक्षदर्शीले बताए। ट्रक पल्टिएपछि घर्षणका कारण ट्रकको इन्धन ट्यांकीमा आगो लागेको थियो। आगोलाई करिब ४५ मिनेटपछि स्थानीयसहित हेटौंडा र बाराबाट आएको दमकलको सहयोगमा निभाइएको थियो।

दुर्घटनामा मानवीय क्षति नभएको प्रहरीले बताएको छ। उपचाररत चालकमा टाउको दुख्ने समस्या देखिएको छ। अनुहार, हात र कानलगायत अंगमा चिलेर घाइते भएका उनको उपचार भइरहेको हो। ट्रकमा जीआई पाइप लोड थियो।

## कोशीको कुरा वक्तव्यमा राख्न जरुरी थिएन : प्रचण्ड

विराटनगर, (नेस)

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले संविधान कार्यान्वयनका लागि तीनवटै तहको निर्वाचनलाई सफल बनाउन दललाई एकजुट भएर लाग्नुपर्ने बताउनुभएको छ।

विराटनगर विमानस्थलमा सोमबार पत्रकारसँग कुराकानी गर्दै उहाँले पहिलो र दोस्रोचरणको निर्वाचन सम्पन्न भएपछि संविधान कार्यान्यिनमा बल पुगेको र तेस्रो चरणको स्थानीय निर्वाचनमा सबै दल सहभागी हुने भएपछि उत्साहका साथ सो निर्वाचन सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो।

यो वर्ष 'चुनावी वर्ष' भएको प्रसंग उल्लेख गर्दै उहाँले प्रदेश र संघीय संसद्को निर्वाचन निर्धारित समयभित्रै सम्पन्न हुने स्पष्ट पार्नुभयो।

अध्यक्ष दाहालले संविधान गतिशील विषय भएकाले आवश्यकतानुसार संशोधन हुँदै जाने उल्लेख गर्दै अहिलेको अवस्थामा राष्ट्रिय जनता दलसमेत सहभागी भएर संविधान संशोधनको प्रक्रिया हाललाई टुंगो लागेको र संसदीय निर्वाचनपछि बन्ने संसद्ले कुन-कुन विषयमा संविधान संशोधन गर्ने विषयको समाधान गर्ने स्पष्ट पार्नुभयो।

प्रधानमन्त्री शेरबहादुर देउवाले संविधान संशोधनको विषयमा भारत भ्रमणको समयमा दिनुभएको अभिव्यक्तिको सम्बन्धमा पत्रकारको जिज्ञाशामा उहाँले आफूलाई अधिकारिकरूपमा जानकारी नभएको र अहिले संविधान संशोधनको विषय असान्दर्भिक भएको बताउनुभयो।

कोशी उच्च बाँधका सम्बन्धमा अध्यक्ष दाहालले भन्नुभयो- 'संयुक्त वक्तव्य आफूले हेरेको र त्यो राख्नुपर्ने आवश्यक थिएन, यस विषयमा प्रधानमन्त्रीलगायतसँग छलफल गर्नेछु।'

## देउवाले त्यस्तो भन्नु गलत : बिजुक्छे

भक्तपुर, (नेस)

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेले प्रदेश र केन्द्रको निर्वाचन एकैपटक गर्न सकिने बताउनुभएको छ। भक्तपुर नगरपालिकाले आयोजना गरेको जनप्रतिनिधिहरूको '१०० दिनको प्रगति सार्वजनिक' कार्यक्रममा बोल्दै उहाँले निर्वाचन आयोगले तयारी गर्न सके दुवै निर्वाचन एकै चरणमा गर्न सम्भव रहेको बताउनुभयो।

अध्यक्ष बिजुक्छेले प्रधानमन्त्री शेरबहादुर देउवाले भारतमा गएर नेपालको संविधान संशोधन गर्छु भनेर बोल्नु गलत भएको बताउनुभयो। बिजुक्छेले देशको आन्तरिक विषयमा बोलेर प्रधानमन्त्रीले देशकै मर्यादा उल्लंघन गरेको आरोप लगाउनुभयो।

भारतमा गएर नेपालको संविधान संशोधन गर्छु भनेर बोल्नै नहुने विषयमा बोलेको बताउँदै उहाँले भन्नुभयो- 'भारतमा कांग्रेस पार्टी सभापतिको हैसियतमा बोल्न पाइएला, तर देशको प्रधानमन्त्री भारतमा जाँदा देशको आन्तरिक विषयमा त्यसरी जथाभावी बोल्न पाइँदैन। त्यसले देशकै मर्यादासमेत उल्लंघन भएको छ।'

बिजुक्छेले भन्नुभयो- 'संविधानसभाले संविधान बनायो, संसद्ले संशोधन फेल गरायो तर प्रधानमन्त्रीले भारतमा गएर नेपालको संविधान जसरी पनि संशोधन गर्छु भन्नु नेपालको संसद्कै अपमान हुनु हो।' बाँधको विषयमा प्रधानमन्त्रीले विहारको मन्त्रीलाई भेट्नै नहुने टिप्पणी गर्दै उहाँले प्रधानमन्त्रीले प्रधानमन्त्रीसँग र मन्त्रीसँग भेट्दा मन्त्रीलाई नै पठाउनुपर्ने औंल्याउनुभयो।

## विपद व्यवस्थापन ऐन चाँडै : गृह राज्यमन्त्री



काठमाडौं, (नेस)

गृह राज्यमन्त्री श्यामकुमार श्रेष्ठले विपद व्यवस्थापनसम्बन्धी कानुन नहुँदा प्राकृतिक प्रकोपपछिको व्यवस्थापनमा कठिनाइ भएकाले सरकारले छिट्टै विपद व्यवस्थापन ऐन ल्याउने बताउनुभएको छ। प्राकृतिक प्रकोपपछिको उद्धार राहत र पुन:स्थापना कार्यमा सहज गराउन विपद व्यवस्थापन विधेयक सहमतिको लागि कानुन मन्त्रालयमा पठाएको बताउनुभएको हो। मन्त्री श्रेष्ठले देशका भौगोलिक विशिष्टताअनुसार हिमाल, पहाड र तराईको अवस्थालाई मध्यनजर गरेर कानुन निर्माण गर्न लागेको बताउनुभयो। विपत व्यवस्थापनपछि नीतिगत, संस्थागत र कार्यगत समस्या परेकाले सबै समस्या समाधान गर्न कानुन निर्माण गर्न लागेको उहाँले बताउनुभयो।

सोमबार राजधानीमा रामेछाप-काठमाडौं पत्रकार समाजले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा मन्त्री श्रेष्ठले बाढी-पहिरो लगायतका प्राकृतिक विपदपछि एकद्वारा प्रणालीबाट नै राहत वितरण गर्नुपर्ने पक्षमा सरकार रहेको बताउनुभयो। उहाँले बाढीबाट प्रभावित तराईका जिल्लाहरूमा पीडितलाई राहत वितरण गर्नुका साथै पुन:स्थापनाको बारेमा समेत सरकार गम्भीर रहेको बताउनुभयो। 'दैनिकरूपमा बाढी प्रभावित जिल्लाहरूमा कहाँ कति राहत वितरण भयो त्यसको जानकारी राखिएको छ', उहाँले भन्नुभयो- 'पीडितको समस्या तत्काल समाधान गर्न मन्त्रालयले हटलाइन सेवालाई प्रभावकारी बनाएको छ।'

प्रहरीलाई संघीय संरचनामा लैजानका लागि मन्त्रालयले गृहकार्य गरिरहेको बताउँदै उहाँले अध्यागमन विभागलाई थप व्यवस्थित बनाउन कार्यविधि आवश्यक रहेको बताउनुभयो।

रामेछाप जिल्लाको विकास निर्माणको बारेमा आफूले प्राथमिकता निर्धारण गरेर नै काम गरेको बताउँदै मन्त्री श्रेष्ठले भन्नुभयो- 'जिल्लामा मुख्य सडक, विद्युतीकरण, खानेपानी, जलविद्युत् आयोजना, खानेपानीको समस्या समाधान गर्न प्रतिबद्ध भएर लाग्छु।'

## पुरानो कोर्स पढाएर नयाँ कोर्सको परीक्षा

ताप्लेजुङ, (नेस)

ताप्लेजुङको पाथीभरा बहुमुखी क्याम्पसले बीए प्रथम वर्षको समाजशास्त्र विषयमा पुरानो कोर्स पढाएर नयाँ कोर्समा परीक्षा लेख्न लगाएको भन्दै विद्यार्थी आक्रोशित भएका छन्।

सोमबारको परीक्षामा पहिला पुरानो कोर्सको प्रश्नपत्र दिए पनि १० मिनेटपछि फेरि त्यो होइन रहेछ भन्दै नयाँ कोर्सको परीक्षा लेख्न लगाएको गुनासो विद्यार्थीको रहेको छ।

### नेपालले...

९औं ब्रिक्स सम्मेलन आउँदो बिहीबारदेखि चीनको फुजियान प्रान्तमा शुरू हुँदै छ। 'ब्रिक्स: उज्वल भविष्यका लागि अझ बलियो साझेदारी' भन्ने नाराका साथ सम्मेलन आउँदो सोमबारसम्म हुने भएको छ।

गत वर्षझैं सो सम्मेलनमा सहभागी हुन नेपाललाई निम्तो नआएको परराष्ट्र मन्त्रालयले जनाएको छ। 'चीनले बोलाउने भए २/३ महिनाअघि नै खबर पठाइसक्थ्यो, त्यहीअनुसारको तयारी नेपालले पनि गर्नुपर्थ्यो तर निम्तो आएको छैन' -सो मन्त्रालयका एक अधिकारीले नेपाल समाचारपत्रसँग भने। ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका ब्रिक्सका सदस्य राष्ट्र छन्। ब्रिक्स सम्मेलन आयोजक राष्ट्रले आफू निकटका अन्य राष्ट्रलाई अतिथिका रूपमा निम्ता गर्ने प्रचलन छ।

गत वर्ष असोज अन्तिम साताको गोवा सम्मेलनमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सहभागी हुनुभएको थियो। सो बेला भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी जिन पिङसँगको 'साइड लाइन' भेटवार्ताले नेपालीमाझ निकै चर्चा बटुलेको थियो। सो भेटवार्ता नेपालका लागि महत्त्वपूर्ण अवसर र उपलब्धि भएको प्रधानमन्त्री प्रचण्डले बताउनुभएको थियो। भारतले पाकिस्तानबाहेकका नेपालसहित बिमस्टेक सदस्य राष्ट्रलाई सो सम्मेलनमा निमन्त्रणा गरेको थियो। एक-अर्का मुलुकका सरकार प्रमुख र राष्ट्र प्रमुखहरूसँग हुने यस्तो भेटवार्ता महत्त्वपूर्ण मानिन्छ।

### दोक्लाम...

चीन यससम्बन्धी आफ्नो ऐतिहासिक सन्धिअनुसार चल्ने र आफ्नो सार्वभौमसत्ताको सम्मान गर्ने बताएको छ। उहाँले भारतले सीमा क्षेत्रको शान्ति र स्थिरता आपसी सम्मानका साथ स्वस्थ ढंगले अघि बढाउने विश्वाससमेत व्यक्त गर्नुभयो। दुई छिमेकीबीचको झगडाले गर्दा नेपाललाई आ-आफ्नो पक्षमा तान्न दुवै मुलुकले विगतमा प्रयास गर्दै आएका थिए। तर, नेपालले तटस्थता देखाउँदै आएको थियो।

### दुगडको...

उहाँका अनुसार म्याद गुज्रेको कच्चा पदार्थ ४ सय ड्रम नियन्त्रणमा लिएको र प्रतिड्रम २ सय २५ किलो कच्चा पदार्थ रहेको उहाँले जानकारी दिनुभयो। २०१५ देखि २०१७ को जुलाईसम्म मात्रै म्याद रहेको कच्चा पदार्थ प्रयोग गरेको फेला परेको समेत उहाँले जानकारी दिनुभयो।

जिल्ला प्रशासन कार्यालयले बजारमा गएका फ्रुटीको लागत लिइरहेको र बजारमा गएका ती सामानसमेत जफत गर्ने तयारी गरेको छ। संयुक्त अनुगमन टोलीले दुगडको सतुंगलस्थित कारखानामा छापा मारेपछि सञ्चालकहरू फरार भएका छन्। उनीहरूको खोजी गरिरहेको एसएसपी लोहनीले जानकारी दिनुभयो।

उनीहरूले म्याद गुज्रेको उक्त कच्चा पदार्थ प्रयोग गर्न पाएको भए लाखौं थान फ्रुटी उत्पादन गर्ने थिए छापा मार्न गएका एक अधिकृतले नेपाल समाचारपत्रलाई जानकारी दिए।

म्याद गुज्रेको फ्रुटी सेवन गर्ने बालबालिकामा गम्भीर प्रकारका रोगको समस्या देखिने र त्यसले जनस्वास्थ्यमा नराम्रो असर गर्ने चिकित्सकहरूले जानकारी दिएका छन्।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
हुलाकी राजमार्ग निर्देशनालय
हुलाकी राजमार्ग, योजना कार्यालय, धनगढी
बोलपत्रको म्याद थप सम्बन्धी अत्यन्त जरूरी सूचना

यस हुलाकी राजमार्ग, योजना कार्यालय धनगढीको मिति २०७४/४/१८ गतेको सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकासित सूचना अनुसार सुचना नं. ०१-०७४/०७५ को ठेक्का नं. **HRD/3372244/074/075/01** को बोलपत्रको खरीद गर्ने म्याद २०७४/०५/१५ रहेकोमा (७) सात दिन थप गरी मिति २०७४/०५/२१ सम्म बोलपत्र खरीद गर्न सकिने तथा २०७४/०५/२२ गतेमा बोलपत्र दाखिला गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।

योजना प्रमुख

## अर्थ

यसअघि नेपाल भित्रिएको आठ सय सीसीको रेडी गो इन्ट्री लेबल कार नेपालमा लोकप्रिय छ। कम्पनीले शक्तिशाली इन्जिन र परिस्कृत सुविधासहित रेडी गो भित्र्याउन लागेको हो।




# बजारमा कस्ता कार आउँदै छन् ?

रोबिन पौडेल, काठमाडौं

*नेपाली अटो बजार नयाँ प्रविधिमा आधारित दुई तथा चार पाङ्ग्रे सवारी साधान भित्र्याउन अझै संघर्ष गर्दै छ। विश्व बजारमा सफल भइसकेका गाडी नेपाल बजारमा आउन समय लागि रहेको अवस्थामा मंगलबारदेखि आयोजना हुँदै गरेको नाडा अटो मेला कोसेढुंगा बन्ने अपेक्षा गरिएको छ।*

*नेपाली बजारमा उपलब्ध दर्जनौं सवारीमा मेलाले उपभोक्ताको आवश्यकता र बजारको मागअनुसार नयाँ सवारी ल्याइने भएको छ। नाडा अटो शो नजिकिँदै जाँदा नयाँ सवारी सार्वजनिक हुने क्रम समेत बढेको छ। अटो शोमै पनि सार्वजनिक हुने नयाँ सवारीको संख्या पनि धेरै नै हुन्छ।*

*यसवर्षको नाडा अटो शो पनि टाटा, हुन्डाई, सुजुकी, रेनो, कियालगायत १६ वटा चारपांग्रे र १६ वटा दुई पांग्रे कम्पनीले विभिन्न मोडलका नयाँ सवारी साधन प्रदर्शन गर्ने भएका छन्। कतिपयले नयाँ मोडल र कतिपयले चलिरहेकै मोडलको रिभाइज भर्सन ल्याउने जानकारीमा आएको छ।*

*नाडा अटोमोबाइल एसोसिएसन अफ नेपाल र ग्लोबल एक्पोजसिन एन्ड म्यानेजमेन्ट सर्भिसेज प्रालिले संयुक्त रुपमा आयोजन गर्न लागेको नाडा अटो शोमा निम्न सवारी प्रदर्शनीमा राखिने भएको छ।*

### डाट्सनको 'रेडी गो वानएल'

डाट्सनले 'रेडी गो' शक्तिशाली इन्जिन भएको रेडी गो १ हजार सीसी क्षमतामा नयाँ गाडी ल्याउन लागेको छ।

गाडीको बाहिरी बनावट र भित्री सजावट आकर्षक बनाइएको छ। कारमा २ सय २२ लिटरको बुट स्पेस र स्पिड सेन्सेटिभ पावर स्टेयरिङ छ। त्यस्तै एयर कन्डिसनर, डिजिटल टेक्नोमिटर, ड्राइभ कम्प्युटर, पावर विन्डोलगायत यसका आकर्षक फिचर हुन्। यसको ग्राउन्ड क्लियरेन्स एक सय ८५ मिलिमिटर रहेको छ।

यसअघि नेपाल भित्रिएको आठ सय सीसीको रेडी गो इन्ट्री लेबल कार नेपालमा लोकप्रिय छ। कम्पनीले शक्तिशाली इन्जिन र परिस्कृत सुविधासहित रेडी गो भित्र्याउन लागेको हो। पेट्रोल इन्जिनको रेडी गो दुईवटा भेरियन्टमा उपलब्ध हुनेछ।

### हुन्डाई आई टेन फेसलिफ्ट

यसवर्षको नाडामा देखिन लागेको नयाँ कार हो- हुन्डाई आई टेन फेसलिफ्ट। यो कार यसवर्ष नाडा अटो शोको आकर्षणमा रहनेछ। कारको स्टाइलिस्ट अपिरियन्स सबैको आकर्षणको केन्द्र रहेको छ। सो कार नयाँ लुक्स तथा भित्रि डिजाइनमा उपलब्ध छ। कारमा ७५ पिएस पावर जेनेरेट गर्ने १ दशमलव २ लिटर इन्जिनले प्रतिस्थापन गरिएको छ। कारको ट्रान्समसिन कार्य ५-स्पिड म्यानुअल पेट्रोल गियरबक्सले गर्दछ।

### किया सोल इभी

किया मोटर्सको आधिकारिक वितरक कन्टिनेन्टल ग्रुपले जिरो इमिसन इलेक्ट्रिक कार सोल इभी पनि सार्वजनिक गरेको छ। नयाा कार ०-१०० मिमि प्रतिघन्टाको गति तथा १ सय ४५ किमि प्रतिघन्टा गतिमा दौडिन सक्छ। विद्युत्को प्रयोग हुने भएकाले कारको कार्बन डाईअक्साईड उत्पादन शून्य रहने कम्पनीले जनाएको छ। त्यस्तै कारको गुरुत्व केन्द्र कम उचाईमा रहेका कारण गाडी बढी स्थिर रहने तथा टर्क पनि धेरै भएको कमपनीको दाबी छ।

सोल ईभी एसयुभी प्लाटफर्म रहेको एकमात्र इलेक्ट्रिक कार हो। कारमा २७ किलोवाट तथा ३ सय ६० भोल्टको १९२-सेल लिथियम ब्याट्री प्रयोग भएको छ। साधारण अवस्थामा ८ घन्टामा फूल चार्ज हुने सो ब्याट्रीमा ७ वर्ष तथा ७० हजार किमिको वारेन्टी रहेको छ।

गाडीमा भएको यिनै फिचरले गाडी आरामदायी रहेको छ। २ वर्षअघि उत्पादन शुरू भएयता १० हजारभन्दा बढी सोल ईभी बिक्री भइसकेको कम्पनीले जनाएको छ।

कियाका ७ वटा नयाा विश्वस्तरीय गाडी नेपाली बजारमा उपलब्ध छन्। तइसमा पिकान्टो, रियो, सोल ईभी, स्पोर्टेज, सोरेन्टो र ग्रान्ड कार्निभल रहेका छन्।

### महिन्द्रा थार डे ब्रेक

महिन्द्रा एन्ड महिन्द्राको नेपालका लागि आधिकारिक बिक्रेता अग्नी इन्कर्पोरेटेडले थार जीपको नयाँ भर्सन थार डेब्रेक ल्याउँदै छ।

अटो शोलाई लक्षित गरी कम्पनीले नेपाली बजारमा लोकप्रिय थारको नयाँ मोडल ल्याउन लागेको कम्पनीले जनाएको छ। यो सवारी सहर तथा अफ रोड बाटोमा समेत उपयोगी हुने र युनिक डिजाइन भएकाले लोकप्रिय रहेको कम्पनीको भनाइ छ।

त्यसैगरी महिन्द्राको एक्सयूभी-५०० को अटोमेटिक भर्सन पनि नाडामा किन्न पाइनेछ। एक्ट्रा स्पेसियस फिचर्ससहितको केयूभी-१०० पनि गतवर्ष नाडामा नदेखिएको कार हुनेछ।

### रेनो डस्टर

रेनोले गत वर्ष कम्प्याक्ट एसयूभी डस्टर र कम्प्याक्ट ह्याचब्याक क्विडसहित नेपाल भित्र्याएको हो। नेपालमा डस्टर र क्विड दुवै मोडल लोकप्रिय छन्। कम्पनीले आसन्न नाडा अटो शोमा डस्टर पेट्रोल इन्जिनमा एएमटी र डिजेल इन्जिनमा आरएक्सएस भेरियन्ट ल्याउँदै छ। नेपाली बजारमा ३५ लाखदेखि ५६ लाख रुपियाँसम्मको रेन्जमा उपलब्ध डस्टर एसयूभी सेगमेन्टमा लोकप्रिय छ।

### स्कोडा सुपर्व फेसलिफ्ट

स्कोडाले सुपर्व फेसलिफ्ट सार्वजनिक गर्ने भएको छ। सेडान सेगमेन्टमा नेपाली बजारमा रुचाइएको सुपर्वको अपडेटेड भर्सन ल्याउन लागिएको स्कोडा कारको नेपालका लागि आधिकारिक बिक्रेता एमएडब्लू इन्टरप्राइजेजले जनाएको छ। नयाँ स्कोडा सुपर्व फेसलिफ्ट फरक सुविधासहित ल्याउन लागिएको हो।

### सुजुकी न्यू डिजायर

सुजुकी डिजायर कम्पनीले आकर्षक अवतारमा कार भित्र्याउन लागेको हो। नयाँ डिजायरमा सुजुकी बलेनोमा प्रयोग गरिएको हियरटेक च्यासिस प्लेटफर्मको प्रयोग गरिएको कमपनीले जनाएको छ।

कारको भित्री तथा बाहिरी डिजाइन पनि आकर्षक छ। यसमा रहेको इन्फोटेनमेन्ट सिस्टममा दिइएको एन्ड्रोइड अटो सुविधा भारतमा निर्मित कारमै पहिलो भएको कम्पनीको दाबी छ। कारमा ड्युल एयर ब्याग, फ्रन्ड डिस्क ब्रेक र ब्याकमा ड्रम ब्रेक प्रयोग गरिएको छ।

कारमा १२ सय सीसीको भीभीटी पेट्रोल इन्जिन जडान गरिएको छ। यसले १ लिटर पेट्रोलमा २२ किलोमिटरसम्म माइलेज दिने कम्पनीको दाबी छ। ३७ लिटर पेट्रोल अटाउने इन्धन ट्याङ्की रहेको यो कारको ग्राउन्ड क्लियरेन्स १ सय ६३ मिलिमिटर रहेको छ।

### सुजुकीको 'इग्निस'

यो पटक अटो मेलामा मारुती-सुजुकीको नया- सब-कम्प्याक्ट क्रसओभर 'इग्निस' नयाँ गाडीका रूपमा देखा पर्दैछ। दमदार लुकका कारण भारतीय बजारमा निकै रुचाइएको इग्निसलाई नेपाली उपभोक्ताले पनि मन पराउने विश्वास कम्पनीले लिएको छ।

कार १ दशमलव २ लिटर पेट्रोल इन्जिनमा आएको छ। यो कारको फ्युल इफिसियन्सी पनि राम्रो छ। यसले प्रतिलिटर २० दशमलव ८९ किलोमिटरको माइलेज दिन्छ। यसमा २ सय ५८ लिटरको बुट स्पेस पनि छ। जसलाई पछाडिको सिट फोल्ड गरेर ४ सय १५ लिटरको पनि बनाउन सकिन्छ। इन्टेरियरको कुरा गर्दा यो प्रिमियम एसयूभी बराबरको फिचरबाट सुसज्जित छ।

यसमा १ सय ८० एमएमको ग्राउन्ड क्लेयरेन्सले अप्ठेरो सडकमा गाडी चलाउँदा पनि सजिलोसँग ह्यान्डल गर्न सकिन्छ। इग्निस डुअल कलर टोनको साथमा आएको छ।

### टाटा टिगोर

टाटाले कम्प्याक्ट सेडान कार 'टिगोर' भित्र्याएको छ। आकर्षक, चुस्त, अत्याधुनिक एवम् डाइनामिक डिजाइनका कारण टिगोरलाई 'स्टाइल ब्याक' उपनाम दिएको छ। कम्प्याक्ट सेडान टिगोरमा मल्टी ड्राइभ मोडका लागि नयाँ रिभोटर्न १२ सय सीसीको शक्तिशाली पेट्रोल इन्जिन रहेको छ।

कारको बाहिरी बनावट एक्सप्रेसिभ, एक्साइटिङ र एक्स्ट्रा अर्डिनरी तरिकाले डिजाइन गरिएको छ।

कारमा अटोमेटिक क्लाइमेट कन्ट्रोल फिचर पनि छ। कारमा जडित ड्युल फ्रन्ट एयरब्याग, कर्नर स्टाबिलिटी कन्ट्रोल (सीएससी) सहितको एबीएस, ईबीडी र रिभर्स पार्क क्यामेरालगायत विशेषताले यात्रा सुरक्षित बनाउने कमपनीले जनाएको छ।

### वक्सवागन न्यू टिग्वान

वक्सवागनले चर्चित एसयूभी गाडी टिग्वानको रिभाइज्ड भर्सन नेपाली बजारमा भित्र्याएको छ। वक्सवागनको बिक्रेता विशाल समूहअन्तर्गतको पूजा इन्टरनेसनलले नयाँ टिग्वान सार्वजनिक गरिसकेको हो।

अटो शोलाई लक्षित गरी ल्याइएको नयाँ टिग्वान चारवटा भेरियन्टमा उपलब्ध छ। साथै सोही अवसरमा ३ वटा भेरियन्टका एमरोक पिकअप पनि भित्र्याएको छ। ग्राउन्ड क्लियरेन्स २ सय १ मिलिमिटर छ। कारमा ६० लिटर इन्धन क्षमताको ट्यांकी छ।

यसमा सिक्स स्पिड डबल क्लच ट्रान्समिसन डीएसजीदेखि सेभेन स्पिड अटोमेटिक ट्रान्समिसन गियरबक्स छ।

### निसानको नयाँ न्यू 'माइक्रा एक्टिभ', 'एक्स ट्रेल' र सन्नी-डिजेल

निसानको माइक्रा एक्टिभ र एक्स ट्रेलको फेसलिफ्ट पनि नाडामा देखिने नयाँ कार हुन्। यसपटक कम्पनीले इन्टेरियर र एक्सटेरियरमा मिहेनत गरेर नयाँ लुक्समा यिनलाई ल्याएको छ।

यस पटक नामा पायोनियर मोटोकर्पले निसानका गाडीको बिक्री गर्दैछ। ह्याचब्याक माइक्रा एक्टिभ र एसयूभी एक्स ट्रेलको सबैभन्दा बलियो पक्ष भनेको यिनको बाहिरी डिजाइन र लेआउट रहेको छ। नयाँ स्पोर्टी बम्परले यी गाडीलाई निकै आर्कषक देखाउँछ।

माइक्रा एक्टिभमा १ सय ६५ मिलिमिटर ग्राउन्ड क्लियरेन्स छ। ५ सिट क्षमता भएको माइक्रा १ हजार १ सय ९८ सीसी क्षमताको माइक्राले झण्डै २० किलोमिटर माइलेज दिन्छ। शहरी र राजमार्गमा ड्राइभका लागि यो गाडी निकै उपयुक्त छ। यसैगरी निसानको सेडान 'सन्नी'को डिजेल भर्सन पनि नेपाल आउादैछ। नाडाकै अवसरमा डिजेल भर्सन नेपाल ल्याइएको हो। आरामदायी यात्राका लागि यो कार चर्चित छ।

आकर्षक डिजाइन, पर्याप्त हेड रुम र लेग रुमसहितको स्पेश लगायतले यसलाई कम्प्याक्ट सेडान भएर पनि प्रिमियम सेडानको अनुभुति दिलाउाछ। लामो यात्राका लागि यो कार निकै रुचाइएको छ।

योसहित अन्य कम्पनीहरूले पनि आफ्नो नयाँ मोडलका गाडी अटो शोका लागि ल्याउने छन्। कतिपय कम्पनीले केही महिनाअघि सार्वजनिक भएका कारलाई प्राथमिकताका साथ अटो शोमा प्रदर्शन गर्ने भएका छन्।

### एमजी जिएस एसयूभी

बेलायती ब्रान्ड मोरिस ग्यारेज (एमजी) ले दुई मोडलमा एसयूभी नेपाली बजारमा भित्र्याएको छ। कम्पनीले १५ सय सीसी र २ हजार सीसी टर्बो इन्जिनको एमजी जीएस ल्याएको हो। एमजी गत वर्षको नाडा अटो शोबाट नेपाल प्रवेश गरेको हो। एमजी ब्रान्डको गाडी एसएलआर टेक्नोलोजी एन्ड ट्रेड प्रालिले एमजी गाडी बिक्री गर्दै आएको छ।

गाडीमामा नयाँ प्रविधिको टीएसटी गेयर बक्स (अटोमेटिक)को सुविधा छ। नयाँ प्रविधिको सुविधायुक्त हुनुका साथै यस एमजी जीएस गाडी यूरो-५ प्रमाणित छन्। नयाँ प्रविधिका उपकरणबाट सुसज्जित हुनुका साथै सुरक्षाको हिसाबले पनि उच्च प्रविधि अपनाएको छ।

तत्काल बुकिङ गरेमा २ लाखसम्म छुट दिनुका साथै एक वर्ष को इन्स्योरेन्स पनि दिने कम्पनीले जनाएको छ। नयाँ मोडल अटो शोलाई लक्षित गरी सार्वजनिक गरिएको कम्पनीले जनाएको छ।





ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E EARTHQUAKE RESISTANT REBAR Fe 500 NS:191
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

नेपालको नं. 1 मारुती सिमेन्ट
हामी बनाउँदैछौं नेपाललाई...


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ भदौ १२ अगस्ट २८ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०१।९५ | १०२।५५ |
| युरो १ का रु. | १२१।५६ | १२२।२८ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३१।६४ | १३२।४२ |
| स्विस फ्रन्क १ का रु. | १०६।७७ | १०७।४० |
| अस्ट्रलियन डलर १ का रु. | ८०।९९ | ८१।४६ |
| क्यानाडियन डलर १ का रु. | ८१।७६ | ८२।२४ |
| सिङ्गापुर डलर १ का रु. | ७५।२६ | ७५।७० |
| जापानी यन १० का रु. | ९।३३ | ९।३८ |
| चिनियाँ युआन १ का रु. | १५।३९ | १५।४८ |
| साउदी अरब रियाल १ का रु. | २७।१८ | २७।३४ |
| कतारी रियाल १ का रु. | २८।०० | २८।१६ |
| थाई भाट १ का रु. | ३।०७ | ३।०९ |
| सं. अरब इमिरट दिराम १ का रु. | २७।७६ | २७।९२ |
| मलसियन रिङ्गिट १ का रु. | २३।८९ | २४।०३ |
| दक्षिण कारियन वन १०० का रु. | ९।१० | ९।१६ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।७७ |
| डनिस क्रानर १ का रु. | १६।३४ |
| हङकङ डलर १ का रु. | १३।०३ |

**नोट**: वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।


हाजिर हुन आउने बारे अत्यन्त जरुरी सूचना ।

श्री सितल पण्डित को नाति श्री सुरज पण्डित को छोरा पर्सा जिल्ला साबिक हरपतगजं गा.वि.स. वडा नं ६ ठेगाना भई हाल यस बैंकको तीनधारा शाखामा कनिष्ठ वाहक (जुनियर म्यासेन्जर) पदमा कार्यरत कर्मचारी तपाई श्री धर्म देव पण्डित मिति २०७४ अषाढ २८ गते देखि बिना जानकारी बैंकमा हाजिर नहुनुभएको एवं बैंकको सम्पर्कमा समेत नरहनु भएको हुँदा बिना सूचना गयल हुनुको कुनै कारण भए आफ्नो लिखित स्पष्टिकरण सहित यो सूचना प्रकशित भएको मितिले सात दिन भित्र बैंकको मानव संसाधन विभाग, प्रधान कार्यालयमा सम्पर्क गर्न हुनको लागि यो सार्वजनिक सूचना जारी गरिएकोछ । उल्लेखित समय भित्र स्पष्टिकरण पेश नगरेमा वा पेश गरेको स्पष्टिकरण सन्तोषजनक नभएमा तपाईलाई बैंकको कर्मचारी सेवा विनियमावली बमोजिम आवश्यक कारवाही अगाडि बढाइने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

NABIL BANK®
प्रधान कार्यालय, तिनधारा, दरबारमार्ग, काठमाडौं, फोन नं.४२२७१८१

Kuwait मा रोजगारको अवसर
१.कम्पनी: Fresh packs for Filling and Packing Foodstuff(frozen Vegetables & Fruits)Factory
Pre Approval date : 2017/08/28 चलानी नं. ६०११६६६२ LT No: 195052

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब सुविधा KD | ने.रु | न्यूनतम योग्यता | प्रतिदिन काम गर्नेघण्टा | हप्तामा काम गर्नेदिन | ओ.टी.हुने या नहुने | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 10 | 110/- | 37,290/- | सम्बन्धित काममा दक्ष | ८ घण्टा | ६ दिन | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने वीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने/नहुने र कस्ले व्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले दिने र कति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कामदार आफै | नदिने | | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | १०,०००/- |

नोट १) छनौट भई भिषा प्राप्त गरिसकेका व्यक्तिहरुले जान नचाहेमा भिषा बापत लागेको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ ।
२) उमेर २१ देखि ४५ वर्ष भित्रको हुनु पर्नेछ ।
३) अंग्रेजी भाषा लेख्न र बोल्न सक्ने हुनुपर्नेछ ।

लागत खर्च= 10000/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाइ अनिवार्य रूपमा लिनुहोला । * आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोकको सम्पर्क र फोन नं साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ ।* यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनु होला । *विदेश जानु अघि अभिमुखीकरण वा इडक्सन तालिम अनिवार्य दिनुहोला । *विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को एक प्रति आफूसंग राख्नुहोला । काममा विदेश जान नेपालको एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । *यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नु परेमा वैदेशिक रोजगार विभाग, तीनकुनेमा सम्पर्क राख्नुहोला ।

GOC श्रम इजाजत नं. २६/०४८/०४९
गल्फ ओभरसिज कन्सलटेण्ट
भगवान वहाल, ठमेल, काठमाण्डौं, नेपाल
फोन नं. ४४२३४२९ / ४४२३०३० / ४४१८६९७

> हायरपर्चेज कर्जा प्रदान गर्ने अनुमति प्राप्त संस्थालाई बैंक तथा वित्तीय संस्थाले सवारी साधन, मेसिनरी जस्ता स्थिर सम्पति धितो लिई सोको खरिद मूल्यको ५० प्रतिशतसम्म कर्जा प्रदान गरी सम्पतिको पूरा मूल्यको बीमा गरेको अवस्थामा सहवित्तीकरण आवश्यक नपर्ने व्यवस्था मौद्रिक नीतिमा छ।

# आजदेखि नाडा अटो शो

**नेपाल समाचारपत्र**

काठमाडौं

नाडा अटो शो २०१७ आज मंगलबारदेखि राजधानीमा शुरू हुँदै छ। नाडा अटो शोको १२औं संस्करण मंगलबारदेखि काठमाडौंको भृकुटीमण्डपमा शुरू हुन लागेको हो। छ दिनसम्म चल्ने मेला नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल र ग्लोबल एक्सपोजिसन एन्ड म्यानेज्मेन्ट सर्भिसेज प्रालिको संयुक्त आयोजनामा हुन लागेको हो।

मेलाको टाइटल स्पोन्सर सर्बो वर्ल्ड क्लास लुब्रिकेन्ट्स रहेको छ। मेलाका ब्रान्ड एम्बेस्डर कलाकार मह जोडी रहेका छन्। प्रदर्शनीमा अटो व्यवसायीहरूले आफ्नो विभिन्न ब्रान्डका सवारी साधन, पार्टपूर्जा, लुब्रिकेन्टलगायतका बारेमा जानकारी दिइने छ।

ग्राहकमा अटोसम्बन्धीका कौतुहलता मेटाउन मेला महत्त्वपूर्ण रहेको आयोजकले जनाएका छन्। मेलामा ९० वटा कम्पनीका १ सय ३० वटा स्टल रहेका छन्। मेलामा ग्राहकले सजिलै र छोटो समयमै सावारी साधनको छनोट गर्न सक्ने आयोजकको दाबी छ। प्रदर्शनीमा १६ ब्रान्डका चार पाङग्रे सवारी, १९ ब्रान्डका २ पाङग्रे सवारी र ६ वटा ब्रान्डका हेभी कमर्सियल सवारी साधनको सहभागिता रहेको छ।

त्यस्तै ८ वटा लुब्रिकेन्ट कम्पनी, १० बैंक, २ बीमा कम्पनी, ४ टायर कम्पनी, ४ ब्याट्री कम्पनी र १८ वटा अन्य कम्पनीको सहभागिता मेलामा रहेको छ। मेलामा करिब ५० हजार अवलोकनकर्ता आउने विश्वास गरिएको छ। मेला अवधिभर ट्राफिक व्यवस्थापन र पार्किङको असुविधालाई मध्यनजर गर्दै नाडाले पद्मोदय स्कुल, बाल्मिकी क्याम्पस र फनपार्कसँग समन्वयन गरेको छ।

### चारपांग्रे सवारी कम्पनी

| क.स. | कम्पनीको नाम | ब्राण्ड |
|---|---|---|
| १ | पायोनियर मोटरकर्प प्रालि | डाट्सन |
| २ | एड्भान्स अटोमोबाइल प्रालि | रेनल्ट |
| ३ | पायोनियर मोटकर्प प्रालि | निसान |
| ४ | स्याकार ट्रेडिङ कम्पनी प्रालि | होन्डा |
| ५ | सांग्रिला मोटोर्स प्रालि | प्योगट |
| ६ | कन्टिनेन्टल ट्रडिङ इन्टरप्राइजेज | किया |
| ७ | अग्नी इन्कर्पोरेटेड प्रालि | महिन्द्रा |
| ८ | विजय मार्टस | सुबारु |
| ९ | कन्टिनेन्टल ट्रडिङ इन्टरप्राइजेज | इसुजु |
| १० | एमएडब्लु इन्टरप्राइजेज प्रालि | स्कोडा |
| ११ | गो अटोमाबाइल्स प्रालि | फोर्ड |
| १२ | अरूण इन्टरकन्टिनेन्टल ट्रेडर्स | सुजुकी |
| १३ | सिप्रदी ट्रडिङ प्रालि | टाटा |
| १४ | पूजा इन्टरनेसनल नेपाल प्रालि | भ्वाक्सवागन |
| १५ | लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालि | हुन्डाई |
| १६ | आइएमएस मोटर | साङयोङ |

### दुईपांग्रे सवारी कम्पनी

| क.स. | कम्पनीको नाम | ब्राण्ड |
|---|---|---|
| १ | जगदम्बा मोटर्स प्रालि | टिभिएस |
| २ | अग्नी माटो इन्कर्पोरेसन | महिन्द्रा |
| ३ | हंसराज हुलाचन्द एन्ड कम्पनी प्रालि | बजाज |
| ४ | भिजी अटोमाबाइल्स प्रालि | सुजुकी |
| ५ | स्याकार ट्रेडिङ कम्पनी प्रालि | होन्डा |
| ६ | फेयर अटो प्रालि | टेर्रा |
| ७ | नेपाल जेनेरल मार्केटिङ प्रालि | हिरो |
| ८ | हंसराज हुलाचन्द एन्ड कम्पनी प्रालि | केटिएम |
| ९ | एमएडब्लु इन्टरप्राइजेज प्रालि | यामाहा |
| १० | दुगड ब्रदर्स एन्ड सन्स | एन्फिल्ड |
| ११ | डि-लाईफ | भेस्पा |
| १२ | आईएमई अटोमोटिभ्स प्रालि | युएम |
| १३ | रमन मार्टस प्रालि | रनर |
| १४ | केटिएम इन्टरनेसनल ट्रेडिङ प्रालि | बेनेली |
| १५ | श्रेष्ठ कम्पनी प्रलि | एसवाईम |
| १६ | अन्ना इन्टरनेसनल प्रालि | सिएफ मोटो |
| १७ | इको इन्फिनिटी प्रालि | निउ |
| १८ | राई मार्टस | हन्टर |
| १९ | बाइकर्स नेपफ प्रालि | क्रस-एक्स |

### कमर्सियल

| क.स. | कम्पनीको नाम | ब्राण्ड |
|---|---|---|
| १ | गुराँस इन्जिनियर्स प्रालि | अर्थमास्टर |
| २ | दुगड अटो क्लिनिक प्रालि | महिन्द्रा |
| ३ | इस्टर्न एजेन्सिज प्रालि | आइसर |
| ४ | सिप्रदी ट्रेडिङ प्रनलि | टाटा |
| ५ | आईएमई मोटर्स प्रालि | अशोक लैल्यान्ड |
| ६ | कन्स्ट्रक्सन सोलुसन प्रालि | ह्युन्डाई |

### लुब्रिकेन्टस्

| क.स. | कम्पनीको नाम | ब्रान्ड |
|---|---|---|
| १ | हंसराज हुलाचन्द एन्ड कम्पनी प्रालि | सर्वो |
| २ | सिप्रदी ट्रडिङ प्रालि | एमएके लुब |
| ३ | नेपाल लुब आयल लि. | गल्फ लुब |
| ४ | रिलाएन्स ट्रेड इन्टरनेसनल | मोबिल |
| ५ | रिलाएन्स ट्रेड इन्टरनेसनल | आईपीओएल |
| ६ | मेगा लुब्रिकेन्टस् | पीएलओ लुब |
| ७ | कन्काई आयल सप्लाएर्स | एचपीसीएल |
| ८ | त्रिथुङ्गा ट्रेडिङ कन्सर्न | पेट्रोनास लुब |

### टायर कम्पनी

| क.सं. | कम्पनीको नाम | ब्राण्ड |
|---|---|---|
| १ | सिप्रदी अटोपार्टस् | मिचेलिन |
| २ | गणपति टायर इन्टरनेसनल | बिकेटी |
| ३ | ग्रिन टायर प्रालि | ग्रिन |
| ४ | एसटीसी अटो | सियट |

### ब्याट्री

| क.स. | कम्पनीको नाम | ब्राण्ड |
|---|---|---|
| १ | सिप्रदी ट्रडिङ प्रालि | एक्साइड |
| २ | त्रिथुंगा ट्रेडिङ कन्सर्न | ग्लोबल |
| ३ | ग्रिन ब्याट्री प्रालि | ग्रिन |
| ४ | एसियन ब्याट्री | एसिएन |

### बैंक

| क.सं. | बैंक |
|---|---|
| १ | हिमालयन बैंक |
| २ | एनआईसि एसिया बैंक |
| ३ | लक्ष्मी बैंक |
| ४ | माछापुच्छे बैंक |
| ५ | सानिमा बैंक |
| ६ | प्रभु बैंक |
| ७ | स्ट्यान्डर्ड चार्टर्ड |
| ८ | ग्लोबल आईएमई बैंक |
| ९ | बैंक अफ काठमाडौं |
| १० | सिभिल बैंक |

### बीमा कम्पनी

| क.सं. | बीमा कम्पनी |
|---|---|
| १ | एनबी बीमा कम्पनी |
| २ | नेको इन्स्योरेन्स लि. |

### ग्यारेज इक्युपमेन्ट तथा अन्य

| क.स. | कम्पनी |
|---|---|
| १ | हिट्को प्रलि |
| २ | अक्षेत टेक्निकल सर्भिसेज |
| ३ | भैरव बेरिङ प्रलि |
| ४ | हजुरलाई नमस्ते ट्रडिङ लिंक |
| ५ | शरण इलेक्ट्रोनिक्स प्रालि |
| ६ | श्री एसटीसी प्रालि |
| ७ | दिदिम रिसर्च |
| ८ | द कि कन्सर्न |
| ९ | श्रेष्ठ कम्पनी प्रालि |
| १० | रिता अटोमोबाइल्स |
| ११ | एमआरडी इन्टरनेनल प्रालि |
| १२ | काभेरी एग्जिम |
| १३ | रेगल ट्रडिङ इन्टरप्राइजेज प्रालि |
| १४ | आरोन हेल्मेट प्रालि |
| १५ | नयाँ नौलो डट कम |
| १६ | मंगलम ट्रेड कन्सर्न |
| १७ | नेक्स्टजेन आइटी इन्टरनेसनल |
| १८ | बाइक माइन्डेड प्रालि |

# सवारी कर्जामा सहज

हेमन्त जोशी, काठमाडौं

बैंक तथा वित्तीय क्षेत्रका लागि सवारी कर्जा न्यून जोखिमयुक्त र राम्रो प्रतिफल दिने क्षेत्र मानिन्छ। सोही कारण बैंकहरूको सवारी कर्जामा प्रतिस्पर्धा नै चल्छ। लगानीको आकर्षक क्षेत्र रहेको हुनाले बैंक तथा वित्तीय संस्थाहरूले सर्वासाधारणलाई सो शीर्षकमा कर्जा प्रवाहको दायरा खुकुलो बनाउने गरेका छन् भने सर्वसाधारणको सानो बचतवाट निजी गाडी चढ्ने सपना पनि साकार भएको छ।

गत माघमा मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा गर्दै राष्ट्र बैंकले सवारीसाधनलाई अनुत्पादक कर्जा भन्दै बैंकहरूले ९० प्रतिशतसम्म गर्दै आएको कर्जा प्रवाह ५० प्रतिशतमा खुम्चाएको थियो। अनुत्पादक क्षेत्रको कर्जामा राष्ट्र बैंकले कडाई गरेपछि सवारी साधनमा पनि गिरावट आएको व्यवसायीहरू बताउँदै आएका छन्। तर चालू आर्थिक वर्षको मौद्रिक नीतिमा भने सवारी कर्जा केही खुकुलो भएको छ। मौद्रिक नीतिअनुसार निजी प्रयोजनका सवारी साधनमा ऋण प्रवाह गर्दा सो सवारीको मूल्यांकनको अधिकतम् ५० प्रतिशतसम्म मात्र बैंकले लगानी गर्ने व्यवस्थालाई ६५ प्रतिशत पुऱ्याइएको छ। व्यक्तिगत विद्युतीय सवारी साधनको हकमा उक्त सीमा ८० प्रतिशत कायम गरिएको छ। तर, न्यूनतम ४० सिटका सार्वजनिक यातायात, निर्माण कार्य तथा शिक्षा, स्वास्थ्यलगायत सेवाका लागि प्रयोग हुने सवारी साधनको हकमा भने सो सीमा लागू गरिएको छैन।

त्यसैगरी हायरपर्चेज कर्जा प्रदान गर्ने अनुमति प्राप्त संस्थालाई बैंक तथा वित्तीय संस्थाले सवारी साधन, मेसिनरी जस्ता स्थिर सम्पत्ति धितो लिई सोको खरिद मूल्यको ५० प्रतिशतसम्म कर्जा प्रदान गरी सम्पत्तिको पूरा मूल्यको बीमा गरेको अवस्थामा सहवित्तीकरण आवश्यक नपर्ने व्यवस्था मौद्रिक नीतिमा छ।

बैंकले प्रवाह गर्ने कर्जामा भने एकरूपता छैन। हरेक बैंक तथा वित्तीय संस्थाअनुसार फरक ब्याजदर तथा फरक समयावधिका लागि कर्जा लिन सकिन्छ। कर्जामा गरिएको कडाइका कारण दूईपांग्रे सवारीमा कम समस्या देखिए पनि चारपांग्रे र हेभी इक्विपमेन्टको बजार भने प्रभावित भएको व्यवसायीहरू बताउँछन्।

१० वटा बैंक र २ वटा इन्स्योरेन्सको स्टल

गत वर्षको नाडा शोमा बैंकहरूले सवारी साधनको मूल्यको ९० प्रतिशतसम्म कर्जा दिएको थिए। तर, अहिले सवारी कर्जामा राष्ट्र बैंकको अंकुश लागेको छ। बैक तथा वित्तीय संस्थाले सवारी साधनलाई नै धितोको रूपमा लिने र ऋण तिर्न नसके सवारी साधन बेचेर नै ऋण असुल गर्न सक्ने हुँदा लगानीका लागि कम जोखिमयुक्त क्षेत्र हो।

नाडा अटो शो २०१७ का संयोजक तथा नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका उपाध्यक्ष शम्भुप्रसाद दाहालले राष्ट्र बैंकको अटो कर्जामा कडाईपछि यस खुम्चिएको बजारमा नयाँ मौद्रिक नीतिपछि केही सुधार आएको बताउनुभयो।

नाडा अटो शोमा पनि १० वटा बैंकले स्टल राख्ने तयारी गरेका छन्। ग्राहकहरूले कर्जा सम्बन्धी सम्पूर्ण जानकारी सम्बन्धित बैंकको स्टलमार्फत् लिन सक्नेछन्। सम्बन्धित बैंकहरूले आफ्नो स्टलमार्फत् कर्जामा ब्याजको प्रतिशत, कर्जा अवधि, डाउन पेमेन्ट जस्ता कुराको जानकारी पाउनेछन्। सेवा शुल्कमा पनि केही छुटको व्यवस्था रहेको छ। बैंकहरूले नाडा अटो शो लागि लागि नै भनेर ब्याजदरमा केही प्रतिशत छुट पनि दिने भएका छन्।

नाडाको अटो शोमा हिमालयन बैंक, एनआईसी बैंक, लक्ष्मी बैंक, माछापुच्छे बैंक, सानिमा बैंक, प्रभु बैंक, स्टान्डर्ड चार्टर्ड, ग्लोबल आईएमई, बैंक अफ काठमाडौं, सिभिल बैंक गरी १० वटा बैंकका स्टलहरू राखिएका छन। त्यसैगरी एनबी इन्स्योरेन्स र नेको इन्स्योरेन्सको पनि सहभागिता रहेको छ।

शोमा सहभागी बैंकहरूको ब्याजदर पनि एकरूपता देखिँदैन। अधिकांश वित्तीय संस्थाले प्राथमिकताका साथ अटो कर्जामा लगानी गरिरहेका छन्। बैंकहरूले उपलब्ध गराउने शुलभ कर्जा र सर्वसाधारणको क्रयशक्तिसमेत बढेकाले सवारीमा सर्वसाधारणको पहुँच बढ्दै गएको व्यवसायी बताउँछन्। वाणिज्य बैंकको तुलनामा फाइनान्स कम्पनीको कर्जामा ब्याजदर केही महँगो हुने भएकाले उनीहरूको ब्याजदर १५ प्रतिशतसम्म छ। यसबाहेक अधिकांश वाणिज्य बैंकहरूले अटो कर्जा ८ प्रतिशत देखि १२ प्रतिशतसम्म उपलब्ध गराउँदै आएका छन्।

## देवः विकास बैंकको नयाँ सडकको शाखा स्थान्तरण

काठमाडौं, (नेस)

देव: विकास बैंकको नयाँ सडकमा रहेको शाखा साविक भवन नजिकै रहेको फ्रेस हाउस बिल्डिङमा स्थान्तरण गरिएको बैंकले जनाएको छ। शाखा कार्यालयको काठमाडौं महानगरपालिका मेयर विद्यासुन्दर शाक्यले शुभारम्भ गर्नु भएको थियो।

बैंकका संचालक समितिका अध्यक्ष प्राडा सुवर्णलाल बज्राचार्यको सभापतित्वमा सञ्चालन भएको उक्त कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत विजयबहादुर श्रेष्ठले बैंकको गतिविधिमाथि पैकाश पार्नु भएको थियो।

बैंकले आव २०७३/७४ अन्त्यसम्म १० अर्ब ४१ करोड निक्षेप संकलन तथा ९ अर्ब ५८ करोड कर्जा प्रवाह गरी ४१ करोड ८५ लाख रुपियाँ सञ्चालन नाफा आर्जन गरेको छ ।

## केमु बन्यो दराज डटकम

काठमाडौं, (नेस)

अनलाइन सपिङ प्लेटफर्म दराज डटकमले चार दिने अनलाइन सपिङ कार्निभल शुरू गरेको छ। तत्कालीन केमु डटकम डट एनपीबाट दराज डटकम डट एनपीमा रूपान्तरण भएको उपलक्ष्यमा दोहोरो छुट सहित 'दराज कार्निभल शेल' शुरू भएको हो।

दराज ब्रान्डबाट अझै परिष्कृत रूपमा आफ्नो उपस्थिति जनाउन भदौ १२ देखि १५ गतेसम्म सञ्चालन हुने कार्निभल सेलमा सेवाग्राहीले हरेक सामानको खरिदमा दोहोरो छुट पाउने छन्। दराजले अहिले प्रदान गरिरहेको छुटमा कार्निभल अवधि भर थप १० प्रतिशत छुट दिने दराजका प्रबन्ध निर्देशक राजीव अमात्यले बताउनुभयो।

कानिर्भल अवधिमा मोबाइल, विद्युतीय सामग्री, लत्ता कपडा, सौन्दर्यका उत्पादनलगायत दैनिक उपभोग्य सामान खरिद गर्नेले छुट पाउने बताइएको छ। आफूले खरिद गरेको सामान चित्त नबुझेको खण्डमा सेवाग्राहीले सात दिनभित्रमा सामान फिर्ता गर्न सक्ने दराजले जनाएको छ। दराज समूहले नेपालसहित पाकिस्तान, श्रीलंका, बंगलादेश र म्यानमारमा पनि विगत तीन वर्षदेखि आफ्नो सेवा दिँदै आएको छ। पाँच मुलुकमा जनाएको उपस्थितिले अनलाइन प्लेटफर्ममा ठूलो संख्यामा सेवाग्राही आबद्ध हुने दाबी दराज समूहको छ।

## पञ्चकन्या ग्रुपद्वारा सब-डिलर भेटघाट

काठमाडौं, (नेस)

पञ्चकन्या ग्रुपले सब-डिलरहरूको भेटघाट कार्यक्रमको आयोजना गरेको छ। जसमा प्लाष्टिकका विभिन्न ब्रण्डका एचडीपी, सीपीभीसी, पीपीआर, पीभीसी पाइप एन्ड फिटिङ बिक्री गर्ने करिब ५०० सब-डिलरहरूको सहभागिता थियो। सो अवसरमा पञ्चकन्या ग्रुपका प्रबन्ध निर्देशक प्रदीपकुमार श्रेष्ठ, कार्यकारी निर्देशक उदीप श्रेष्ठलगायतको उपस्थिति थियो

कार्यक्रममा पञ्चकन्याको कच्चा पदार्थ आपूर्तिकर्ता सेकुसुई जापानका प्रतिनिधि तोमोकी कामिया, चान खाई हिन, र मोहित बन्सलको समेत सहभागिता थियो। पञ्चकन्या ग्रुपले यस्ता कार्यक्रमहरू राजधानीमा मात्र नगरी उपत्यका बाहिर पनि नियमित रूपमा गर्दै आएको र प्राविधिकहरूलाई चाहिने तालिम तथा टुलकिटसमेत उपलब्ध गराउँदै आएको छ।





# खेलकुद






# डेम्बेले बार्सिलोनासँग आबद्ध

लन्डन, (एजेन्सी)

स्टार खेलाडी नेयमारको बहिर्गमनपछि ला लिगा क्लब बार्सिलोनाले महँगो रकममा बोरुसिया डर्टमन्डका फरवार्ड आउसमाने डेम्बेलेलाई भित्र्याएको छ।

फ्रान्सका अन्तर्राष्ट्रिय खेलाडीलाई बार्सिलोनाले ५ वर्षका लागि सम्झौता गर्न सबै प्रक्रिया पूरा गरिसकेको सोमबार क्लबका अध्यक्ष जोसेप मारिया बार्टोमेउले जनाएका हुन्। डेम्बेलेका लागि शुरूआतमा ९ करोड ६८ लाखको प्रस्ताव राखे पनि अन्त्यमा यो रकम बढेर १३ करोड ५५ लाख पाउन्डमा सम्झौता हुन गयो। २० वर्षीय खेलाडी दोस्रो महँगो खेलाडी बनेका छन्। यो खेलाडी खरीदबिक्रीको इतिहासमा दोस्रो सर्वाधिक महँगो रकम हो। यसअघि यसै सिजनमा नेयमारलाई पेरिस सेन्ट जर्मेनले २० करोड पाउन्डमा सम्झौता गरेको नै अहिलेसम्मको सर्वाधिक महँगो रकम हो।

डेम्बेलेले बताए- 'म ज्यादै खुसी छु। बार्सिलोनामा आउनु मेरो सपना हो। अहिले म यहाँ छु। मेरो सपना पूरा भएको छ। यो विश्वमा उत्कृष्ट खेलाडीसँगको उत्कृष्ट क्लब हो।'

डेम्बेलेले पछिल्लो पटक डर्टमन्डमा जर्मन सुपर कपमा ५ अगस्टमा खेलेका थिए। यसै समयमा जर्मन बुन्डेसलिगाको टोलीले बार्सिलोनाको प्रस्ताव अस्वीकार गरेको थियो। त्यसपछि खेलाडी निलम्बनमा परेर डर्टमन्डको प्रशिक्षणमा सहभागिता हुन सकेका थिएनन्।

यस्तै बार्सिलोनाले लिभरपुलका मिडफिल्डर फिलिपे काउन्टिनोलाई क्लबमा ल्याउन तीन पटक इंग्लिस प्रिमियर लिग क्लबलाई प्रस्ताव पठाएको थियो। तर तीनैपटक लिभरपुलले अस्वीकार गरिदिएको थियो। तेस्रोपटक काउन्टिनोका लागि ११ करोड ४० लाख पाउन्ड प्रस्ताव राखिएको थियो। बार्सिलोनाले पछिल्लोपटक सन् २०१४ मा लुइस स्वारेजलाई लिभरपुलबाट ७ करोड ५० लाख पाउन्डको महँगो रकममा किनेको थियो। जब कि बार्सिलोनाका अध्यक्ष बार्टोमेउका अनुसार नेयमारलाई २०१३ मा सान्तोसबाट ९ करोड २० लाख पाउन्डमा किन्नु सबैभन्दा महँगो सम्झौता थियो। तापनि ट्रान्सफर शुल्कमा नेयमारलाई किनेको रकम ४ करोड ८६ लाख पाउन्डको खुलाएको थियो।

डेम्बेले गत सिजनमा डर्टमन्डका लागि १० गोल गर्नुका साथै २१ गोलका लागि सहयोगी भूमिकामा रहेका थिए। त्यो सिजनमा उनको टोली तेस्रो स्थानमा रहेको थियो भने जर्मन कप दिलाएका थिए। त्यस्तै टोली च्याम्पियन्स लिगको क्वार्टरफाइनलसम्म पुगेको थियो। उनी डर्टमन्डमा फ्रेन्च वान टोली रेनेसबाट मे २०१६ मा ५ वर्षका लागि आबद्ध भएका थिए। डेम्बेले फ्रेन्च लिग वानमा २०१५-१६ सिजनका लागि वर्षका युवा खेलाडी घोषित भएका थिए। उनले १२ गोल गर्नुका साथै ५ गोलमा सहयोग गरेका थिए।




**५ महँगो ट्रान्सफर (पाउन्डमा)**

२० करोड **नेयमार**
(बार्सिलोनाबाट पेरिस सेन्ट जर्मेन २०१७)

१३ करोड ५५ लाख **आउसमाने डेम्बेले**
(डर्टमन्डबाट बार्सिलोना २०१७)

८ करोड ६० लाख **पउल पोग्बा**
(युभेन्ट्सबाट म्यानचेस्टर युनाइटेड २०१६)

८ करोड ५० लाख **गेरेथ बेल**
(टोटनहामबाट रियल मेड्रिड २०१३)

८ करोड **क्रिस्टियानो रोनाल्डो**
(म्यानचेस्टर युनाइटेडबाट रियल मेड्रिड २००९)

## आठौंको मस्कट छावा

काठमाडौं, (नेस)

आगामी वर्ष नेपालगन्जमा हुने आठौं राष्ट्रिय खेलकुदका लागि मस्कट हात्तीको छावा हुने निर्णय भएको छ। सोमबार आयोजकस्थलमा बसेको आठौं राष्ट्रिय खेलकुद तयारी समितिको बैठकले खेलकुदको मस्कट हात्तीको छावा बनाउने निर्णय गरेको हो। बैठकमा युवा तथा खेलकुद मन्त्री राजेन्द्रकुमार केसी र राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव केशवकुमार विष्टको सहभागिता रहेको थियो। सो खेलकुद आयोजना गर्न ३५ करोड खर्च हुने अनुमान लगाइएको छ। सो बैठकले आठौं राष्ट्रिय खेलकुद २०७५ सालको मंसिरमा आयोजना गर्ने पनि जनाएको छ।

## आदित्य र प्रशंसालाई स्वर्ण

काठमाडौं, (नेस)

अक्षरा स्कुलका आदित्य सुवेदी र प्रिमियर इन्टरनेसनल स्कुलकी प्रशंसा मोक्तानले १०औं एलए/जेटीआई अन्तरविद्यालय जुनियर खुला टेनिस प्रतियोगितामा सोमबार स्वर्ण जितेका छन्। आदित्य यू-१२ ब्वाइज सिंगल्स तथा प्रशंसा यू-१० गर्ल्स सिंगल्समा च्याम्पियन बने।

हात्तीवनस्थित आयोजक लिटिल एन्जल्स (एलए) को कोर्टमा भएको यू-१२ ब्वाइज सिंगल्स फाइनलमा आदित्यले नेपाल पुलिस स्कुलका निश्चल अधिकारीलाई ६-२ र ६-२ को सोझो सेटमा पराजित गरे। यू-१० गर्ल्स सिंगल्स उपाधि भिडन्तमा प्रशंसाले सेन्ट मेरिजकी इभा अधिकारीलाई ६-४ र ६-४ को सीधा सेटमा हराउँदै व्यक्तिगत दोहोरो स्वर्ण जितिन्। प्रशंसा यू-९ गर्ल्स सिंगल्समा पनि च्याम्पियन बनेकी थिइन्।

यू-१० ब्वाइज सिंगल्समा काष्ठमण्डप विद्यालयका प्रणव मानन्धर र पुलिस स्कुलका प्रसिद्ध बस्नेत फाइनलमा प्रवेश गरेका छन्। सेमिफाइनलमा प्रणवले जोन डेवीका आयुशमान हजुर घलेलाई ६-१ र ६-२ तथा प्रसिद्धले केन्द्रीय विद्यालयका राजवीर प्रधानलाई ६-२, २-६ र १०-८ ले पाखा लगाए।

प्रतियोगिताको अन्तिम दिन मंगलबार यू-१० ब्वाइज सिंगल्ससहित ३ सिंगल्स फाइनल खेल हुनेछन्।









## धरहरा

### डा साबलाई राहत



पहिलो चरणको स्थानीय तहको निर्वाचनअघि नयाँ शक्ति नेपालका संयोजक बाबुराम भट्टराई र उनका समर्थकले निर्वाचन आयोगमा चुनाव चिह्नको दाबी गर्दै धेरैपटक धर्ना दिएको धरहराले देखेको हो। चर्को घाम, धुवाँ र धुलोको समेत वास्ता नगरी भट्टराई धेरैपटक आयोग धाए तर




आलोचनासमेत भयो। चुनावी परिणामपछि धेरैले सो पार्टीलाई 'नयाँ बोतलमा पुरानै रक्सी'को संज्ञा दिनसमेत भ्याए। आफ्ना दाहिने हात मानिएका केही र अन्य धेरै नेताले हालै नयाँ शक्ति छोडेपछि भट्टराई 'विना हराएको कस्तुरीझैं भए' भन्ने पनि सुनियो। तर पाठकवृन्द, ढिलै भए पनि उनले न्याय पाएको धरहराले सुन्यो। अब उनको पार्टीले संसद्मा पनि प्रतिनिधित्व गर्न पाउने रे! संसद्मा प्रतिनिधित्व गरेको थरुहट पार्टी नेपाल नयाँ शक्तिमा विलय भएपछि डा साबलाई लागेको घाउमा थोरै भए पनि मल्हम लागेको धरहराले ठहर गरेको छ है। कि कसो?

उनको माग पूरा भएन। केही सीप नलागेपछि उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरमसँग चुनावी तालमेल गरेर नयाँ शक्ति चुनावमा होमियो।

यादवसँगको चुनावी साँठगाँठ अनुसारको परिणाम नआएपछि बौद्धिक कहलिएका नेताको निकै

## एन्जल्स हार्ट क्वार्टरफाइनलमा

काठमाडौं, (नेस)

एन्जल्स हार्ट चौथो बृहस्पति कप अन्तरविद्यालय मिनी बास्केटबल प्रतियोगिताको ब्वाइजमा सोमबार क्वार्टरफाइनलमा प्रवेश गरेको छ।

एन्जल्स हार्टले रोज बर्डलाई ३७-१० ले पराजित गर्दै समूह 'सी'को विजेता बन्यो। एन्जल्स हार्टको जितमा शेखरले १९ अंक योगदान गरे। ब्वाइजकै अन्य खेलमा एलआरआईले श्रीदिवालाई २२-६, पुष्पसदनले बाबालाई २७-१४ र स्वर्णिमले आयोजक बृहस्पति विद्या सदनलाई २४-६ ले हराए।

गर्ल्समा एलआरआई, संस्कृति र इनोभेटिभले सफलता पाए। एलआरआईले श्रीदिवामाथि १६-६ को जित रच्यो। संस्कृतिले आयोजक बृहस्पति 'ए'लाई १०-४ ले पन्छायो। आयोजक बृहस्पति 'बी' विरुद्धको खेलमा इनोभेटिभ ४३-२१ ले विजयी भयो। इनोभेटिभकी सभ्यता महर्जनले २० स्कोर गरिन्।

## मञ्चको साहस स्पोर्ट्ससँग सम्झौता

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल खेलकुद पत्रकार मञ्चले खेल पोसाक उत्पादक कम्पनी साहस स्पोर्ट्ससँग 'पल्सर स्पोर्ट्स अवार्ड २०७३'का लागि सह-प्रायोजन सम्झौता गरेको छ। यही भदौ २६ गते नेपाल प्रज्ञा प्रतिष्ठानमा मञ्चले २०७३ सालमा खेलक्षेत्रबाट अतुलनीय योगदान गरेर नेपालको नाम अन्तर्राष्ट्रिय मञ्चमा चिनाउन मदत गर्नुहुने खेलाडी, प्रशिक्षक, खेल अधिकारी वा संस्थालाई पल्सर स्पोर्ट्स् अवार्डबाट सम्मान गर्न गइरहेको छ।




सम्झौता पत्रमा हस्ताक्षरपछि साहस स्पोर्ट्सका अध्यक्ष एवं प्रबन्ध निर्देशक जनक न्यौपाने (बायाँ) र मञ्चका अध्यक्ष महेश आचार्य।

कम्पनी शुरू भएको पहिलो वर्ष नै साहस स्पोर्ट्सले मञ्चसँग सहकार्य गरको हो। त्रिपुरेश्वरस्थित नेपाल खेलकुद पत्रकार मञ्चको कार्यालयमा सोमबार सम्पन्न कार्यक्रममा मञ्चका अध्यक्ष महेश आचार्य र साहस स्पोर्ट्सका अध्यक्ष एवम् प्रबन्ध निर्देशक जनक न्यौपानेले सम्झौतापत्रमा हस्ताक्षर गरे।

साहस स्पोर्ट्सले मञ्चलाई ३ लाख रुपियाँ बराबरीको सामग्री उपलब्ध गराउनेछ। सम्झौताअनुसार साहसले पल्सर स्पोर्ट्स अवार्ड २०७३ मा मनोनयनमा पर्ने सबै खेलाडी, प्रशिक्षक र खेलकर्मीलाई ट्र्याकसुट तथा मञ्चलाई टि-सर्ट र क्याप उपलब्ध गराउनेछ। अवार्डमा वर्षका उत्कृष्ट खेलाडी पुरुष, महिला, युवा, प्रशिक्षक, पिपुल्स च्वाइस, पारा एथ्लिट, स्पेसल अवार्ड र लाइफटाइम अचिभमेन्ट अवार्ड विधा रहेका छन्। यसअघि नै पिपुल्स च्वाइस अवार्डको मनोनयन सार्वजनिक गरिएको छ। वर्षका उत्कृष्ट पुरुष, महिला, युवा खेलाडी र प्रशिक्षकको मनोनयन पनि चाँडै सार्वजनिक गर्ने मञ्चले जनाएको छ।

# रियलले सम्भावित हार टार्‍यो




गत सिजनमा जितेको ला लिगा उपाधि आइतबार रियल मेड्रिडलाई दिएपछि खुसीयाली मनाउँदै रियलका खेलाडीहरु।

मेड्रिड, (एजेन्सी)

स्पेनिस ला लिगाअन्तर्गत खेलमा डिफेन्डिङ च्याम्पियन रियल मेड्रिडले भ्यालेन्सियासँग बराबरी खेल्दै सम्भावित हार टारेको छ।

आइतबार घरेलु मैदानमा भएको खेलमा रियल मेड्रिडले भ्यालेन्सियासँग २-२ गोलको बराबरीमा चित्त बुझाएको हो। यसअघि सिजनको पहिलो खेलमा सहज जित हासिल गरेको रियलले आफ्नै मैदानमा भ्यालेन्सियासँग बराबरी खेल्दै अंक बाँड्नुपरेको हो।

रियलले खेलको १०औं मिनेटमा शुरूआती अग्रता लिएको थियो। जारी सिजन ला लिगाको पहिलो खेलमा रातो कार्ड पाएर प्रतिबन्धमा रहेका सर्जियो रामोसको अनुपस्थितिमा पहिलो रोजाइमा परेका एसेन्सियोले रियलका लागि पहिलो गोल गरेका थिए। तर रियलको उक्त अग्रता धेरै समयसम्म टिकेन। भ्यालेन्सियाका कार्लोस सोलेरले खेलको १८औं मिनेटमा गोल फर्काएर पहिलो हाफसम्म खेललाई बराबरीको स्थितिमा राखे।

भ्यालेन्सियाका लागि डेब्यू गरेका जेफ्री कान्डोगवियाले खेलको ७७औं मिनेटमा रियलका गोलकिपर केलोर नाभासलाई विट गर्दै गोल गरेपछि रियल घरेलु मैदानमा २-१ ले पछि परेको थियो। तर एसेन्सियोले टोलीका लागि ८३औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गर्दै टोलीको उद्धार गरेका थिए। उक्त खेलमा रियललाई प्रतिबन्धमा रहेका स्टार स्ट्राइकर रोनाल्डोको आवश्यकता खट्केको थियो।

## क्याम्ब्रिज फाइनलमा

काठमाडौं, (नेस)

क्याम्ब्रिज दोस्रो ३६१ डिग्री पिस प्वाइन्ट कप अन्तरविद्यालय फुटबल प्रतियोगिताको गर्ल्समा सोमबार फाइनलमा प्रवेश गरेको छ। क्याम्ब्रिजले अभिषेक ज्ञान मन्दिर (एजीएम) लाई टाइब्रेकरमा १-० गोलले पराजित गर्‍यो। निर्धारित समयको खेल गोलरहित बराबरीमा टुंगिएको थियो। सानोगौचरणमा भइरहेको प्रतियोगिताको ब्वाइजमा आयोजक पिस प्वाइन्ट बोर्डिङ स्कुल, एक्मी, ज्ञान निकेतन र सौर्य क्वार्टरफाइनलमा पुगे। पिस प्वाइन्टले साम्भवीलाई ३-० गोलले हरायो। विजेताका तेकिन लिम्बू, अनिल चौलागाईं र विकास साउदले गोल गरे। एक्मीले काठमाडौं विनायक शिक्षालयलाई १-० गोलले हरायो। लक्ष्मण मल्लले निर्णायक गोल गरे। सुनील कुँवरको निर्णायक गोल मद्दतमा ज्ञान निकेतनले ग्लोबललाई १-० गोलले पाखा लगायो। सौर्यले काठमाडौं जेभियरको चुनौती २-० ले समाप्त पार्‍यो। कुशल श्रेष्ठ र रोहित भट्टराईले गोल गरे।

## वडा नं. १८ क्वार्टरफाइनलमा

काठमाडौं, (नेस)

वडा नं. १८ मेयर कप फुटसलमा सोमबार क्वार्टरफाइनलमा प्रवेश गरेको छ। वडा नं. १८ ले वडा नं. १३ लाई २-१ गोलले पराजित गर्‍यो। त्यस्तै टोलीले वडा नं. १७ सँग १-१ को बराबरी खेल्यो। अन्य खेलमा वडा नं. २७ ले १५ लाई ५-३, वडा नं. १६ ले २६ लाई १-०, वडा नं. ५ ले १४ लाई ७-१ तथा वडा नं. १३ ले २१ लाई ७-१ गोलले हराउँदै अन्तिम आठमा स्थान सुरक्षित गरे।

## टाइम्स र न्यु जेनिथ अन्तिम १६ मा

काठमाडौं, (नेस)

टाइम्स र न्यु जेनिथ आठौं बर्नहार्ट कप अन्तरकलेज बास्केटबल प्रतियोगिताको ब्वाइजमा सोमबार अन्तिम १६ मा प्रवेश गरेका छन्।



टाइम्सले ज्ञान निकेतनलाई ४८-४२ ले पराजित गर्‍यो। टाइम्सका निमा तेन्जिङले १८ अंक जोडे। अनिक केसीको १९ अंक सहयोगमा न्यु जेनिथले साउथ वेस्टर्नलाई ३९-३४ ले हरायो। ब्वाइजमै लिभरपुलले एसियनलाई ८१-२३, ग्रिनफिल्डले लिटिल एन्जल्स (एलए) लाई ३९-३२ तथा हवाइटहाउसले नाइटिङगेललाई ३९-२८ ले निरास पारे।

काठमाडौं बर्नहार्ट कलेजद्वारा आयोजित प्रतियोगिताको गर्ल्समा जेभियर इन्टरनेसनल कलेजले विजयी शुरूआत गरेको छ। जेभियरले एलएमाथि ५४-११ को सहज जित दर्ता गर्‍यो।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, सम्पादक: लेखनाथ अधिकारी, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ